# प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी

(जीवनी)

नइ प्रकाशन

प्रथम नारीस्रष्टा

# ललितत्रिपुरसुन्दरी

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५,४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
आवरण चित्र : ललितत्रिपुरसुन्दरी
चित्रकार : इन्द्र खत्री
(राष्ट्रिय सङ्ग्रहालय र त्रिपुरेश्वर महादेव मन्दिरमा स्थापित रानी ललितत्रिपुरसुन्दरीको सालिकको अवलोकनका साथै उनको अनुहारबारे सुन्दरानन्द बाँडाकृत 'त्रिरत्न सौन्दर्य गाथा'मा 'साक्षात् भगवती जगदम्बा' र वाणिविलास पाण्डेद्वारा 'बहुत सौंदर्यले युक्त भयाका कैलासविषे विराजमान भयाकी साक्षात् पार्वती जस्ता सुन्दरी' लेखिएका आधारमा ललितत्रिपुरसुन्दरीको मुहार अङ्कित चित्र नरेन्द्रराज प्रसाईको परिकल्पना तथा निर्देशनमा इन्द्र खत्रीद्वारा निर्मित भएको हो । नइ प्रकाशनबाट ललितत्रिपुरसुन्दरीको मुहार अङ्कित चित्र प्रकाशनमा आउनुअघि उनको चित्र बनेको थिएन ।)
संशोधक : डा. शैलेन्दुप्रकाश नेपाल तथा लवप्रसाद भण्डारी
पहिलो संस्करण : २०६४ साल
दोस्रो संस्करण : २०६४ साल (ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म'मा समाहित)
तेस्रो संस्करण : २०७८ साल (परिमार्जित)
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : ५६
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०६४ साल (2007A.D.)
ISBN:978-99946-773-8-2
A Biography of Lalit Tripursundari by Narendra Raj Prasai

मलाई पढ्न, लेख्न र बढ्न सिकाउने
मेरी पूज्य दिदी नीरा सिटौलालाई
समर्पित !

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक कार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित साढे छ दर्जनभन्दा बढी कृतिमध्ये दुई दर्जनभन्दा बढी जीवनीकृति प्रकाशित भइसकेका छन् भने सात सयवटाभन्दा बढी फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

जीवनीसाहित्यअन्तर्गत प्रसाईबाट प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक कृति ऐतिहासिक दस्तावेजको प्रस्तुति हो । प्रस्तुत कृतिले एकातिर ललितत्रिपुरसुन्दरीको लेखनयात्रालाई छर्लङ्गै पारेको छ भने अर्कातिर उनको राजकीय नालीबेली पनि सकेसम्म राम्ररी समेटेको छ ।

महाभारत शान्तिपर्वको 'राजधर्म'मा ललितत्रिपुरसुन्दरीले रसिलो नेपाली भाषा प्रयोग गरेको पाइन्छ । त्यस कृतिको अनुवाद, लेखनले नै उनको व्यक्तित्वलाई अजर र अमर बनाएको छ ।

ललितत्रिपुरसुन्दरीको तस्बिरका सन्दर्भमा काठमाडौँको राष्ट्रिय सङ्ग्रहालय र त्रिपुरेश्वर महादेव मन्दिरमा स्थापित रानी ललितत्रिपुरसुन्दरीको सालिकको अवलोकनका साथै उनको अनुहारबारे सुन्दरानन्द बाँडाकृत 'त्रिरत्न सौन्दर्य गाथा'मा 'साक्षात् भगवती जगदम्बा' र वाणिविलास पाण्डेद्वारा 'बहुत सौंदर्यले युक्त भयाका कैलासविषे विराजमान भयाकी साक्षात् पार्वती जस्ता सुन्दरी' लेखिएका आधारमा ललितत्रिपुरसुन्दरीको मुहार अङ्कित चित्र नरेन्द्रराज प्रसाईको परिकल्पना तथा निर्देशनमा इन्द्र खत्रीद्वारा निर्मित भएको हो । नइ प्रकाशनबाट ललितत्रिपुरसुन्दरीको मुहार अङ्कित चित्र प्रकाशनमा आउनुअघि उनको चित्र बनेको थिएन ।

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि गौरवको अवसर हो ।

• नइ प्रकाशन

# विषयसूची


११ : प्रथम नारी स्रष्टा ललितत्रिपुरसुन्दरी : **गोविन्द भट्ट**
१९ : **लेखकीय**
३१ : ललितत्रिपुरसुन्दरीको जीवनको झलक
३९ : ललितत्रिपुरसुन्दरीको लेखनयात्रा
४६ : ललितत्रिपुरसुन्दरीको भाषाशैली
५४ : ललितत्रिपुरसुन्दरीको 'राजधर्म'को विवाद साम्य
६४ : ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत
७८ : ललितत्रिपुरसुन्दरीको राजकाज
८५ : ललितत्रिपुरसुन्दरीको समाजसेवा
९५ : ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ
१०४ : सन्दर्भस्रोत
१०६ : लेखक परिचय

# प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी

## गोविन्द भट्ट

(ललितत्रिपुरसुन्दरीबारे क्रमश: 'नेपाली' र 'शारदा'मा छापिएका मेरा लेख पढेर अमर प्राज्ञ गोविन्द भट्टले मलाई पत्र पठाउनुभयो । प्राज्ञ भट्टको त्यही चिठी भूमिकाका रूपमा मैले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'मा प्रस्तुत गरेको छु । यस कृतिमा श्री भट्टबाट प्राप्त चिठी भूमिकाका रूपमा राख्न पाउँदा मलाई गौरवीबोध भएको छ । वास्तवमा गोविन्द भट्टको अत्यन्तै सारपूर्ण चिठीले यस कृतिको पनि गरिमा बढेको मैले महसुस गरेको छु । • नरेन्द्रराज प्रसाई)

श्री नरेन्द्रराज प्रसाई
अभिवादन !

मैले मदन पुरस्कार गुठीबाट प्रकाशित 'नेपाली' त्रैमासिक (२०६३ कात्तिक, मङ्सिर र पुस) को अङ्क १८९ मा 'ललितत्रिपुरसुन्दरी' भन्ने तपाईंको प्रबन्ध र त्यससँगै रहेको सम्पादकीय टिप्पणी पनि हेर्न पाएको थिएँ । हामीकहाँ महारानी ललितत्रिपुरसुन्दरीका बारेमा साहित्यिक दृष्टिबाट त्यति उल्लेख वा चर्चा हुन नसकेको परिप्रेक्ष्यमा तपाईंबाट 'अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की सर्जक हुन् भन्ने ठोकुवा' गरेर निकै खोजअनुसन्धान र तर्कप्रमाणसहित लेखिएको सो प्रबन्ध 'पठनीय र सूचनामूलक' रहेको कुरा प्रसिद्ध विद्वान् तथा अन्वेषक श्री कमल दीक्षितले आफ्नो त्यस सम्पादकीय टिप्पणीमा विशेष रूपबाट औँल्याउनुभएको रहेछ । यो बेहोरा यौटा युक्तिसङ्गत निष्कर्ष नै हो भन्ने मलाई लाग्यो । त्यसमा स्वयं जगदम्बा प्रकाशनले

२०१९ सालमा 'राजधर्म' प्रकाशित गर्दा त्यसको लेखक (अनुवादक) बारे पक्कापक्की केही भनिहाल्ने साहस गर्न नसकेको अवस्थाको पनि स्मरण गर्दै श्री दीक्षितले अहिले आएर यस विवादास्पद विषयको टुङ्गो लगाइदिने दिशामा तपाईंले देखाउनुभएको अठोट र गर्नुभएको ठोस योगदानलाई सहर्ष स्वीकार गर्नुभएको छ । वहाँजस्तो विद्वान् अन्वेषकको यस मन्तव्यले पनि नेपाली साहित्यमा विवादास्पद भएर लामो कालदेखि रहिआएको एक महत्त्वपूर्ण विषयको अनुसन्धानमा तपाईंले प्राप्त गर्नुभएको सफलताको उच्च मूल्याङ्कन हुन पुगेको छ । 'शारदा' मासिक (२०६३ चैत) को वर्ष १, अङ्क ३ मा पनि तपाईंको सोही अनुसन्धानात्मक निबन्ध दोहोऱ्याएर पढेपछि तपाईंलाई धन्यवाद दिन भनेर यो पत्र लेखेको हुँ ।

मैले चिनेजानेका आजका केही नारीस्रष्टाहरू र अन्य त्यस्तै दुईचार शिक्षित महिलाहरूका बीच पनि तपाईंको 'ललितत्रिपुरसुन्दरी' विषयक लेखले निकै उत्सुकता र उत्साह जगाइदिएको र त्यसबारे प्रशस्त चर्चा भएको देखे, सुनेपछि यहाँ मलाई पनि केही भन्न मन लाग्यो ।

यसअघि पनि तपाईंले निकै परिश्रमसाथ अध्ययनअनुसन्धान गरेर अऊसम्म ओझेलमा परेका वा पारिएका अनेकौँ नेपाली स्रष्टा, गीतकार, सङ्गीतकार, अन्य कलाकार आदिका जीवनी र कृतिहरूबारे महत्त्वपूर्ण तथ्यहरूसहित अनेकौँ पुस्तक प्रकाशित गरिसक्नुभएको छ र ती सबै नै हाम्रो कला तथा भाषासाहित्यको संवर्धन गर्नमा उपयोगीसिद्ध भएका छन् । तीमध्येका केहीमा तपाईंले प्रस्तुत गर्नुभएका व्याख्या वा विश्लेषणसित म सहमत हुन नसके पनि र केही ठाउँहरूमा तपाईंको दृष्टिकोणसित मेरो गम्भीर मतभेद रहे पनि सधैँ नयाँनयाँ कुराहरूको अध्ययनअन्वेषणमा अथक जाँगरसाथ जुटिरहँदै तिनलाई जनसमक्ष पुऱ्याइरहने अटुट क्रियाशीलता नेपाली भाषासाहित्य र कलाप्रतिको असीम आसक्ति

र राष्ट्रभक्तिको भावनाजस्ता तपाईंका गुणहरूको भने म अघिदेखि नै प्रशंसक रहिआएको हुँ ।

यसै क्रममा फेरि केही नयाँ तथ्यहरूको उद्‌घाटन गर्दै नेपाली इतिहास र साहित्यकी एक चर्चित पात्र ललितत्रिपुरसुन्दरीबारे तपाईंले प्रकाशित गर्नुभएको यस गहकिलो लेखले उनका राजनैतिक र प्रशासकीय व्यक्तित्वका साथै मानवीय व्यक्तित्वका बहुआयामिक पक्षहरूको पनि संक्षिप्त चर्चा पाएको छ । त्यसपछि उनको साहित्यिक व्यक्तित्वका विशिष्टताहरूमा विशेष जोड दिएर तपाईंको लेखनीले उनलाई नेपाली साहित्यको आदिकवयित्रीका रूपमा प्रस्तुत गरेको छ । ललितत्रिपुरसुन्दरीको जीवनी र साहित्यका विषयमा यसअघि पनि अनेकौँ विद्वान्हरूले यदाकदा फुटकर रूपबाट चर्चा नगरेका होइनन् तर यसरी आफ्नो मान्यताका पक्षमा विस्तारपूर्वक अनेकौँ सान्दर्भिक स्रोत र साधनहरूबाट उद्धरण दिँदै र त्यसबारे उठाइएका विभिन्न शङ्काउपशङ्काहरूलाई तथ्य र तर्कका आधारमा खण्डन गर्न खोज्दै ती कवयित्रीबारे लेखिएको यस्तो रचना मैले यसअघि पढ्न पाएको थिइनँ ।

म कुनै इतिहासविद् वा अन्वेषक होइन; म त एक नेपाली इतिहास र साहित्यको सामान्य पाठक मात्र हुँ । त्यसैले ममा यस्ता विषयहरूबारे आधिकारिक टिप्पणी गर्ने कुनै ज्ञान वा क्षमता छैन र मेरो अध्ययन पनि सीमित रहेको छ । तर एक नेपालीका रूपमा बेलाबखत मेरा मनमा पनि हाम्रा वास्तविक आदिकवि वा आदिकवयित्री को थिए ? विगतको सुदूर इतिहासमा हाम्रो भाषा र साहित्यका लागि तिनले गरेका विशिष्ट योगदानहरू केकस्ता थिए ? तिनका कृतिहरू केके हुन् ? जस्ता अनेकौँ प्रश्नहरू र जिज्ञासा उठ्ने गरेका हुन् । हाम्रा आदिकविबारे त अहिले यौटा सामान्य सहमति बनिसकेको देखिन्छ तर नेपाली भाषाकी आदिकवयित्रीबारे भने हामीकहाँ अऊसम्म अनौपचारिक चर्चाबाहेक वस्तुनिष्ठ खोज वा गम्भीर विचारविमर्शसम्म हुन सकेको पाइन्न । त्यसैले पनि

होला, ललितत्रिपुरसुन्दरीविषयक तपाईंको लेख त्यसतर्फको यौटा अत्यन्त स्वागतयोग्य प्रयास हुन पुगेको छ र यसरी त्यस लेखले व्यापक नेपाली पाठकहरूमा नवीन जिज्ञासा, उत्सुकता र उत्साह जगाइदिनुको मूल कारण पनि त्यही नै हो ।

अऊसम्मको व्यवहार हेर्दा नेपालका नारीस्रष्टाहरू अझै पनि नेपाली साहित्यमा दोस्रो दर्जाका नागरिक मात्र ठानिएका छन् र हाम्रा विद्वान् इतिहासकार र अन्वेषकहरूले औपचारिकतामा बाहेक तिनको व्यक्तित्व र कृतित्वप्रति समुचित ध्यान दिन सकेको पाइन्न । के यो पनि पुरुषप्रधान नेपाली समाजले झैं पुरुषप्रधान नेपाली साहित्यले पनि आफ्ना महिला सहकर्मीहरूप्रति गरेको तिरस्कार वा महत्ता प्रदर्शन त होइन ? यस दृष्टिबाट पनि मैले आदिकवयित्रीबारे तपाईंको लेखलाई एक सकारात्मक प्रयास मानेर त्यसको स्वागत गरेको हुँ ।

कुनै ऐतिहासिक घटना वा व्यक्तित्वबारेका यस्ता विश्लेषण, मूल्याङ्कन वा निष्कर्ष विद्वान्हरूका माझ सधैं नै वादविवादको मामिला बन्ने गर्दछन् र यो अस्वाभाविक कुरो पनि होइन । एक महत्त्वपूर्ण तर अऊसम्म अनिर्णित अवस्थामा झैं रहिआएको विषयबारेको तपाईंको यस लेखले पनि केही वादविवाद उत्पन्न गर्न सक्नेछ र त्यो पनि हाम्रो भाषासाहित्यको स्वस्थ विकासका लागि यौटा रचनात्मक योगदान नै हुनेछ । विलियम शेक्सपियर (सन् १५६४–१६१६) जस्ता विश्वसाहित्यका सर्वाधिक चर्चित र सुप्रतिष्ठित स्रष्टाका व्यक्तित्व र कृतित्वहरूको सत्यताबारे नै विगत तीन शताब्दीभन्दा बढी समयदेखि चर्को वादविवाद चल्दै आएको छ र त्यो छिटै टुङ्गिने सम्भावना पनि देखिन्न । यो त अङ्ग्रेजी साहित्यको गतिशीलता र जीवन्तताको यौटा प्रत्यक्ष प्रमाण हो । यता हाम्रै नेपालमा पनि आदिकवि भानुभक्तलगायत अन्य कैयौं पुराना स्रष्टाहरूबारे नयाँनयाँ प्रश्नहरू उठिरहेका छन् र अझै गहिरिएर तिनका विषयमा अध्ययनअनुसन्धान हुन थालेको छ । त्यसै गरी

विश्वसाहित्यका अन्य स्रष्टाहरूबारे पनि विभिन्न मतमतान्तरहरू रहिरहेकै पाइन्छ । यो त प्राज्ञिक स्वतन्त्रता, बौद्धिक प्रौढता र सिर्जनात्मक गतिशीलताको पहिचान हो र नेपालमा पनि हामीले यस्तो परम्पराको विकास गर्नुपरेको छ । तपाईंले यसरी ललितत्रिपुरसुन्दरीलाई नेपाली भाषा र साहित्यकी प्रथम नारीस्रष्टाका रूपमा प्रस्तुत गर्न खोज्नु पनि त्यस दिशामा यौटा निकै आँटिलो र प्रशंसनीय कार्य हो ।

अब तपाईंले ललितत्रिपुरसुन्दरीलाई चर्चामा ल्याइदिएपछि त उनका विषयमा अझै गहन अध्ययन र अनुसन्धान गर्नु आवश्यक हुन गएको छ । अहिलेसम्म देशभित्र र बाहिरका इतिहासकारहरूले उनको राजनैतिक जीवन, पच्चिस वर्ष लामो नायबी शासनकाल र त्यसमा भएका गतिविधिहरूबारे प्रशस्त लेखिसके पनि उनको साहित्यिक र बौद्धिक पक्षमा भएका अध्ययन र अनुसन्धानहरू भने अपर्याप्त नै रहेका छन् । नेपालको सर्वोच्च शासक रहेको शाही परिवारकी एक शक्तिशाली सदस्य भएबाट पनि उनको व्यक्तित्व विवादग्रस्त रहँदै आएको छ र उनका समर्थक तथा विरोधी दुवैले आआफ्ना पूर्वाग्रहका आधारमा उनको अतिशयोक्तिपूर्ण प्रशंसा वा अतिरञ्जित निन्दा गरेका छन् । तर त्यो विषय राजनैतिक इतिहासकारहरूको अधिकारक्षेत्रको कुरा भएकाले त्यस्ता कुराहरूको निर्णय गर्ने दायित्व उनीहरूलाई नै सुम्पँदै अहिले हामीले यहाँ मूलत: उनको प्राज्ञिक वा साहित्यिक पक्षमा मात्र केन्द्रित रहनु युक्तिसङ्गत हुनेछ । दुक्खको कुरा के भने विगत इतिहासको मूल्याङ्कन गर्ने सम्बन्धमा हाम्रो दृष्टिकोण अझै पनि विभिन्न किसिमका जातीय, धार्मिक वा वैचारिक दुराग्रहहरूबाट मुक्त हुन सकेको छैन र त्यसैले हाम्रा कतिपय निर्णय वा निष्कर्षहरू पनि एक पक्षीय र अपूर्ण नै रहने गरेका छन् । हजारौँ वर्षदेखिको सामन्ती संस्कृतिको एकछत्र प्रभाव र प्रजातान्त्रिक, वैज्ञानिक संस्कृतिको सर्वथा अभाव रहेको पछौटे अवस्थाले गर्दा नै त्यस्तो हुने गरेको हो । इतिहासका घटनाहरूको विश्लेषण र व्याख्या ठोस

तथ्यका आधारमा र त्यसका प्रभावशाली व्यक्तित्वहरूको मूल्याङ्कन, तिनले गरेका काम र योगदानहरूको मापदण्डअनुसार गर्नु नै तर्कसङ्गत सिद्धान्त भएकाले इतिहासको यो नियम ललितत्रिपुरसुन्दरीमा पनि लागू हुन पुग्दछ ।

अऋसम्म प्राप्त सामग्रीहरूका अनुसार ललितत्रिपुरसुन्दरीले 'राजधर्म'को शीर्षक दिएर 'महाभारत'को अनुशासन पर्वको नेपाली भाषामा अनुवाद गरेकी थिइन् । त्यस बखतको नेपालमा संस्कृत साहित्यका धार्मिक ग्रन्थहरूको अनुवाद गर्ने र तिनका नीति नियमहरूको प्रचारप्रसार गराउने परम्पराका परिप्रेक्ष्यमा नै त्यो रचना तयार गरिएको थियो । जेलिँदै गएको आन्तरिक सत्तासङ्घर्ष र बाह्य परिस्थितिको कठोर चापमा परेर नेपालको राजनीति अस्तव्यस्त एवं दिशाहीन हुन सक्ने खतराका सामु एक आदर्श राज्यव्यवस्थाका नीतिनियम र उपदेशहरू दिने त्यस महत्त्वपूर्ण ग्रन्थको आवश्यकता पनि महसुस भइरहेको थियो । आजभन्दा डेढदुई शताब्दीअगाडि नै त्यस्तो सुप्रसिद्ध कृतिको नेपाली भाषामा अनुवाद गरिनु, अऋ त्यसमाथि एक महिला स्रष्टाको नाउँसित गाँसिएर त्यो देखा पर्नु भनेको स्वयंमा यौटा ऐतिहासिक घटना नै हुन पुगेको थियो । त्यस 'राजधर्म'को गद्यानुवादका साथै सो कृतिको प्रारम्भ र अन्त्यमा भक्तिभावपूर्ण आध्यात्मिक कवितांशहरू पनि रहेका छन् । त्यस समयका अन्य दिग्गज गद्यकार र कविहरूको पङ्क्तिका बीच एक महिला स्रष्टाका रूपमा ललितत्रिपुरसुन्दरी मात्र देखा पर्दछिन् र उनीभन्दा अघि नेपाली भाषामा अरू कुनै नारीस्रष्टा रहेको कुरा अऋसम्म पत्तो लागेको छैन । त्यसबाहेक अऋै गुणात्मक दृष्टिबाट उनको गद्यलेखन र काव्यरचनाका भाषाशैली र प्रस्तुतीकरणमा पाइने सरलता, सहजता र मधुरताको उच्च मूल्याङ्कन गरेर हाम्रा केही सुप्रसिद्ध समीक्षक र अन्वेषकहरूले ललितत्रिपुरसुन्दरीको 'राजधर्म'लाई यौटा ऐतिहासिक उपहार र नेपाली वाङ्मयको गौरवका रूपमा स्वीकार गरिसकेका छन् ।

दुईअढाई दशकले मात्र अघिपछि गरी जन्मेका र बितेका आदिकवि भानुभक्त आचार्य (संवत् १८७१–१९२५) र प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी (संवत् १८५०–१८८८) का बीच केही रोचक समानता पनि पाइन्छ । ती दुवै स्रष्टा नेपाली इतिहासको एक अशान्त अवधिमा उत्पन्न भएका थिए र ती दुवैले प्राचीन हिन्दूधर्म र दर्शनलाई आफ्नो साहित्यरचनाको मूल प्रेरणा बनाए । अध्यात्मवादबाटै राष्ट्रका सबै समस्या र सङ्कटहरूको समाधान पाउन सकिन्छ भन्ने परम्परावादी मान्यतामा उनीहरूको गहन आस्था रहेको थियो । भानुभक्तले 'रामायण'लाई र ललितत्रिपुरसुन्दरीले 'महाभारत'लाई आफ्नो अनुवाद र अन्य रचनात्मक कार्यहरूको आधार माने । सर्वत्र संस्कृतको आधिपत्य र प्रचलन रहेको त्यस युगमा बोलीचालीको सामान्य शैलीमा लेखेर नेपाली भाषाको आधुनिकीकरण, परिष्कार र प्रचारप्रसार गर्ने दिशामा भानुभक्त र ललितत्रिपुरसुन्दरीको महत्त्वपूर्ण योगदान रहेको छ । ब्राह्मणकुलमा जन्मेका भानुभक्त आफ्नो जातीय संस्कारबाटै धर्मशास्त्री र कवि हुन पुगे भने राजकुलकी ललितत्रिपुरसुन्दरी राज्यसञ्चालनको व्यस्तताका बीच केही समय झिकेर लेखपढ गर्न पाउने एक विदुषी मात्र थिइन् र उनको मृत्यु पनि अल्पायुमै भएको थियो । तर उनी एक लेखिका र कवयित्रीका रूपमा मात्र उल्लेखनीय छैनन् । उनी अरूहरूलाई पनि लेख्न, पढ्न प्रेरित गर्ने; पुस्तक, शिलालेख आदि प्रकाशित गराउने; पुस्तकालय खोल्ने र पुस्तक दान दिनेजस्ता विभिन्न बौद्धिक क्रियाकलापहरूका लागि पनि चर्चित थिइन् र शिक्षाप्रचार तथा नेपाली भाषा र साहित्यको संवर्धन गर्नमा पनि उनको योगदान स्मरणीय रहेको छ भन्ने कुरा विद्वान्हरूले उल्लेख गरेको पाइन्छ ।

यसै प्रसङ्गमा हाम्रा केही विद्वान् लेखकहरूले यदाकदा 'राजधर्म'को अनुवादक र रचनाकालबारे विभिन्न प्रश्नहरू उठाएको कुरा पनि मैले कतै पढेको थिएँ । उनीहरूले त्यो अनुवाद ललितत्रिपुरसुन्दरी आफैँले नगरेर अरूबाट गराएको वा अरू कसैले

त्यो श्रद्धावश उनलाई चढाएको, 'राजधर्म'की अनुवादक उनी नभएर त्यस्तै नाउँकी अरू कुनै रानी भएको हुन सक्दछ भन्ने शङ्काउपशङ्काहरू पनि प्रकट गरेका छन् । तर आफ्नातर्फबाट तपाईंले त्यसको उत्तर पनि विभिन्न तर्क र तथ्यहरूद्वारा दिनुभएको रहेछ । कुरा के हो भने, अहिले हाम्रो देशका अधिकांश प्रतिष्ठित विद्वान् तथा साहित्यसंस्थाहरूले ललितत्रिपुरसुन्दरीलाई नै 'राजधर्म'का सक्कली अनुवादक र लेखिकाको मान्यता दिइसकेको अनि उनका अनुवाद र कविताबारे शङ्कासंन्देह गर्नेहरूबाट पनि कुनै ठोस प्रमाण जुटाउन नसकिएको वर्तमान अवस्थामा अब त्यस्ता प्रश्नहरू प्राज्ञिक बहसको विषय मात्र हुन पुगेझैं लाग्दछ । तर यसका साथै, यो यौटा अनुसन्धान र प्राज्ञिक अध्ययनको विषय पनि भएकाले भविष्यमा त्यसबारे अझै नयाँनयाँ तथ्यहरू फेला पर्दै जाने सम्भावनालाई पनि त्यसै नकार्न सकिन्न ।

तपाईंले ललितत्रिपुरसुन्दरीजस्ता ऐतिहासिक व्यक्तित्वका साथै देशबाहिर रहेका नेपाली प्रतिभाहरूलाई पनि संलग्न गरी हाम्रा ५२ जना नयाँ पुराना नारीस्रष्टाहरूको सचित्र जीवनीसङ्ग्रह, चित्रचिनारीसङ्ग्रह र चित्रात्मक पोस्टरहरू प्रकाशित गरेर आजका नेपाली महिलाहरूको जागरण अभियानमा केही नैतिक बल प्रदान गर्नुभएको छ । यो प्रशंसनीय कार्यका लागि तपाईंलाई मेरो हार्दिक धन्यवाद छ । भविष्यमा पनि तपाईंबाट यस्ता रचनात्मक र सिर्जनात्मक कार्यकलापहरूले निरन्तरता पाइरहून् । 'नेपाली' त्रैमासिक, 'शारदा' मासिक र तपाईंको नवीनतम पुस्तक 'नारीचुली'मा तपाईंद्वारा लेखिएको प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीबारेका मेरा केही विचारहरू अहिलेलाई यत्ति नै हुन् । धन्यवाद !

भवदीय
**गोविन्द भट्ट**

खुर्सानीटार, लाजिम्पाट (काठमाडौँ)
२०६४ वैशाख २८ गते

# लेखकीय

नेपाली भाषासाहित्य संसारमा लडीबुडी खेल्दै जाँदा मैले नारीस्रष्टाविषयक अभिलेख 'नारीचुली' पनि प्रकाशनमा ल्याउन सकेँ । 'नारीचुली'ले मलाई नेपाली नारीस्रष्टाबारे आँखा नै खुलाइदिएको मैले महसुस गरेँ । वास्तवमा 'नारीचुली' परिकल्पना गर्नुभन्दा अघि मैले ललितत्रिपुरसुन्दरीलाई बोक्रेबोक्रे मात्रै अध्ययन गरेको थिएँ । 'नारीचुली'मा पुगेपछि मैले ललितत्रिपुरसुन्दरीको पनि जीवनगाथाको पूर्ण अध्ययन गर्नुपर्ने मेरो मुख्य दायित्व रहेको महसुस गरेँ । अनि म क्रमशः यस दिशातिर उन्मुख पनि भएँ । अन्ततः सुन खोज्दै जाँदा मैले मोती नै पनि फेला पारेँ । यदि म हतोत्साहको पिँजडामा परेको भए मैले ललितत्रिपुरसुन्दरीलाई यस रूपमा भेट्न नै सक्तिन थिएँ । वास्तवमा ललितत्रिपुरसुन्दरीको जीवनीले पनि 'नारीचुली'को गरिमा, उचाइ र शोभा बढाएको मैले अनुभूति सँगालेको छु ।

म जसरी बाल्यकालदेखि नै मेरी आमा भागीरथा प्रसाईको वात्सल्यको प्रेरणाले जागरूक हुन्थेँ त्यसरी नै सचेत भएपछि पनि मातृजातिप्रति मेरो विशेष आदरभाव रह्‍यो । यिनै परिप्रेक्ष्यमा नेपाली समाजमा दोस्रो दर्जाको नागरिकसरहको उपेक्षा भोग्न बाध्य नारीजातिबारे केही गर्नुपर्छ भन्ने अन्तर्ध्वनिले मलाई घचघच्याइरह्‍यो । यसै भावनाको परिणतिस्वरूप म नेपाली साहित्यका नारीचुलीमा डुबेँ । अरू नारीचुलीकै क्रममा आदिकवि भए भने आदिकवयित्री

पनि कोही त थिए भन्ने प्रश्नले मेरो हृदयमा जरा गाड्यो। अन्ततः आफ्नै अन्तस्करणले खोजेको प्रश्नको जबाफ पाउन मैले आदिकवयित्रीबारे अनेक खोज गरेँ। अनि मेरो त्यही खोजको निष्कर्ष हो 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'।

खास गरेर 'नारीचुली' लेख्ने सिलसिलामा म आबद्ध हुँदा ललितत्रिपुरसुन्दरी मेरो हृदयमा आएर टुक्रुक्कै बसिन्। नेपाली भाषासाहित्यमा पहिलो चोटि कलम चलाउने नारी नै ललितत्रिपुरसुन्दरी हुन् भन्ने धेरैले धेरै वर्षदेखि धेरै कुरा लेखेका थिए। इतिहासलाई स्वच्छ, पवित्र र निष्पक्ष रूपमा प्रस्तुत गर्नु प्रत्येक लेखकको लेखकीय धर्म पनि हुन जान्छ। यही धर्मको आडमा हिँड्दा ललितत्रिपुरसुन्दरीलाई कुन प्रकारले प्रस्तुत गरौँ भन्ने जागृति मभित्र पनि आयो। तर यस विषयमा निष्कर्षहीन भएर धेरै दिनसम्म पनि म रनभुल्लमा नै परेँ। ललितत्रिपुरसुन्दरीलाई सङ्क्षिप्त रूपमा लेखौँ भने प्रथम नारीस्रष्टाका विषयमा हेलचेक्र्याइँ गरेझैँ ठहर्ने र पूर्ण रूपमा लेखौँ भने यथेष्ठ सामग्री नपाइने सम्भावना थियो; तर पनि यस कार्यका लागि म निराश भइनँ। त्यस विषयक सामग्री जुटाउन म एकनासले हिँडिरहेँ। जहाँ इच्छा त्यहाँ उपाय भनेझैँ म जतिजति अगि बढेँ त्यतित्यति मैले सामग्री फेला पनि पार्दै जान थालेँ। अन्ततः मैले 'नारीचुली'की एक चुलीमा ललितत्रिपुरसुन्दरीलाई पनि उभ्याउन पाएँ। त्यस घडी 'नारीचुली' साङ्गोपाङ्ग पार्न मैले जेजति मिहिनेत गरेँ ती बेहोराले अहिले मलाई निक्कै नै आत्मसन्तुष्टि प्राप्त भएको छ।

'नारीचुली' लेख्ने क्रममा मैले ललितत्रिपुरसुन्दरीविषयक सामग्री 'नारीचुली'का लागि चाहिँ आवश्यकताभन्दा बढी नै फेला पारेँ। वास्तवमा मेरो यो कमाइ पनि धेरै वर्षको नै थियो। तर 'नारीचुली'को पनि आफ्नै किसिमको सीमा, ढाँचा र प्रस्तुति थियो। 'नारीचुली'अन्तर्गत आदिकवयित्रीको कथालाई पनि अरू स्रष्टा

बराबरी मात्रै बाँड्नुपर्थ्यो । मैले आफैंले बनाएका सीमाङ्कनका कारण 'नारीचुली'भित्रै ललितत्रिपुरसुन्दरीबारे पाइएका, भेटिएका र देखिएका अन्य थप वस्तुलाई यथेष्ठ र पूर्ण रूपले वर्णन गर्न मिलेन । त्यसैले त्यस बखतदेखि उनीविषयक फेला पारेका सामग्री मैले जतन गरी राखेँ । साथै त्यस कार्यले मलाई मनमनै वचनबद्ध गरायो– 'नेपाली भाषासाहित्यकी नारीगजुरका विषयमा म बेग्लै किताब निकाल्ने प्रयत्न गर्छु ।' वास्तवमा मेरो हृदयान्तरको अठोटले यस विषयमा साकार रूप लियो । अन्तत: मैले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'लाई सग्लो जीवनी ग्रन्थमा उभ्याएँ ।

•

नेपालको साहित्यिक इतिहासलाई हेर्दा नेपाली साहित्यमा पहिलोपल्ट कलम चलाउने नारी व्यक्तित्व ललितत्रिपुरसुन्दरी हुन् । उनले संस्कृत भाषामा लेखिएको 'महाभारत' शान्तिपर्वअन्तर्गतको अनुशासनपर्वको सरल नेपाली भाषामा अनुवाद गरिन् र त्यसलाई 'राजधर्म'का नाउँबाट प्रस्तुत गरिन् । जसरी रानी ललितत्रिपुरसुन्दरीले त्यस युगमा नेपाली भाषामा रचनाको औपचारिक शङ्खनाद गरिन् त्यसै गरी हीरा गाइनेनी (?) पनि पहिलो चोटि गीतिकविता प्रस्तुत गरेर नेपाली गीतगायनकी गजुरका रूपमा चर्चित भएकी थिइन् भनिन्छ[१] । सर्वत्र संस्कृत भाषाले रङ्गिएको त्यस बेलाको नेपालमा

१. हर्वर्ट एडवार्डले हेनरी लरेन्सको जीवनी लेख्ने क्रममा नेपालका माथबरसिंह थापाका विषयमा कुनै करिया हीराले स्तुतिगीत गाएको प्रसङ्गमा हीरालाई Singer लेखेका आधारमा उत्तम कुँवरले 'नेपाली' त्रैमासिक पूर्णाङ्क १७, संवत् २०२० कात्तिक, मङ्सिर, पुस अङ्कमा हीराले गाएको गीत अनुवाद गर्ने क्रममा 'हीरा'लाई स्त्रीका रूपमा प्रस्तुत गरेका छन् । हर्वर्टले हीरालाई प्रस्ट रूपमा नारी वा पुरुष नलेखे तापनि हर्वर्टको हीराप्रतिको झिनो सङ्केतचाहिँ नारी भएका आधारमा उत्तम कुँवरले हीरालाई खुलस्तै रूपमा नारी अर्थात् गाइनेनी उल्लेख गरेको देखिन्छ । त्यही आधारलाई पछ्याएर कमल दीक्षितले पनि 'बुइँगल' (चौथो संस्करण : २०५०) मा हीरा गाइनेनी लेखेका छन् । 'बुइँगल'मा कमल दीक्षित लेख्छन्– 'विदेशी भाषाको माध्यमबाट यस सङ्ग्रहमा भित्रिन पुगेकी हीराको थरघरको केही पत्तो पाइँदैन । हेनरी लरेन्सको जीवनी लेख्ने क्रममा नेपालको राजकाजको वर्णन गर्दा सर हर्वर्ट एडवार्डले माथबरसिंहको

नेपाली भाषाका माध्यमबाट अगाडि बढेका स्रष्टाको त्यस घडी धेरैले स्तुति गाएका थिए । खास गरेर पण्डित सुन्दरानन्द बाँडा ललितत्रिपुरसुन्दरीको जय गरेर थाकेनन् । उनले 'त्रिरत्न सौन्दर्यगाथा'मा श्री ५ महारानी ललितत्रिपुरसुन्दरीलाई साक्षात् देवी नै भनेका छन् ।

ललितत्रिपुरसुन्दरी नेपाली भाषामा लेख्ने प्रथम नारीमा देखा परिन् । उनले पनि गच्छेअनुसारको सङ्घर्ष नै खेपेकी थिइन् । एकातिर उनले बाल्यकालमा नै वैधव्य ग्रहण गर्नुपऱ्यो भने अर्कातिर क्रमशः छोरानातिको राजगद्दी जोगाउन धेरै कसरत पनि गर्नुपऱ्यो । उनी राजगद्दीकी नायब थिइन् । त्यसै कारण पनि उनी संस्कृत भाषामा भएको 'राजधर्म'लाई नेपाली भाषामा अनुवाद गरी जनमानसमा त्यसको महिमा पुऱ्याउन उद्यत भइन् । यसै सिलसिलामा उनले कविता पनि लेखेकी थिइन् । साथै त्यस बेला उनले लेखेका स्तोत्र पनि पाठ गरिन्थे । त्यसैले हालसम्म प्राप्त तथ्यअनुसार नेपाली भाषामा पहिलो चोटि कविता लेख्ने नारीस्रष्टामा पनि ललितत्रिपुरसुन्दरीकै नाउँ कायम भयो । यस स्थितिमा नेपाली नारीसाहित्यसृजनाको प्राथमिक उद्बोधन ललितत्रिपुरसुन्दरीबाट भएको देखिन्छ ।

•

निक्कै वर्ष लगाएर मैले ललितत्रिपुरसुन्दरीको अभिलेख तयार गरेँ । त्यस अभिलेखलाई मैले सङ्क्षिप्त जीवनीको ढाँचा दिएँ र त्यो सर्वप्रथम कमल दीक्षितलाई सुनाएँ । मेरो लेख सुनेर उनी छक्क

---

पनि बयान गरेका छन् । त्यसै सिलसिलामा माथबरसिंहको गुणगान गर्ने भनी यी गायिकाको नाम आएको छ । यिनका गीतको गेडा, बोली के थियो हामीलाई थाहा छैन । त्यसको भावसम्म मात्र अङ्ग्रेजी अनुवादबाट हामीले पाएका छौँ । यसरी ठीक पाठसम्म फेला पार्न नसकिएको र हुलिया पनि थाहा नभएको कविको कृति भ्रष्ट रूपमा यसरी यस सङ्ग्रहमा स्थान पाउने एउटै कारण छ । त्यो के भने सुरुदेखि सुवानन्ददाससम्ममा फेला परेको वीरपूजाको परम्परा नेपाली जनमानसमा कत्तिको भिजेको रहेछ, त्यो यस गीतबाट अझ स्पष्ट हुन्छ ।'

परे । यसै सिलसिलामा केही दिनपछि मलाई उनको टेलिफोन आयो । अनि उनकै सल्लाहमा मैले 'ललितत्रिपुरसुन्दरी'लाई सर्वप्रथम 'नेपाली' त्रैमासिकमा छापें ।[२] त्यसपछि सो लेख नरेन्द्रबहादुर श्रेष्ठको चाहनामा 'शारदा' मासिकमा पनि छापियो ।[३] ती पत्रिकाहरूमा सो लेख प्रकाशित भएपछि यसबारे चर्चैचर्चा भएको मैले पनि सुनें । साथै चिन्तक गोविन्द भट्टले सो लेखको टिप्पणी गरेर मलाई लेखेको चिठी पनि मैले पाएँ । त्यसपछि मेरो लेख सार्थक भएको मैले मनमनै ठहर गरें । गोविन्द भट्टबाट मैले प्राप्त गरेको चिठी फाइलमा थन्क्याउन मलाई मन लागेन । मैले सो चिठीलाई 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक कृतिको भूमिका बनाउने रहर गरें । अनि मैले प्राज्ञ गोविन्द भट्टबाट सोबारेको मन्जुरी पनि लिएँ र सो चिठी यसै कृतिमा प्रस्तुत गरें । श्री भट्टको ओजपूर्ण चिठीले यस कृतिको थप गरिमा बढेको मैले महसुस गरेको छु ।

प्रस्तुत कृति प्रकाशनकार्यमा दाजु प्रा.दिनेशराज पन्तको उल्लेखनीय भूमिका गाँसिएको छ । दिनेश दाइबाट प्राप्त सामग्री पनि जोडिएर मैले कृतिलाई प्रकाशनमा ल्याउन सकेको हुँ । साथै यस कार्यका लागि दाजु शिव रेग्मीबाट पनि मैले सहयोग पाएको छु । यस कृतिको निर्माण गर्ने क्रममा मेरी छोरी अनुकृतिकाको मायाका पाती पनि मैले मेरा कानमा सिउरिएको छु ।

•

ललितत्रिपुरसुन्दरीको मुहार अङ्कित चित्र कहीँ कतै पनि पाइएन । उनको सालिकचाहिँ राष्ट्रिय सङ्ग्रहालय, छाउनी र त्रिपुरेश्वर महादेवको मन्दिर प्राङ्गणमा राखिएको पाइयो; तर मुहारको चित्र बनेकै रहिन रहेछ । 'नारीचुली'भित्र आबद्ध चित्र, ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म' र प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'को आवरणमा समाविष्ट चित्र मेरो परिकल्पना

२. २०६३ पुस, माघ, फागुन ।

३. २०६३ चैत ।

अनुसार चित्रकार इन्द्र खत्रीले बनाएका हुन् । 'नारीचुली'मा समाविष्ट चित्र सिसाकलमबाट निर्मित हो । अनि रानी ललितत्रिपुरसुन्दरीको मुहारअङ्कित तैल चित्रको फोटो खिचेर 'राजधर्म' र प्रस्तुत कृतिको आवरण बनाइएको हो । सुप्रसिद्ध चित्रकार इन्द्र खत्रीद्वारा बनाएका यी चित्र प्रकाशनमा आएपछि यिनै चित्र नै प्रचलनमा आए । साथै यस कृतिभित्रका पाठमा समेटिएका सम्पूर्ण चित्रहरूका अनुकृति पनि भाइ इन्द्र खत्रीले नै बनाएका हुन् ।

अन्त्यमा, मेरो लेखनमा मेरी पुरोधिका इन्दिराको मन, वचन र कर्म जोडिएकै हुन्छ । यस कृतिले पनि उनको माया, मोह र मातृवत् छहारी सङ्ग्रह गरेको छ ।

२०६४ साल जेठ १६ गते **• नरेन्द्रराज प्रसाई**

●●

ख्यातिप्राप्त व्यक्तित्वहरूको जीवनगाथा लेख्तै र पढ्दै जाँदा जीवनीसाहित्यमा नै मेरो मन बस्न थाल्यो । त्यसैले म आफूले लेखेको जीवनीमूलक कृति कहिलेकाहीँ ओर्काउँदै फर्काउँदै पनि गर्छु । प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' दोस्रो संस्करण त्यही शृङ्खलाको एउटा नमुना हो ।

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'ले चारैतिरबाट स्वागत पायो । विद्वान्‌विदुषीको सुझाव सङ्कलन गरेर म पनि यस कृतिको थप परिमार्जनमा जुटेँ । यस कृतिप्रति विद्वत्‌वर्गले देखाएको रुचिले मलाई अरू हौसला बढेको हो ।

मैले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक जीवनीकृति प्रकाशन गरेपछि धेरै रमाउने अर्का पनि साहित्यकार थिए– मेरा दाजु गणेशबहादुर प्रसाई । त्यो किताप पढेपछि उनले मलाई एउटा चिठी पठाएका थिए । त्यस चिठीमा उनले लेखेका थिए– 'तिमीले लेखेको 'प्रथम नारीसष्टा ललितत्रिपुरसुन्दरी'नामक कृति मैले अद्योपान्त पढेँ । तिमीले राम्रो विषय समाएर सोबारेको जानकारी जनसमक्ष ल्याएकोमा म तिमीलाई हार्दिक धन्यवाद दिन्छु ।

'ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म' गद्यभाषाको एउटा सुन्दर नमुना हो । अत्यन्तै परिमर्जित भाषाले 'राजधर्म' ओतप्रोत छ । विषयका दृष्टिले पनि राजमाताको स्थानमा बसेर 'राजधर्म' जस्तो गहन कृति लेख्नु त्यस युगको सबभन्दा उच्चतम उपलब्धि हो भन्ने मलाई लाग्दछ । महारानी ललितत्रिपुरसुन्दरीको कृतिलगायत उनका जीवनका हरेक दफालाई समाएर तिमीले लेखेको 'प्रथम नारीसष्टा ललितत्रिपुरसुन्दरी'ले नेपाली भाषासाहित्यमा आफ्नै महिमा स्थापित गरेको मैले महसुस गरेको छु ।'[४]

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'लाई दोस्रो संस्करणका रूपमा 'राजधर्म'मा समाहित गरिएको छ । यसबाट 'राजधर्म'का पाठकलाई 'राजधर्म'का स्रष्टाको यथेष्ठ जानकारी हुन्छ भन्ने मलाई लागेको छ । नेपाली भाषासाहित्यको प्रथम नारी सृजना 'राजधर्म' सँगै उनिएर प्रस्तुत कृति प्रकाशन भएकामा मलाई थप गर्व लागेको छ । वास्तवमा प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको 'राजधर्म'सँग जोडिएको प्रकाशनले पनि यसलाई दोस्रो संस्करण भन्न नैतिक मूल्य, मान्यता र व्यावहारिक देखिएको बेहोरा पनि मैले मेरा पाठकसामु राख्नैपर्ने हुन्छ ।

२०६४ साल मङ्सिर १५ गते **• नरेन्द्रराज प्रसाई**

•••

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'को प्रथम र द्वितीय संस्करणमा ललितत्रिपुरसुन्दरीबारेका प्रसङ्गका सम्पूर्ण अभिलेख प्रस्तुत गर्न सकिएको रहिन रहेछ । एउटै व्यक्तिको खोज, अन्वेषण र चासोले मात्र यति ठूलो यज्ञ त्यति सजिलै पूर्ण हुन सम्भव हुने कुरो पनि होइन नै ! तर पनि म यसै काममा नै समर्पित हुन छाडिनँ । त्यसैको परिणति प्रस्तुत कृतिको तेस्रो संस्करण हो ।

ललितत्रिपुरसुन्दरीबारेका प्रसङ्ग अरू पनि छरिएका हुन सक्छन् त्यसैले म अझै उनको कृति र कीर्ति खोजिरहनेछु । यदि

---

४. नरेन्द्रराज प्रसाई, **गणेशबहादुर प्रसाई**बाट प्राप्त पत्र (२०६४ असोज १३) ।

मैले उनका कृत्यका सम्बन्धमा जानकारी प्राप्त गर्न सकेँ भने फेरिफेरि पनि प्रस्तुत गर्दै जानेछु ।

ललितत्रिपुरसुन्दरीको जीवनमा गाँसिएको अर्को एउटा प्रसङ्ग भारतको काशी भागीरथी गङ्गानदीको तटमा पनि जीवन्त भएर ठडिएको रहेछ । आफैँ गएर त्यसको पूर्ण नापतौल गर्न मलाई वाञ्छनीय लाग्यो । वास्तवमा यसभन्दाअघि प्रकाशित धर्म, संस्कृति र इतिहासका कुनै पनि कृतिहरूमा काशीमा उनीद्वारा सम्पन्न त्यतिविधि कृत्यको सङ्क्षिप्त रूपमा नै पनि लेखाजोखै भएको देखिएन । तर अन्वेषक इन्जिनियर गोपाल झालगायतबाट काशीमा ललितत्रिपुरसुन्दरीको विशेष देन रहेको बेहोरा मैले सुन्दै आएको थिएँ । त्यसैले उनीबारेको जानकारी लिन मेरी पुरोधिका इन्दिरा, छोरी अनुकृतिकासहित म २०७२ साल चैत १७ गते बनारसको ललिताघाट पुगेको थिएँ ।

ललिताघाटमा हामी 'नेपाली धर्मशाला'मा एक साता बसेका थियौँ । श्री ५ सुरेन्द्रवीरविक्रम शाहद्वारा आफ्नी आमा साम्राज्येश्वरीका इच्छामा उक्त नेपाली धर्मशालाको निर्माण भएको रहेछ र धर्मशाला पनि विशिष्ट कोटिको रहेछ । श्री ५ वीरेन्द्रको इच्छाले त्यो धर्मशाला नेपाली परम्परागत शैलीमा नै जीर्णोद्धार गरिएको रहेछ । त्यस धर्मशालाको अर्को विशेषता भनेको काठका दैला र पुरानो कलात्मक बडेमाका झ्यालहरूबाट त्यसलाई सुसज्जित पारिएको रहेछ । वास्तवमा त्यो धर्मशाला काशीकै एउटा विशेष आकर्षण पनि मानिँदो रहेछ । काशीका पूर्व नरेश डा.विभूतिनारायण सिंहसमेत त्यस ठाउँउपर गर्व गर्दा रहेछन् । उनले त्यसै ठाउँको बयान गर्दै सन् १९९२ नोभेम्बर ३० मा श्री ५ वीरेन्द्रलाई र सन् २००० अगस्त १८ मा नेपालका तत्कालीन प्रधानमन्त्रीलाई लेखेको पत्रको प्रतिलिपि नेपाल सरकार, पुरातत्त्व विभागको मुखपत्र 'प्राचीन नेपाल'को २०६५ साल असार अङ्कमा मैले पढेको थिएँ ।

'नेपाली धर्मशाला'मा बसेर पुरातात्त्विक अन्वेषण गरेका अवस्थामा हामीले ललिताघाट क्षेत्रका क्षेत्राधीश तथा साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)मा नेपाल सरकारबाट अध्यक्षमा मनोनीत श्री १००८ स्वामी ओमकारानन्द गिरी र ट्रस्टका प्रबन्धक रोहित ढकालबाट यथेष्ठ सहयोग पाएका थियौँ ।

काशी ललिताघाटको बसाइँका क्रममा ललितत्रिपुरसुन्दरी विषयक मैले जति जानकारी ग्रहण गर्न सकेँ, त्यसैमा मलाई गौरव लागेको छ । किनभने यी प्राय: सन्दर्भहरू इतिहासका कुनै पनि पृष्ठहरूका कुनाकाप्चामा देखा परेका थिएनन् । वास्तवमा यसबारे दुई सय वर्ष इतिहास नै मौन रहेछ । ढिलै भए पनि यस कृत्यलाई साकार पार्न म तम्सेँ र मैले सकेसम्म धेरै सफलता पनि बटुलेँ । मैले खोजेका र मलाई प्राप्त भएका सम्पूर्ण दस्तावेजहरू यसै संस्करणमा खामिएका छन् ।

२०७८ साल चैत २९ गते

**• नरेन्द्रराज प्रसाई**

# प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी

## ललितत्रिपुरसुन्दरीको जीवनको झलक

ललितत्रिपुरसुन्दरी नेपालको परिवेशमा सुप्रसिद्ध नाउँ हो । यिनको कामबाटै यिनको नाउँको सुवास फैलिएको हो । ललितत्रिपुरसुन्दरीको जन्मका विषयमा चाहिँ मतमतान्तर नै देखिन्छ । यति हुँदाहुँदै पनि प्राय: सबै इतिहासकारको मतचाहिँ मिलेको नै देखिन्छ, जसअनुसार उनी १८५० सालमा जन्मेकी थिइन् । उनी कुन महिना, कुन गते र कुन ठाउँमा जन्मेकी थिइन् भन्ने बेहोराको अत्तोपत्तो भने छैन । इतिहास शिरोमणि बाबुराम आचार्यले 'यी रानीको जन्म वि.सं.१८३२ मा र मरण १८८८ मा भएको मलाई थाहा थियो' भनेर लेखेको लेख पनि ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म'मा नै छपाइएको छ । तर रानीको जन्मसन्दर्भमा आचार्यको भनाइले चाहिँ कतै पनि मेल खाएको देखिँदैन । उनी कसकी छोरी थिइन् र उनका पुर्खाहरू कुन जातका थिए भन्ने तथ्य पनि यकिन अथवा भनौँ, प्रस्ट रूपमा देखा परेन । यी सबै बेहोरा इतिहासमा प्रस्ट नखोलिए तापनि उनी नेपाली थिइन् । उनी बगाले थापाकी छोरी थिइन् भन्ने कुरा पनि विभिन्न इतिहासकारले प्रकाशमा ल्याएका छन् । तर पनि कुनै इतिहासकारले दाबीका साथ उनलाई थापाकी नै छोरी हुन् भनेर किटन सकेका चाहिँ छैनन् । यति हुँदाहुँदै पनि प्रा.डा.तुलसीराम वैद्य प्रभृतिले भने 'काजि नयनसिंह थापाकी कान्छी छोरीको नाउँ थियो– ललितत्रिपुरसुन्दरी, जो श्री ५ रणबहादुर शाहकी चौथी पत्नी थिइन्'[1] भन्ने बेहोरा उल्लेख गरेका छन् ।

१. तुलसीराम वैद्य, **नेपालको सैनिक इतिहास**, (२०४९) ।

कुनैकुनै इतिहासकारले यिनलाई थापाकी छोरी होइनन् नै भनेर लेखेका पनि छन् । इतिहासशिरोमणि बाबुराम आचार्यले त यिनलाई 'क्षेत्रियकन्या'[२] मात्रै भनेका छन् ।

त्यस बखतको नेपालका राजाहरूले प्राय: खड्काकी छोरी बिहे गर्थे । श्री ५ रणबहादुर शाहले ललितत्रिपुरसुन्दरीसँग बिहे गर्नुअघि पनि सुवर्णप्रभासँग बिहे गरेका थिए । जसअनुसार श्री ५ माइली महारानी सुवर्णप्रभाराज्यलक्ष्मीदेवी शाह खड्काकी नै छोरी थिइन् । साथै श्री ५ सुरेन्द्रवीरविक्रम शाहकी श्री ५ कान्छा महारानी पुण्यकुमारीराज्यलक्ष्मीदेवी शाह पनि खड्काकै छोरी भएको बेहोरा शमशेरबहादुर थापा[३]ले लेखेका छन् । ललितत्रिपुरसुन्दरीका सन्दर्भमा पनि शमशेरबहादुर थापाले ललितत्रिपुरसुन्दरीलाई खड्काकै छोरी हुनुपर्ने कुरामा प्रकाश पारेको देखिन्छ । यसबारे उनले लेखेका छन् 'भीमसेन थापाको उन्नतिकाल उहाँ (ललितत्रिपुरसुन्दरी) कै प्रवाहले प्रवाहित भएको थियो भन्ने कुरालाई लिएर (ललितत्रिपुरसुन्दरीलाई) थापाकी छोरी भन्नु पनि राम्रो देखिँदैन ।'[४] बालचन्द्र शर्माले चाहिँ यिनलाई थापाकै छोरी भनेका छन् ।[५]

ललितत्रिपुरसुन्दरीले समाजका अगाडि एकल जीवन बिताउनु त्यति सहज पनि थिएन । त्यस जमानामा एउटी नारी परपुरुषसँग बोल्दैमा पनि बात लाग्न सक्थ्यो । त्यतिखेर उनी र भीमसेन थापा माऊको बलियो सहमती देखेर उनीहरूलाई बात लगाउने मान्छेहरूको अनिकालचाहिँ लागेको थिएन । तसर्थ त्यस दोषारोपणबाट मुक्त हुन

२. बाबुराम आचार्य, **अब यस्तो कहिल्यै नहोस्**, श्रीकृष्ण आचार्य (२०५८) ।

३. शमशेरबहादुर थापा भनेका भीमसेन थापाका वंशज हुन् । उनले भीमसेन थापाका कान्छा भाइ रणवीरसिंह थापाको नालीबेली लेख्ने क्रममा ललितत्रिपुरसुन्दरीलाई थापाकी छोरी नहुन पनि सक्छिन् भन्ने आशय व्यक्त गरेका छन् । शमशेरबहादुर थापाले ललितत्रिपुरसुन्दरी खड्काकी छोरी हुन सक्छिन् भन्ने मधुरो जानकारी दिएका छन् ।

४. शमशेरबहादुर थापा, **रणवीरसिंह थापा**, जगदम्बा प्रकाशन (२०३०) ।

५. बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा**, कृष्णकुमारीदेवी (२०३९) ।

'रानी ललितत्रिपुरसुन्दरी खड्काकी छोरी होइनन्, हाम्रै छोरीबेटी हुन्' भनेर भीमसेन थापाले बयान दिनुपरेको पनि हुन सक्थ्यो ।

मनोवैज्ञानिक, व्यावहारिक र कामकाजका आधारमा भन्नुपर्दा ललितत्रिपुरसुन्दरी थापाकी छोरी नभएकी पनि हुन सक्छिन् । भनौं, भीमसेन थापाको चलाखीका कारण उनी थापाकै छोरीमा दरिएकी हुन सक्छिन् । पच्चिसौँ वर्षसम्म विधुवा ललितत्रिपुरसुन्दरी शक्तिशाली रानी र भीमसेन थापा प्रधानमन्त्री छँदै थिए । उनीहरू एकअर्काप्रति निष्ठा, सद्भावना र समर्पणमा समेत बाँधिएकाले त्यो बेहोरा जनताले पचाउन नसक्लान कि भनेर उनी बगाले थापाकी छोरी भएर बसेकी पनि हुन सक्थिन् । त्यस कालमा मस्त तरुनी एकल नारीउपरको चरित्रमा हल्ला पिटाउने चलनै थियो । यसै प्रसङ्गको बेहोरा बाबुराम आचार्यले पनि लेखेका छन् ।

इतिहासका पृष्ठ जति गिजोले पनि ललितत्रिपुरसुन्दरीका बाबुआमाको खुटपत्तो नै देखिँदैन । त्यसै बेलादेखि यिनी बगाले थापाकी छोरी हुन् भन्ने अड्कलचाहिँ चलिआएको हो । तर एक जना बगाले थापा शमशेरबहादुर थापाले चाहिँ यिनलाई आफ्नो थरमा मिसाउने सामग्री जुटाउन सकेनन् । भीमसेन थापाको जीवनगाथा लेखिन्जेलसम्म पनि शमशेरबहादुर थापाले ललितत्रिपुरसुन्दरीलाई खड्काकी छोरी भन्न पनि छाडेनन् । वास्तवमा बगाले थापा नै भएर पनि उनले यी रानीको माइतीको थरबारे विवाद गरिरहे ।

ललितत्रिपुरसुन्दरीको बिहे श्री ५ रणबहादुर शाह काशीबाट नेपाल फर्केकै बखत भएको थियो । अनि जनरल भीमसेन थापाकै सक्रियतामा यिनको विवाह भएको थियो । बिहे हुँदा यिनी बाह्र वर्ष पूरा गरेर तेह्र वर्ष लागेकी थिइन् । यिनको बिहे राजकीय पारामा भएको थियो । उनको रजस्वला नहुँदै  बिहे भएको थियो र रजस्वला नहुँदै यिनका पतिको स्वर्गवास भएको थियो ।

ललितत्रिपुरसुन्दरीको आफूभन्दा १८ वर्ष जेठासँग बिहे भएको थियो । १८३२ साल असार १२ गते जन्मेका श्री ५ रणबहादुर शाहको १८६१ साल फागुन २६ गते ललितत्रिपुरसुन्दरीसँग राजकीय पारामा विवाह सम्पन्न भएको थियो । भनिन्छ– भीमसेन थापाले आफ्नो राज्यशक्ति बढाउने महत्त्वाकाङ्क्षाको बीउ नै त्यो विवाह भएको थियो ।

ललितत्रिपुरसुन्दरीभन्दा अघि श्री ५ रणबहादुर शाहको चार जनासँग औपचारिक रूपमा नै बिहे भइसकेको थियो । यिनका जेठी पत्नी राजराजेश्वरी, माइली पत्नी सुवर्णप्रभा, साइँली पत्नी कान्तवती, काइँली पत्नी चन्द्रावती र कान्छी पत्नी ललितत्रिपुरसुन्दरी मानिएका छन् । सुन्दरानन्द बाँडा विरचित 'त्रिरत्न सौन्दर्यगाथा'मा उल्लेख गरेअनुसार रणबहादुर शाहका अरू पनि पत्नी थिए । यसबारे बाँडाको भनाइ पाइन्छ– 'पतिव्रता राजराजेश्वरी मन्त्रीहरूले हेलुम्बुमा निकालिएकी भए तापनि आफ्ना पतिलाई दुर्गतिबाट बचाउने इच्छाले नवौं दिनमा पुण्यक्षेत्रमा गई ब्राह्मण देवताको पूजा गरी चौध जना केटीसाथ सती जानुभयो ।' डा.मोदनाथ प्रश्रितका अनुसार 'भीमसेन थापाको सद्भावनाले ललितत्रिपुरसुन्दरी सती जानु परेन ।'[६] बाबुराम आचार्यले लेखेका छन्– 'रानीसहित चौध जना महिला साँखुको शालिनदीमा नै पोलिए ।'[७] 'रणबहादुर शाहको मृत्युमा बीस जनालाई सती बनाएर जलाइयो भन्ने बेहोरा सुरेन्द्र केसीले पेस गरेका छन् ।[८] साथै 'त्रिरत्नसौन्दर्यगाथा'मा उल्लेख भएअनुसार 'श्री ५ रणबहादुर शाहकी नानीसाहेब लक्ष्मीदेवीको'[९] परिचय पनि पाइन्छ । यस अभिलेखमा लक्ष्मीदेवीलाई 'श्री साहिला नानीसाहेब' भनिएको छ ।

---

६. मोदनाथ प्रश्रित, **जनसत्ता** (२०६३ माघ २१ गते) ।

७. बाबुराम आचार्य, **अब यस्तो कहिल्यै नहोस्**, श्रीकृष्ण आचार्य २०५८) ।

८. सुरेन्द्र केसी, **आधुनिक नेपालको राजनैतिक इतिहास**, सरिता प्रकाशन (२०४८) ।

९. सुन्दरानन्द बाँडा, **त्रिरत्न सौन्दर्य गाथा** सं.धनवज्र वज्राचार्य, नेपाल सांस्कृतिक परिषद् (२०१९) ।

यसबाट राजा रणबहादुर शाहका अरू पनि नानीसाहेब रहेछन् भन्ने देखिन्छ ।

रणबहादुर शाहले राजकीय पारामा वैवाहिक जीवन गाँसेका सबै रानीहरूको आआफ्नै उल्लेखनीय विशेषता भने देखिन्छ । तर रणबहादुर शाहले ललितत्रिपुरसुन्दरीसँग बिहे गरेपछि यी दम्पतीको दाम्पत्य जीवनले उत्साहको शिखर टेक्न सकेन । कुरा के हो भने बिहे गरेको करिब चौध महिनामा नै रणबहादुर शाहको उनका भाइद्वारा हत्या भएको थियो ।

•

ललितत्रिपुरसुन्दरी साँच्चैकी सुन्दरी थिइन् । यिनको रूपको वर्णन गरेर वाणीविलास पाण्डेले वाग्मतीको पुल उद्घाटनका अवसरमा स्तुति पनि लेखेका थिए । वाणीविलास पाण्डेले ललितत्रिपुरसुन्दरीको रूपको वर्णन मात्र गरेका छैनन् । उनको आचरण, चरित्र र व्यक्तित्वको वर्णन गरेर पाण्डेले शिला कोरेका छन् । पाण्डेले लेखेका छन्– 'इनै रणबहादुर साह महाराजाधिराजका श्रीललितत्रिपुर सुन्दरीदेवी कांछा महारानी हुनुभयो । बहुत सौंदर्यले युक्त भयाका, कैलासविषे विराजमान भयाकी साक्षात् पार्वती जस्ता, श्रीस्वामीज्यूले आफ्ना काखमा राखिदियाका पुत्र श्रीगीर्वाणयुद्ध विक्रम साह महाराजाधिराजविषे प्राण राखीकन नारायणका चरणारविन्दविषे चित्त लगाई सर्वदा पुण्यकर्मै गर्न्या भयाका, दीन अनाथ जस्का गति केही पनि छैन यस्ता जनविषे करुणा बहुतै गर्न्या पतिव्रतामा अग्रगण्य भयाका यस्ता सो कांछा महारानी हुनुहुंछ ।'[१०] दुई शताब्दीअघि वाणिविलास पाण्डेले भनेकै बेहोरामा दुई शताब्दीपछि मदनमणि दीक्षितले पनि आफ्नो धारणा जोडेका छन्– 'ललितत्रिपुरसुन्दरी अद्वितीय सुन्दरी थिइन् । त्यसैले श्री ३ जुद्धले तिनको भव्य सालिक राष्ट्रिय सङ्ग्रहालय (म्युजियम)मा राख्न लगाएका थिए । रानी,

१०. वाणीविलास पाण्डे, **वाग्मतीपुल स्तम्भ अभिलेख** (१८६८) ।

राजमाता, देशभक्त, समाजसेवी, धर्मपरायण, साहित्यकार र लामो अवधिसम्म देशको नायबी रहेकी ललितत्रिपुरसुन्दरीले समर्पित भएर राष्ट्रसेवा गरेकी हुँदा नै राष्ट्रिय सङ्ग्रहालयमा तिनको धातु मूर्ति स्थापना भएको हुनुपर्छ ।'[११]

•

ललितत्रिपुरसुन्दरीका नाउँका बारेमा वाणिविलास पाण्डेबाट लेख्न सुरु गरिएको शिलालेखहरूबाट स्पष्ट जानकारी पाइन्छ । उनको नाउँका सन्दर्भमा काठमाडौँको त्रिपुरेश्वरमा ललितत्रिपुरसुन्दरी आफैँले स्थापना गरेको त्रिपुरेश्वर महादेव मन्दिरस्थित उनको सालिक उठाएको स्तम्भको शिलालेखमा पनि लेखिएको छ– 'श्रीमन् महाराजाधिराज श्रीश्रीश्रीश्रीश्री रणबहादुर शाह कनिष्ठपट्टराज्ञ्या: ललितत्रिपुरसुन्दरीदेव्या: ।' साथै त्यहीँ राखिएको अर्को शिलालेखमा 'श्रीमल्ललितत्रिपुरसुन्दरीदेव्या:' लेखिएको छ । गोरखादरबारको गोरखनाथमा ललितत्रिपुरसुन्दरीले १८६९ सालमा चढाएको घण्टाको अभिलेखमा स्पष्टै रूपमा 'श्री ५ ललितत्रिपुरसुन्दरीदेवी' लेखिएको छ । सुन्दरानन्द बाँडाले आफ्नो कृति 'त्रिरत्न सौन्दर्य गाथा'मा उनको नाउँ 'ललितत्रिपुरसुन्दरी' नै भनेर किटेका छन् । अनि यिनै विविध ठाउँका अभिलेख र कृतिका आधारमा उनको नाउँ 'ललितत्रिपुरसुन्दरी' नै भएको बेहोरा स्पष्ट हुन्छ ।

•

ललितत्रिपुरसुन्दरीको जीवनचरित्र नै राष्ट्र र राष्ट्रियतामाथि समर्पित भएको पाइन्छ । उनले मुलुकका जनताको रक्षार्थ हरेक उपाय अवलम्बन गरेकी थिइन् । उनको योगदानका बारे धेरै ठाउँका शिलालेखले पनि प्रस्टचाउँछन् । उनको कामले उनी नेपाली माटोप्रिय थिइन् भन्ने झल्काउँछ । वास्तवमा ललितत्रिपुरसुन्दरी आफ्नो सीप, जाँगर र समर्पणले नेपाल र नेपालीकी बिर्सिनसक्नुको नाउँ बनिन् ।

---

११. मदनमणि दीक्षित, **गरिमा** मासिक (२०६४ असोज) ।

त्यसैले उनी इतिहासको पानामा मर्यादित भएर नै विराजमान भइन् । एउटी रानी, एउटी राजमाता, एउटी शासक, एउटी समाजसेवी, एउटी विकासवादी, एउटी धर्मपरायणा नारी र एउटी स्रष्टा भएर उनी नेपालको इतिहासमा रहेकी छिन् । साथै यिनका यी सबै धारालाई एउटै धागोले गुथ्ने कामचाहिँ साहित्यले नै गरिदियो । छोटकरीमा भन्ने हो भने उनलाई बचाउने, चिनाउने र दीर्घायु राख्ने काम पनि 'राजधर्म'ले नै गऱ्यो । 'राजधर्म'को शान्तिपर्वअन्तर्गत अनुशासनपर्वलाई संस्कृत भाषाबाट नेपाली भाषामा ल्याएर उनले स्तुत्य कर्म गरिन् । त्यसैले नै उनी यस धर्तीमा चिरञ्जीवी भइन् ।

•

श्री ५ महारानी ललितत्रिपुरसुन्दरी हरेक काम गर्दा तिथिमिति र साइत जुराएर गर्ने गर्थिन् । उनलाई सबैभन्दा मन पर्ने बार बिहीबार थियो । उनका प्रायः हरेक काम, शिलान्यास र उद्घाटन बिहीबारकै दिन भएका थिए । उनको त्यो बिहीबारको अर्थ केलाउने हो भने उनी देवीभक्त थिइन् । वास्तवमा इतिहासको कालखण्डकी एउटी रानी जसको चर्चा नेपालको इतिहासमा बराबरी भइरहने गर्छ । साथै नेपाली भाषासाहित्यमा उक्त व्यक्तित्व सदैव उल्लेखनीय र अविस्मरणीय मानिन्छ । त्यसभन्दा ठूलो कुरा ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यको जगत्मा पूजनीय, आदरणीय र वन्दनीय छिन् । उनी नेपाली भाषासाहित्यकी अमर नारीचुली हुन् ।

•

ललितत्रिपुरसुन्दरीलाई एकातिर नेपाली भाषामा 'राजधर्म'की सर्जक भनिन्छ भने अर्कातिर उनी रानी पनि थिइन् । श्री ५ महारानी ललितत्रिपुरसुन्दरी खालि 'रानी'को नाउँमा मात्र अटल थिइनन् । उनले छोरानातिको नायबी भएर नेपाल अधिराज्यको राजकाज गरेकी थिइन् । उनी आफ्ना पतिझैँ देशभक्त त छँदै थिइन् । त्यति मात्र होइन, उनको व्यक्तित्व समाजसेवामा पनि त्यतिकै झाङ्गिएको थियो । वास्तवमा जीवनको अन्त्य समयसम्म पनि उनी समाजसेवामा नै समर्पित

थिइन् । जनकल्याणका काममा संलग्न हुँदाहुँदै उनी सिकिस्त बिरामी भइन् । खास कुरा के हो भने त्यतिखेर नेपालमा बेलाबेला बिफर अथवा भनौं, शीतलामाईको महामारी आउँथ्यो अनि जनजीवनमा गाँसिएर सेवा गर्दागर्दै उनलाई पनि त्यस बिफरको महामारीले घुँडा टेकाएको थियो । त्यही अस्वस्थताले १८८८ साल चैत १६ गते उनको भौतिक चोला उठ्यो । असमयमै उनको भौतिक शरीर माटो भए तापनि उनको कीर्तिको सुवासले उनी ठूली भएर यही माटामा सधैँ मगमगाइरहेकी छिन् ।

# ललितत्रिपुरसुन्दरीको लेखनयात्रा

नेपाली भाषासाहित्यमा पहिलोपल्ट अक्षर खेलाउने नारी ललितत्रिपुरसुन्दरी हुन् । साथै नेपाली भाषामा पहिलो चोटि कविता लेख्ने नारीस्रष्टा पनि ललितत्रिपुरसुन्दरी नै हुन् । 'महाभारत'लाई संस्कृत भाषाबाट नेपालीमा अनुवाद गर्ने क्रमको सिरानमा नै उनले नेपाली भाषामा आफ्नो मौलिकता प्रस्तुत गरिन् । सृजनात्मक अभिव्यक्ति र अनुवादकार्य गरेर उनले नेपाली साहित्यको नारीइतिहासको जगमा आफ्नो नाउँलाई सुरक्षित राखिन् ।

ललितत्रिपुरसुन्दरीले आफ्नो नायबी राज्यकालमा देशको वस्तुस्थिति देखिन्, दुक्खसुख भोगिन् र देशभक्त भएर राजकाज पनि गरिन् । उनले आफ्ना पतिको शासनको ज्ञान ग्रहण गर्न नपाए तापनि छोरा र नातिको नायबी भएर शासन गरेपछि तत्सम्बन्धी ज्ञानगुनका धेरै कुरा जनसमक्ष ल्याइन् ।

नेपालको इतिहासमा आफ्ना नायबी कालमा अनेक ठाउँमा उत्कृष्ट भाषिक शिलालेख अङ्कित गर्नेमध्ये ललितत्रिपुरसुन्दरी प्रथम नारीका रूपमा गणनामा आइन् । विविध ठाउँमा उनले राखेका शिलालेखको अध्ययन गर्ने हो भने उनी नेपाली भाषासाहित्यप्रति रुचि राख्ने, मोह देखाउने र समर्पित हुने कोटिमा जाज्वल्यमान भएर स्थापित भइन् । नेपाली भाषासाहित्यप्रतिको निष्ठामा बाँधिएर नै त्यस बेला उनले कविता पनि लेखिन् । उनको त्यस घडीको लेखनको धारा नै कलकलाउँदो भएर अविरल बगिरह्यो । उनको

त्यही बौद्धिकताले भरिएको सृजनात्मक सक्रियतालाई शिरोपर गर्दै जनराष्ट्रकवि ईश्वरवल्लभ लेख्छन् '...ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यको विशिष्ट पुरोधा नारीस्रष्टा हुन् ।'[१] वास्तवमा ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यमा नारीहस्ताक्षरकी ताज नै बनिन् । उनी नेपाली भाषाको अक्षरसँगसँगै बाँचिरहिन् । उनको प्रथम लेखनीका प्रसङ्गमा चारैतिरबाट प्रशंसाका थुँगा बर्सिने क्रम भइरह्यो । यसै परिवेशमा २०७१ साल जेठ १६ गते प्रधानमन्त्री सुशील कोइरालाद्वारा डा.वानीरा गिरीलाई 'विश्वनारी नेपाली साहित्य रत्न'को उपाधि समर्पण गरिएको थियो । प्रधानमन्त्री कोइरालाबाट हस्ताक्षरित उक्त उपाधिको ताम्रपत्रमा पनि 'ललितत्रिपुरसुन्दरीबाट नारी लेखनको आरम्भ भएको नेपाली नारीको साहित्यिक यात्राले झन्डै दुई शताब्दी पूरा गरिसकेको'[२] बेहोरा उल्लेख गरिएको छ ।

ललितत्रिपुरसुन्दरीको लेखनीबारे अनुसन्धानकर्ताबाट जेजस्ता किसिमका अन्वेषण भइरहे ती उनको योगदानको अचूक सम्पत्ति बनिरह्यो । उनको त्यस बेलाको त्यो कृत्य नै उच्चस्तरीय रूपको नापोमा नापिइरह्यो । वास्तवमा उनी नेपाली भाषासाहित्यमा पहिलोपल्ट ग्रन्थ तयार गरेर नेपाली नारीस्रष्टाकी गजुरका रूपमा स्थापित भइन् । नेपाली भाषामा 'राजधर्म' लेखेर उनले सृजनाका क्षेत्रमा ऐतिहासिक कार्यको श्रीगणेश नै गरिन् । वास्तवमा उनी 'राजधर्म'लाई नेपाली भाषामा ल्याउने आरम्भकर्तामा मात्र दरिइनन्; ग्रन्थको अनुवाद गर्ने क्रममा मौलिक कविता रचना गरेर पनि उनले आफ्नो सृजनात्मक परिचयलाई जनमाझ प्रस्तुत गरिन् । उनका नायबी कालका अनेक शिलापत्रहरूमा झैँ यस ग्रन्थमा पनि उनको गतिलो भाषिक प्रस्तुति देखिन्छ । त्यसैले 'राजधर्म'ले पाठकको मनलाई राष्ट्रभाषाको थप मोहमा तानेको मानिन्छ ।

१. **नारीचुली**, नइ प्रकाशन (२०६३) ।
२. **त्रिमूर्ति अभिलेख**, त्रिमूर्ति निकेतन (२०७१) ।

ललितत्रिपुरसुन्दरीले आफ्नो ठाँटको राजसी जीवनमा पनि भाषिक सेवामा आफूलाई सदुपयोग गरिन् । राजदरबारको उच्चस्तरीय वातावरणमा बढेर पनि उनले नेपाली भाषासाहित्यका लागि आफ्नो मन रोपिन् । अनि राजकाजको व्यस्त समयबाट उम्किँदै उनले नेपाली भाषाका मन्दिरमा एउटा बडेमाको ग्रन्थ चढाइन् । उनका पालामा उनले गरेका अन्य सबै राम्रा बेहोरालाई बिर्सिएरै पनि यही 'राजधर्म'लाई मात्र समाउने हो र यसैलाई आधार मानेर भन्ने हो भने पनि उनी प्रतिभासम्पन्न साहित्यकार हुन् । यस एउटै कृतिले उनको नाउँ नेपाली भाषासंसारमा स्थायी बनाएको छ । उनी साहित्यकार मात्र होइनन्, प्रथम नेपाली नारीस्रष्टा भएको बेहोरा नेपाली साहित्यको इतिहासमा अङ्कित छ ।

रानी ललितत्रिपुरसुन्दरीले 'राजधर्म' १८८१ सालमा लेखिन् । यसलाई सुन्दर अक्षरमा लिपिकार भुवनानन्दले १९३० सालमा सारेको यसको गुरुप्रति योगी नरहरिनाथमार्फत जगदम्बा प्रकाशनले प्राप्त गरेको थियो । अनि 'राजधर्म'को त्यही गुरुप्रतिलाई रानी जगदम्बाकुमारीदेवी राणाको निर्देशनमा जगदम्बा प्रकाशनले छापेको थियो । यही ओजिलो ग्रन्थमार्फत सृजनामा प्रवेश गरेकी नारीस्रष्टा ललितत्रिपुरसुन्दरीले नेपाली भाषाका मन्दिरमा दिएको योगदानले नेपाली भाषासाहित्यको गरिमा बढेको यथार्थ छर्लङ्गै छ ।

ललितत्रिपुरसुन्दरीले त्यस कालमा यस किसिमका ग्रन्थको सृजना र अनुवाद गर्नु भनेको नेपाली भाषाका लागि ठूलो उपलब्धि मानिन्छ । उनको यो रचनात्मक कार्य नेपाली भाषासाहित्यमा युगौँयुग जीवित रहनेछ । वास्तवमा 'राजधर्म'ले नेपाली भाषासाहित्यको बौद्धिक चेतलाई क्रमश: आफूतिर आकृष्ट गरेको पाइन्छ । यसबारे चर्चा परिचर्चाको क्रम पनि निरन्तर बढिरहेको छ ।

राजा रणबहादुर शाहको हत्यापछि रानी ललितत्रिपुरसुन्दरीको व्यक्तिगत जीवन दुखे तापनि उनको साहित्यिक जीवनमा चाहिँ

हरियाली छाएको देखियो । यिनका पति स्वर्गीय भएपछि यिनले साहित्यसेवाका अतिरिक्त राष्ट्रमा सुधारका राम्राराम्रा काम गरिन् । त्यसैले यिनको सर्वत्र प्रशंसा भएको थियो । यिनी अठार वर्ष पुगेका बेला नै यिनका प्रारम्भिक योगदानका बारे वाणीविलास पाण्डेले वाग्मती पुलको स्तम्भमा यिनको स्तुति लेखेको बेहोरा पछिल्लो लेखनमा ईश्वर बरालद्वारा सम्पादित 'सयपत्री' र बालकृष्ण पोखरेलद्वारा लिखित तथा सम्पादित 'पाँच सय वर्ष'मा समेत अङ्कित छ ।

ललितत्रिपुरसुन्दरी आफ्नो नाउँअनुरूपकै सुन्दरी थिइन् र यिनी मानवतावादी पनि थिइन् । यिनकै गीत गाउँदै हिँड्ने राजेश्वर थापा (बगाले) का अनुसार पनि 'ललितत्रिपुरसुन्दरीको निष्ठा, प्रतिबद्धता र समर्पणको भावनामा कुनै शङ्का रहेन ।'[३] आफ्नो गतिलो कामबाट नै उनी जनहृदयमा टाँस्सिएकी थिइन् ।

श्री ५ महारानी ललितत्रिपुरसुन्दरीराज्यलक्ष्मीदेवी शाह छोरा श्री ५ गीर्वाण र नाति श्री ५ राजेन्द्रकी नायबी भएर नेपाल अधिराज्यको शासनमा बसेकै बेला उनको साहित्यसृजनाले जरा गाडेको थियो । त्यति मात्र होइन, ती दुवै राजाका पालामा राजदरबारमा लेखक, कविहरूको घुइँचो लाग्थ्यो । वास्तवमा त्यस घडी स्रष्टाहरूलाई रानी ललितत्रिपुरसुन्दरीबाट कदर गरिने परिपाटी थियो । राजमाता आफू पनि लेखिका तथा कवयित्री भएका नाताले उनले कवि लेखकको महत्त्व पनि बुझेकी थिइन् । राजमाताकै प्रेरणाले श्री ५ गीर्वाणयुद्धविक्रम शाहका नाउँमा पनि संस्कृत भाषामा तीनवटा ग्रन्थ[४] तयार भएको थियो । त्यति मात्र होइन ललितत्रिपुरसुन्दरीका नायबीकालमा राजकीय पुस्तकालयको समेत निर्माण भएको थियो । त्यही पुस्तकालय पछि राष्ट्रिय अभिलेखालयमा रूपान्तरित भयो ।

---

३. राजेश्वर थापा, **नायब महारानी ललितत्रिपुरसुन्दरीदेवी शाह** (**थापा**), अभिमान प्रकाशन (२०६०) ।

४. **सत्कर्म रत्नावली** (कर्मकाण्ड), **वाजीरहस्यम्** (अश्वचिकित्साशास्त्र) र **वाग्मती नवरत्नमाला** (शास्त्र) ।

साथै श्री ५ राजेन्द्रविक्रम शाहले पनि राजमाताबाट त्यस्तो वातावरण पाए जसले गर्दा उनले पनि संस्कृत परम्पराका दुइटा र नेवारी परम्पराका एउटा गरी जम्मा तीनवटा पुस्तक[५] लेखेको बेहोरा प्रा.डा.दयाराम श्रेष्ठले उल्लेख गरेका छन् ।[६] ललितत्रिपुरसुन्दरीका बारे अन्वेषक, समालोचक र पुरातात्त्विक कर्मीहरूबाट जति पनि लेखन, जानकारी र टिप्पणीहरू प्रकाशमा आए तिनीहरूबाट उनको योगदानको उच्च कदर नै भइरहेको देखिन्छ ।

राजमाता ललितत्रिपुरसुन्दरीका हरेक कामलाई जोड्दै मूल्याङ्कन गर्ने हो भने उनी स्रष्टाका रूपमा पनि श्रद्धेय भई नेपाली भाषासाहित्यका देउरालीमा ढकमक्क फुलेर बसेकी छिन् । यिनको साहित्यप्रतिको समर्पणलाई राष्ट्रिय गरिमाले ढाकेको छ । उनी नेपाली भाषासाहित्यकी एउटी पहिलो आदर्श नमुनाका रूपमा पनि बाँचेकी छिन् । वास्तवमा नै नेपाली साहित्यको नारीसृजनाका क्षेत्रमा ललितत्रिपुरसुन्दरी पहिलो नारी पाइलो एवम् इतिहासको बलियो नारी जग बनेकी छन् ।

'राजधर्म'को अनुवादबाट ललितत्रिपुरसुन्दरी एउटी गतिली आख्यानकारमा स्थापित भइन् । त्यस कालमा न शिक्षाको प्रबन्ध थियो न नारीशिक्षामा बढावा थियो । त्यस बखत पढेर, लेखेर होइन; लेखक, कवि र पण्डितहरूसँगका सत्सङ्गतले उनी सर्जक बनेकी थिइन् । किशोरी वयको आरम्भमै उनीमाथि बज्रन गएको कठोर वैधव्यका कारण जीवनलाई हेर्ने अन्तर्मुखी र अध्यवसायी दृष्टिकोणबाट प्रेरित भई उनले 'राजधर्म'को अनुवाद गरेको हुनुपर्छ । शाहवंशीय परम्पराका दुई जना श्री ५ हरूको नायबी हुनाका कारण पनि उनले 'राजधर्म'को अनुवादलाई प्राथमिकता दिएको हुनुपर्छ ।

---

५. **राजकल्पद्रुम** (धर्मशास्त्र), **श्रीस्तोत्र व्याख्या** (स्त्रोत) र **महासत्व** (नाटक) ।

६. दयाराम श्रेष्ठ, **नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देन**, श्री ५ को सरकार, सूचना विभाग (२०४४) ।

ललितत्रिपुरसुन्दरीको लेखनयात्राका अन्य प्रामाणिक स्रोत पनि भेटिन्छन् । खास गरेर शिलापत्रहरूमा उनकै आफ्नै शब्दहरूका लहर देखिएका छन् भन्ने बेहोराको साक्षात् पाठ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठका कृतिमा पनि प्रस्तुत भएका छन् ।[७]

ललितत्रिपुरसुन्दरीले 'राजधर्म'मार्फत जीवन र जगत्लाई आध्यात्मिक दृष्टिकोणबाट हेर्ने प्रयत्न गरेकी छिन् । त्यसैले उनको यस कृतिले उनी प्राज्ञहरूका मनमस्तिष्कमा पनि चढिन् । उनको यसै कृतिबारे प्रा.डा.उषा ठाकुरले लेखिन्– 'नेपाली भाषासाहित्यकी प्रथम अग्रणी तथा गौरवमयी नारीस्रष्टा ललितत्रिपुरसुन्दरीद्वारा संस्कृत भाषाबाट नेपाली भाषामा अनुवाद गरिएको 'राजधर्म' नेपाली साहित्यको बहुमूल्य निधि र महान् उपलब्धि हो । नेपाली भाषासाहित्यकी प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीबाट संस्कृत वाङ्मयको महान् कृति 'महाभारत' शान्तिपर्वको नेपाली अनुवाद भएको 'राजधर्म' एक महत्त्वपूर्ण ऐतिहासिक कार्यका साथै नेपाली भाषासाहित्यको उच्चतम गहन कृति हो ।'[८] वास्तवमा नारीका लागि त्यस्तो औँसीको समयमा पनि ललितत्रिपुरसुन्दरीले आफ्नो आत्मसन्तुष्टिका साथै जनतामाझ 'राजधर्म'को प्रकाश छर्ने अभिप्रायले ग्रन्थको निर्माण गरिन् । त्यति विशाल कृतिको सृजना गरेर उनले ख्याति पनि कमाइन् । 'राजधर्म'का माध्यमबाट उनले आफ्नो भाषा, शैली र प्रस्तुति पनि जनमाझ पुऱ्याइन् । उनले प्रयोग गरेको भाषा अहिलेसम्म पनि त्यति नै रुचिकर भएको र उनको अभिव्यक्ति पनि त्यत्तिकै सशक्त रहेको पाइन्छ ।

ललितत्रिपुरसुन्दरीको कलात्मक यात्राका एकएक कारण जोडिएर उनी नेपाली माटामा चिरञ्जीवी नारीपात्र भइन् । साहित्यिक

---

७. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, **शाहकालका अभिलेख**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय (२०३७) ।

८. उषा ठाकुर, **विश्वनारी नेपाली समालोचना**, त्रिमूर्ति निकेतन (२०७१) ।

यात्राले उनलाई नेपाली संसारमा जीवित बनायो । त्यसमाथि स्तरीय भाषाशैली र लेखन स्वयम् उनको व्यक्तित्वको सिफारिस बन्यो । लिपिमा विश्वास गरेर उनले शिलालेख लेख्न लगाइन्, जनजनलाई ज्ञानगुन र दैवीशक्ति प्रदान होस् भन्ने धारणाले स्तोत्र लेखिन् र संस्कृत र नेपाली भाषामा कविता पनि लेखिन् । ललितत्रिपुरसुन्दरीका ती सबै बेहोरालाई पन्छाएर उनको एउटै 'राजधर्म'लाई मात्र अँगाले पनि उनी नेपाली भाषासाहित्यकी मूर्धन्य स्रष्टा बनिन् :

**श्री नारायणलाइ भक्तिरसले आफ्ना मनैमा धरी ।**
**अन्धा शास्त्र नजानने जन पनी हेरुन् कथाका कुरा ॥**
**तत्पर् भै हरि गुन् भजन् भनि त जो भाषा रच्याँ षुप् गुनी ।**
**अध्या येक् सय तीस् त्यहाँ पुकिगयो राज्धर्म सम्पूर्ण भो ॥**[९]

९. ललितत्रिपुरसुन्दरी, **राजधर्म**, जगदम्बा प्रकाशन (२०१९) ।

# ललितत्रिपुरसुन्दरीको भाषाशैली

ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यकै प्रथम नारी स्रष्टाको नाउँ हो । उनी संस्कृत भाषा र नेपाली भाषामा पढ्न र लेख्न सिपालु थिइन् । त्यसैले लेखन तथा अनुवादमा उनी पारङ्गत देखिइन् । उनी लेख्ता आफ्नै संस्कृतिले सुसज्जित भाषा लेख्थिन् । उनले 'राजधर्म'लाई नेपाली भाषामा अनुवाद गर्दा मीठो शैली प्रस्तुत गरिन् । त्यसैले पनि उनी सरल नेपाली भाषाशैलीकी धनी स्रष्टामा चिनिइन् । उनको 'राजधर्म'मा प्रयोग भएको भाषा खास गरेर नेपालको पहाडी जनजीवनले प्रयोग गर्ने खालको छ । लेखनको शैली, भाषा र प्रस्तुति हेर्दा उनको जन्मस्थल नेपालको मध्य या पूर्वी पहाड भएको अनुमान गर्न सकिन्छ । कहीँ, कतै त ठर्रो शब्दका आडमा समेत 'राजधर्म'मा उनको भाषा ठाङ्गिएको पाइन्छ ।

ललितत्रिपुरसुन्दरीकालीन युगमा नेपालमा संस्कृत भाषाको नै जगजगी थियो । तर त्यस बेला उनले जुन भाषा प्रयोग गरिन् त्यो भाषालाई आज पनि त्यतिकै रुचाउने ठाउँ उनैका लेखनशैलीले स्थापित गरेको छ । भया, पाया, मार्‍या, हुन्या, गर्‍या, दिया, दिन्या, पायाँ, तस्तै जस्ता त्यस बखत प्रयोग हुने भाषाबाहेक उनीद्वारा लेखिएका प्रायः शब्द आज पनि प्रयोग हुने ठेट नेपाली शब्द नै छन् । वास्तवमा उनीकृत 'राजधर्म' सरल, शुद्ध र परिमार्जित भाषा भएकै कारणले पनि थप जनप्रिय भएको छ ।

'राजधर्म'मा ललितत्रिपुरसुन्दरीले प्रयोग गरेको भाषा नाप्ने एउटै विषय छ र त्यो उनीद्वारा स्थापित शिलालेखको निर्माण हो । यसबाट

के पनि प्रमाणित हुन्छ भने उनी शिलापत्रप्रेमी मात्र होइनन् भाषा खेलाउने रहरकी साम्राज्ञीसमेत थिइन् । यी सबै बेहोरालाई समेटेर सङ्क्षेपमा भन्नुपर्दा उनको झुकाव नै नेपाली भाषाको अक्षरमा थियो ।

ललितत्रिपुरसुन्दरीको कर्मक्षेत्र राजकाज र धर्मकर्ममा मात्र होइन भाषासाहित्यमा खेल्ने वर्गसँग पनि निकै सामीप्य थियो । त्यस बेलाका विद्वान्हरूले उनको कदर गरेको बेहोरा हरेक शिलापत्र र लेखोटहरूमा देखा परेका छन् । यसबाट के बुझ्न सकिन्छ भने उनको भाषा थप परिमार्जन हुनमा वाणिविलास पाण्डेलगायत बौद्धिक वर्गसँगको उनको सङ्गत पनि हो । उनको जन्मजात गुण, परिस्थितिप्रदत्त राजकीय जिम्मेवारी, सत्सङ्गतको फल र धर्मप्रतिको जागरणका कारणले उनले 'राजधर्म' जनमाझ ल्याइन् । जसको फलस्वरूप त्यतिखेर त्यस कृतिका माध्यमले मीठो नेपाली भाषाले पनि प्रस्तुत हुने अवसर प्राप्त गऱ्यो । 'राजधर्म'को त्यही विषयलाई लिएर प्राध्यापक दिनेशराज पन्तले भनेका छन्– 'राजधर्मको भाषा, शैली र प्रस्तुति अत्यन्तै मिठासपूर्ण छ । अहिलेका लेखक, साहित्यकारको भाषाभन्दा त्यस बेलाको भाषा सुन्दर थियो भन्ने बेहोरा राजधर्मले प्रस्तुत गरेको छ । 'राजधर्म' नेपाली भाषासाहित्यको गर्व हो ।'[१]

•

ललितत्रिपुरसुन्दरीको 'राजधर्म' नेपाली भाषासाहित्यमा आजसम्म देखा परेका ऐतिहासिक र पुराना कृतिहरूमध्ये उत्तम वर्गमा प्रतिष्ठापित छ । त्यस बखतको नारीअक्षरबाट यस प्रकारका कृतिको निर्माण हुनु भनेको स्वयंमा आश्चर्य हो । लेखनका क्रममा उनका लेखनले गद्यविधालाई मात्र प्रस्तुत गरेको छैन । उनले आफ्नो कृतिको आरम्भ कविताबाट गरेकी छिन् र पाठपाठको अन्त्यमा समेत उनले कविता राखेकी छिन् ।

---

१. **नारीचुली**, नइ प्रकाशन (२०६३ : ललितत्रिपुरसुन्दरीका सन्दर्भमा दिनेशराज पन्तको विचार) ।

ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म' भाषाशैलीले जति पठनीय छ 'शान्तिपर्वको अनुशासनपर्व'मा देखा परेका बेहोराहरू पनि त्यति नै रोचक छन् । त्यसैले पनि 'राजधर्म'को विशेष चर्चा भएको हो, महत्त्व बढेको हो र यस कृतिप्रति जनचासो देखिएको हो । भाषाशैलीलाई नै मात्र उदाहरणका लागि प्रस्तुत गर्ने हो भने पनि 'राजधर्म'मा अङ्कित केही लेखोट दोस्रो संस्करणमा आबद्ध पृष्ठहरूमा हेर्न सकिन्छ :

'हाम्री आमा कुन्तीले कुरो लुकाउदामा मलाइ यस्तो दुःख हुन गयो, किनभने हजार हातीका जस्तो बल भयाका, लडाञिमा संसार्भरीमा जोरी नभयाका, सिंहका जस्तो सेषी र हिंडाइ भयाका, अकल्दार, दया राष्न्या सबैलाइ दिन्या आफ्ना नियममा रह्याका र दुर्योधनहरूका आश्रय भयाका, अभिमानी, ठुलो पराक्रम गर्न सक्न्या कसैले गऱ्याको हेला नसहन्या, सधैं उद्योग गर्न्या लडाञि लडाञिमा हामीलाइ जितन्या वाण हान्दामा चटाक् आश्चर्यलाग्दो गरी लड्न्या, सब काममा सिपालु, कसैले नगऱ्याको किमत् गर्न सक्न्या सूतको छोरो, राधाको छोरो भनी लोकमा प्रख्यात भयाका, यस्ता जो कर्ण हुन्, ति त हाम्री आमा कुन्तीमा सूर्यदेषि जन्म्याका हाम्रा ज्येठा दाज्यू रह्याछन् । संपूर्ण गुणले युक्त भयाका, तिन्लाई जन्मन्याबित्तिकै कसैले थाह नपाउन् भनी हाम्री आमाले सन्दूकमा हाली गंगाजीमा वगायीछन् । तेही संदूक फेला पारी सूतले र राधाले पाल्याको हुनाले सूतको छोरो, राधाको छोरो भनी कर्णलाइ भन्दा रह्याछन् । हुनत ती कर्ण हाम्रै दाज्यू रह्याछन् । यो कुरो मैले कसो गरी थाहा पायाँ भने लडाञिमा मऱ्याका सबै बान्धवहरूलाइ अञ्जली दिनाकन लाग्याका बषत्मा कुन्ती आइन् र कर्ण पनि तिमीहरूको दाज्यू हो, तेस्लाइ पनि अंजली देउ भनिन् सबै विस्तार गरिन् र हामीहरूले कर्णलाइ दाज्यू भनी थाहा पाञौ ।' (पृष्ठ २२–२३)

•

'...जो मानिस धैर्य नभयाको छ त्यो मानिस पृथिवीको भोग गर्न पनि सक्दैन, धन् कमाउन पनि सक्दैन, तेस्ताका घरमा छोरा

पनि हुँदैनन् । धैर्य नभयाका मानिस हिलामा पऱ्याका माछा ञैं दु:ख पाउँछन् ।' (पृष्ठ ७४)

•

'...हिंसा नगरी रह्याको कोही पनि छैन, आफुभन्दा निर्वलियालाइ मारी वलियाहरूले षान्छन् । मुसालाइ न्याहुरीले षान्छ, न्याहुरीलाइ विरालाले षान्छ, विरालालाइ कुकुरले षान्छ, कुकुरलाइ चितुवाले षान्छ, संपूर्ण मानिसहरूलाइ काल जो छ सो बषत् बषत्मा षान्छ । सम्पूर्ण चराचर यो सृष्टिमा एउटालाइ एउटाले मार्न्या यो रीत दैवले गऱ्याको हो भने जान्न्या मानिसले यस्मा शोक गर्नु छैन ।' (पृष्ठ ७९)

•

'शरीर र मन्लाइ आत्मा हो भनी देष्नुहुन्छ भने शत्रुहरूले आफुलाइ दियाको दु:ख किन विर्सनुहुन्छ । रजस्वला भयाकी एउटा धोती मात्रै पैह्रयाकी हाम्री रानी द्रौपदीलाइ हाम्रै अगाडीमा कचहरीमा लगी उस्तो वेइजत् गऱ्या, त्यो पनि हजूरले विर्सनुपर्न्या होइन । सहरवाट निकाली छाला पैह्राइ वडा जंगल वनमा हामीलाइ पठाया, त्यो पनि विर्सनुपर्न्या होइन । वनमा गयामा जटासुरले उस्तो दु:ख दियो, फेरि चित्रसेनसित लडाञि गर्नुपऱ्यो, जयद्रथ राजाले द्रौपदीलाइ हरेर लग्यो, त्यो पनि विर्सनुपर्न्या होइन । फेरि गुप्तवास गर्नालाइ विराट राजाका घरमा बस्यामा विराटका मन्त्री कीचकले द्रौपदीलाइ उस्तो दु:ख दियो, कीचकलाइ मार्नुपर्न्या, यो सबै हजूरले विर्सनुपर्न्या होइन ।' (पृष्ठ ८४–८५)

•

'संपूर्ण यो दु:ख मात्रै हो सुख होइन, दु:खैदेषि सुख भया जस्तो लाग्दछ किनभने, तृष्ना ज्यादा भयेर तेही तृष्नाले मन्लाइ चंचल् तुल्यायो भने दु:ख हुन्छ । तेही दु:खको नाश भयो भने सुख हुन्छ, सुखका पछि दु:ख हुन्छ दु:खका पछि सुख हुन्छ । सधैं दु:ख पनि कसैलाइ हुँदैन सधैं सुख पनि कसैलाइ हुँदैन । कसैलाइ सुख भयो

भयो वाहाँपछि दु:ख आइलाग्दछ, कसैलाइ र दु:ख भयो भयो वाहांपछि सुख आइलाग्दछ । इ सुख र दु:ख भन्याका कैह्‌ले पनि छुट्दैनन्, संसारमा सधैं छँदै छन् ? तसर्थ इ सुख र दु:खपछि नलाग्नु ।' (पृष्ठ १२१–१२२)

•

'...धान् नभयाको गाउँ केही काम लाग्दैन, जस्तो पानी नभयाको कुवा केही काम लाग्दैन, जस्तो आगो नभयाका जगामा होम गर्‍याको केही काम लाग्दैन तस्तै मूर्ख ब्राम्ह्‌णलाइ दान दियाको केही काम् लाग्दैन ।' (पृष्ठ १९०)

•

'आगो जो छ सो पानीदेषि निस्क्याको हो, क्षत्रिय जो छन् सो ब्राम्ह्‌णदेषि निस्क्याका हुन्, फलाम् जो छ सो पत्थरदेषि निस्क्याको हो । आगो, क्षत्रिय, फलाम् इ तिन् कुराको सबै वस्तुमा सामर्थ्य चल्दछ, आफूलाई जन्माउन्यामा सामर्थ्य चल्दैन, किनभने फलामले सबै कुरो काट्दछ, पत्थर काट्न लाग्यो भन्या त्यो फलामै नाशिन्छ । आगोले सबै कुरा डढाउँछ पानीलाई डढाउन लाग्यो भने त्यो आगै निभ्दछ । क्षत्रियले सबैको नाश गर्न सक्दछ, ब्राम्हणमाथि लाग्यो भने त्यो क्षत्रियै नाशिन्छ ।' (पृष्ठ २७१)

•

'उद्योग गर्नाले देउताहरूले अमृत षान षाया, उद्योगैले दैत्यहरूलाइ मार्‍या, उद्योगैले इन्द्र जो छन् सो पृथिवीभरमा पनि स्वर्गभरमा पनि श्रेष्ठ भयेर रह्‌याका छन्, उद्योग गर्न्या मानिस जो छन् सो पंडित्‌लाइ जित्तछन् ।' (पृष्ठ २८२)

•

'...कस्तै सानु भया पनि आगाले पोलीहाल्छ, कस्तै सानु भया पनि विषले मारीहाल्छ, तसर्थ जस्तो आगो हो जस्तो विष हो शत्रु पनि तेस्तै हो भनी वुझी शत्रुको नाश गरी हाल्नु ।' (पृष्ठ १८२)

•

'चन्द्र सूर्य नउदायादेषि सबै दुनिञा जो छन् सो अन्धकारले आफु आफुलाइ नदेषी नासिन्या थिया, जस्तै थोडै पानी भयाका जग्गामा माछा जो छन् सो परस्परमा षायेर नासिन्छन्, जस्तो व्याधा नभयाका जग्गामा पक्षीहरू जो छन् सो परस्परमा षायेर नासिन्छन् चाँडैन सबै सकिन्छन् तस्तै राजा नभयादेषि इ दुनिञाहरू पनि गोठालो नभयाका पशु झैं सबै नासिन्या थिया, निर्धाका धन्लाइ वलियाले लैजान्या थिया, धन् नदिन्यालाइ मार्न्या पनि थिया । राजा नभयादेषि कोही मानिस पनि आफ्ना धन्लाइ मेरो हो भनी भन्न्या थियेन, वलियाको हो भनी भन्न्या थियो । कसैका पनि स्वास्नी छोरा धन् घर केही रहन्या थियेनन् । सबै तरहवाट नाश हुन्या थियो । राजा नभयादेषि वाहन कपडा गहना अनेक तरहका जुहार् केही पनि राष्न्या थियेनन्, डाँकुहरूले लैजान्या थिया । धर्म गर्न्या मानिसलाइ अनेक तरहका हतियारले अनेकपल्ट हान्न्या थिया, सबै जनाले पाप मात्रै गर्न्या थिया । राजा नभयादेषि वुढा भयाका आमावावु आचार्य पाहुना गुरु इन्लाइ दु:ख दिन्या थिया मार्न्या पनि थिया ।' (पृष्ठ ३३६)

•

'माहुरीले भँवराले फुलमा वसी फुललाइ पीडा नगरी रस् झिक्तछ, जस्तो गरी मानिसले गाइको थुन् नविगारी वाछालाइ दु:ख नदिइ दुद् झिक्दछ तस्तै दुनिञालाइ दु:ख नदिइ धन् झिक्नु । जस्तो रगत् खान्या जुकाले जन्तुलाइ थाहा नदिइ रगत् षान्छ तस्तै दुनिञालाइ कत्ति थाहा नहुन्या गरी धन् झिक्नु । जस्तो वघिनीले आफ्ना छोराछोरीलाई दाँतले च्यापी डुलाउँछे दाँतले च्याप्दामा पनि कत्ति दु:ख दिन्न तस्तै दुनिञालाइ कत्ति दु:ख नहुन्या गरी कर् लिनु ।' (पृष्ठ ४४०)

•

'...पाप गरेर जित्नुभन्दा धर्मसंग मर्नु निको छ, तसर्थ पापमा मन् नलगाउनु । पापले कैल्हे पनि भलो हुँदैन, पैल्हे भने भलो भया जस्तो देषिन्छ पछि भने निर्मूल गरी नास गर्दछ ।' (पृष्ठ ४७२)

•

'मानिस जिउँदै छ तपनि धनैले मानिसलाइ छोडेर जाला, सधैं मानिस पनि धन् पनि संगै त अवश्य रहँदैनन्, तसर्थ जान्न्या मानिसले धन्का निमित्त शोक नगर्नु । कसैका धन्को मात्रै नाश भयाको हुन्छ मित्रहरूको नाश भयाको हुँदैन ।' (पृष्ठ ५१४)

•

'दैव मात्रै पुकार्ने आफुले काम् नगर्ने यस्तो मानिस जो छ सो चाँडै नासिन्छ ।' (पृष्ठ ५१९)

•

'कोही प्राणी दुष्ट हुन्छन् तपनि देष्दामा साधु जस्ता देषिन्छन् र कोही साधु हुन्छन् तपनि देष्दामा दुष्ट जस्ता देषिन्छन्, तसर्थ तिन्लाइ परीक्षा गरी छुटचाउनुपर्छ । आकाश जो छ सो देष्दामा तल्तिर मुष फर्कायाका कराहीको पेट जस्तो देषिन्छ, जूनकीरा जो छन् सो आगो जैं देषिन्छन्, विचार गर्दामा र आकाशमा कराहीको पेट होइन, जून्कीरा पनि आगो होइन । तसर्थ आँषाले देष्याका कुरालाइ पनि विचार गरी बुझ्नुपर्दछ, विचार गरी वुझीकन काम् गर्दामा पछुतो हुँदैन ।' (पृष्ठ ५४६)

•

'शील भयाका मानिसले गर्न नसकिन्या केही कुरो पनि येस् लोकमा छैन...।' (पृष्ठ ५९७)

•

'आफुले जुन् काम् गर्दामा जुन् किमत् गर्दामा अरुहरुको भलो हुँदैन त्यो काम् नगर्नु, जुन् काम् गर्नाले कचहरीका वीचमा आफ्नु सह्रनी हुन्छ त्यो काम्कन गर्नु ।' (पृष्ठ ६०२)

•

'...धर्मपूर्वक धन् कमाउनु अधर्म गरेर भने कैल्हे पनि धन् कमाउन इच्छा नगर्नु...।'(पृष्ठ ६२६)

•

ललितत्रिपुरसुन्दरीको भाषाशैलीले उनी जति जनप्रिय भइन् 'महाभारत'का कथालाई सरल भाषामा प्रस्तुत गरेर त्यति नै पाठक

प्रिय पनि भइन् । उस बेलाको समय र परिवेशलाई साक्षी राखेर हेर्दा उनको लेखन उच्चस्तरीय देखिन्छ । तात्कालिक समयका शब्दहरूलाई छाड्ने हो भने अहिले पनि नेपाली समाजमा सर्वाधिक चलनचल्तीमा आउने शब्दहरू नै पनि उनले प्रयोगमा ल्याएको देखिन्छ । उनले प्रस्तुत गरेको भाषिक कला, सीप र शैलीका कारण उनी एउटै कृतिबाट प्रसिद्ध भइन् । त्यति मात्र होइन, जनबोलीका शब्दहरू टपक्क टिपेर प्रयोग गर्नाका कारण पनि 'राजधर्म'प्रति जनप्रियता गाँसिएको देखिन्छ । वास्तवमा त्यही नै ललितत्रिपुरसुन्दरीको लेखनकलाको विजय पनि हो ।

# ललितत्रिपुरसुन्दरीको 'राजधर्म'को विवाद साम्य

ललितत्रिपुरसुन्दरीको 'राजधर्म'लाई औपचारिक ढङ्गबाट जनमाझ ल्याउने काम योगी नरहरिनाथले गरे । साथै यस ग्रन्थलाई विवादको घेरामा पार्न पनि केही न केही रूपमा उनैको कारण जोडिन गएको देखिन्छ । यस सन्दर्भमा इतिहासशिरोमणि बाबुराम आचार्यले भनेका छन्– 'महाभारत शान्तिपर्वको राजधर्मको भाषानुवाद एउटा रानीले गरेको हुनाले तिनको पहिचान गर्न भनी योगी नरहरिनाथले २०१६।८।२० मा मृगस्थलीमा विद्वान्हरूको गोष्ठी बोलाएकोमा म पनि पुगेको थिएँ । योगी नरहरिनाथप्रभृति सबै उपस्थित सज्जनहरूले रानीसाहेब ललिता भनेकी श्री ५ रणबहादुर शाहले पदत्याग गरिसकेपछि विवाह गरेकी रानी ललितत्रिपुरसुन्दरी हुन् भन्ने निर्णय गरेर निर्णयपत्रमा हस्ताक्षर गरेर मेरा हातमा कलम दिए ।'[१] इतिहासशिरोमणि बाबुराम आचार्यको लेखनीबाट आचार्यलाई चिडयाउने काम योगी नरहरिनाथद्वारा आयोजित सभामा भएको बुझिन्छ । योगीले सुरुमै आचार्यका हातमा कलम राखिदिएका भए सायद यस बेहोराले विवादको सृजना पनि गर्दैनथ्यो होला । हुन पनि बाबुराम आचार्यबाहेक ललितत्रिपुरसुन्दरीको 'राजधर्म'बारे विवाद गर्ने मान्छे देखा परेका छैनन् । मौका परेको बेला इतिहासशिरोमणि आचार्यले ललितत्रिपुरसुन्दरीप्रति रिस साँधे पनि भनिन्छ । बाबुराम

१. **राजधर्म**, जगदम्बा प्रकाशन (२०१९ : बाबुराम आचार्यको विचार) ।

आचार्यको प्रतिक्रियाप्रति स्रष्टाहरू सन्तुष्ट नभएको बेहोरा पनि थाहा पाइन्छ । यसै प्रसङ्गमा राजाराम सुवेदीले लेखेका छन्– 'इतिहासकारले असललाई असल भनिदिन कुनै कन्जुसी देखाउनु हुँदैन जस्तो लाग्छ; यो उहाँ (बाबुराम अचार्य)बाट भएन ।'[२]

जगदम्बा प्रकाशनले स्रष्टा अथवा भनौँ, कवयित्री तथा अनुवादक ललितत्रिपुरसुन्दरीको नाउँ ग्रन्थको अग्रभाग र आवरणपछि (भूमिका अगाडि)को पानामा उल्लेख गर्न कन्जुस्याइँ गरेको छ । यति हुँदाहुँदै पनि उनलाई 'राजधर्म'की सर्जक नै भनिएकै छ । भनौँ, त्यो बेहोरा प्रकाशकीयमा उल्लेख गरिएको छ । 'मदन सौरभ' (मदन पुरस्कार पुस्तकालयको पुस्तकसूचीको पहिलो संस्करण २०३१ को पृष्ठ २९६) मा ललितत्रिपुरसुन्दरीलाई 'राजधर्म'की ले.(लेखिका)का रूपमा नै प्रस्तुत गरिएको छ । मदन पुरस्कार पुस्तकालय र जगदम्बा प्रकाशन भन्नु सहोदरी हुन् ।

•

इतिहासशिरोमणि बाबुराम आचार्यको 'राजधर्म'मा उल्लिखित 'रानीसाहेब ललिता' शीर्षकअन्तर्गतको लेखमा ललितत्रिपुरसुन्दरीबारेको टिप्पणी र तर्क प्रमाणविहीन नै देखिन्छन् । जस्तै–

(क) संवत् १८८८ मा स्वर्गीय भएकी ललितत्रिपुरसुन्दरीको ग्रन्थ बयालीस वर्षपछि लिपिबद्ध भएको बेहोरालाई असम्भव भन्दै बाबुराम आचार्यको 'जङ्गबहादुरका समयकी कुनै राणाजीकी रानीसाहेब ललिताको खोजमा लागेको थिएँ' भन्ने तर्कमा कुनै ठोस आधार देखिँदैन ।

(ख) बाबुराम आचार्य एकातिर 'राजधर्म' अनुवाद गर्ने ललिता जिना रानी (जङ्गबहादुर राणाकी ३८ औँ उपरानी) हुन् पनि भन्छन् भने अर्कातिर उनी अर्थात् जिना रानी अलिअलि संस्कृत जान्दथिन् पनि भन्छन् । अलिअलि

२. राजाराम सुवेदी, **प्राचीन नेपाल**, (२०४० फागुन चैत) ।

संस्कृत जानेका भरमा संस्कृत भाषाको यति विशाल ग्रन्थ जिनाले कसरी अनुवाद गरिन् ? भनी ठाडो प्रश्न गर्ने ठाउँ उनले राखिदिएका छन् ।

(ग) फेरि बाबुराम आचार्यले आफूले अनुवादक ठम्याएका ललिता जिना रानीलाई देखाएर 'रानीसाहेब खूद आफ्नो हातले यस्तो (राजधर्म) लेख्न सक्तिन थिइन्' भनेका छन् । अनि यसको अर्थचाहिँ के हुन सक्छ ?

(घ) 'रानी' भन्ने शब्दलाई पछ्याएर ग्रन्थको अनुवादक पत्ता लगाउने बाटोमा हिँड्दाहिँड्दै आचार्यले यस कामबाट तुरुन्त हात झिक्नुपर्ने कारण के थियो ? भनेर अर्को थप प्रश्न गर्ने ठाउँ पनि उभिएको छ ।

•

इतिहासशिरोमणि बाबुराम आचार्यले व्यक्तित्वको अहम् (इगो)का कारण उनी अनायासै र असान्दर्भिक रूपमा ठाडै जङ्गबहादुर राणाकालीन समयमा पुगेका देखिन्छन् । तर उनको गन्तव्य वैज्ञानिक या प्रामाणिक छैन । यसबारे उनले केवल विरोधका लागि मात्र विरोध गरेको देखिन्छ । उनले उठाएको विवादलाई फेरि उनकै अर्को तर्कले काटेको पाइन्छ ।

बाबुराम आचार्यका पुर्खा बासट्ठीहरण[३]मा परेबापत उनका सन्तान नै भीमसेन थापाका विरोधी थिए । थापाचाहिँ रानी ललितत्रिपुरसुन्दरी शाहलाई इष्टदेवी मान्थे । त्यसैले बाबुराम आचार्यको

३. बासट्ठीहरणको छोटो टिप्पणी 'शाहकालीन अभिलेख'को पहिलो भागअन्तर्गत धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठले 'नेपाल र एसियाली अनुसन्धान केन्द्र (त्रिभुवन विश्वविद्यालय)बाट २०३७ सालमा प्रकाशित ग्रन्थमा प्रस्तुत गरेका छन् । 'ब्राह्मणहरूलाई कुशविर्ता दिई गरिएका यी ताम्रपत्रहरूबाट 'बासट्ठीहरण'को पृष्ठभूमि बुझ्न केही मद्दत पाइन्छ । काशीबाट फर्केपछि श्री ५ रणबहादुर शाहले राष्ट्रको सैनिकशक्ति बढाउनुपर्ने महसुस गरे । तर राजकोशमा भने चाहिँदो धन थिएन । यस

आक्रोशको त्यही मारमा ललितत्रिपुरसुन्दरी परेकी थिइन् । अनि अत्तो न पत्तो रूपमा बाबुराम आचार्यले ललितत्रिपुरसुन्दरीको सृजनात्मक व्यक्तित्वलाई गिजोलगाजल पारेको देखिन्छ ।[४]

•

योगी नरहरिनाथ इतिहास र संस्कृतिका विभूति थिए । उनी अति निर्लोभी थिए । उनी जे देख्थे त्यही लेख्थे । उनी आफ्नो ब्रह्मले खाएको कुरा मात्र बोल्ने गर्थे । तसर्थ राजा महेन्द्र र वीरेन्द्रले उनलाई पद दिन खोजे तापनि उनले लिन मानेनन् । उनी सच्चा नेपालवादी थिए । अनि उनी न्यायिक राजावादी पनि थिए । राजावादी भएरै पनि उनी राजाको कट्टर आलोचकसमेत थिए । उनी भन्थे– 'राजा वीरेन्द्रले शासन गर्न जानेनन् ।' राजाले 'राजधर्म' नअपनाएको बेहोरा बोलेकै कारण योगीलाई राजा वीरेन्द्रले जेलखाना पनि पठाएका थिए । तर उनी त्यसरी जेलमा बसेका बेला पनि राजसंस्थाकै महिमा गाउँथे । त्यतिखेर पनि उनी भनिरहन्थे– 'राम्रो शासन गर्ने हो भने राजाले 'राजधर्म' रट्नै पर्छ ।'

योगी नरहरिनाथ नेपाली र संस्कृत भाषाका प्रकाण्ड विद्वान् भएकै कारण उनी पण्डित वाणीविलास पाण्डेको पनि बयान गर्थे । योगीकै कुरा समाउने हो भने पनि 'राजधर्म'का ग्रन्थकार रानी ललितत्रिपुरसुन्दरीको भाषा र पाण्डेका भाषामा समानता छ । यस बेहोराबाट के बुझिन्छ भने रानीका छेउमा रहेका वाणीविलास

---

कारण सरकारी आम्दानी कसरी बढाउने भन्ने कुरामा ध्यान दिन थालियो । यसका लागि एक 'जाँचआयोग' पनि गठन गरियो । यसै सिलसिलामा ब्राह्मणहरूका केही बिर्ता पनि हरिए । जुन इतिहासमा 'बासठ्ठीहरण' भनी प्रसिद्ध रहेको छ । 'बासट्ठीहरण' सैनिक शक्ति बढाउन आवश्यक भई मात्र गरिएको थियो; ब्राह्मणहरूको बिर्ता हर्ने उद्देश्यले गरिएको थिएन भन्ने कुराको सङ्केत ६२ सालपछि ब्राह्मणहरूलाई नयाँ कुशबिर्ताहरू दिई गरिदिएका यी ताम्रपत्रहरूबाट पाइन्छ ।'

४. बाबुराम आचार्यले पूर्वाग्रही भएर नै ललितत्रिपुरसुन्दरी र भीमसेन थापालाई खेदिरहेको थप प्रमाण आचार्यकृत 'अब यस्तो कहिल्यै नहोस्' (२०५८)मा देखिन्छ ।

पाण्डेसमेतको सहयोगले ललितत्रिपुरसुन्दरीलाई 'राजधर्म' लेख्न जुरेको थियो । किनभने त्यस्तो विराट् ग्रन्थ अनुवाद गर्न सजिलो र मामुली कुरा थिएन । साथै त्यस समयमा जोसुकैलाई यो काम गर्न खाँचो पनि थिएन, कसैका लागि 'राजधर्म' जरुरी विषय पनि थिएन र यसबारे कसैले हिम्मत, जाँगर र मिहिनेत देखाउने कुरा पनि थिएन । त्यसमा पनि 'राजधर्म' भनेको राजा या राज्य गर्नेको धर्म मानिन्छ । अनि यो राजधर्म भनेको विषयचाहिँ राज्य या राजाले नै पालन गर्नुपर्छ भन्ने रानीको मान्यता थियो । यदि कुनै ललिता नाउँ भएकाले नै राजधर्म लेख्नुपर्थ्यो भने रानी ललितत्रिपुरसुन्दरीले नै लेख्नुपर्थ्यो । जङ्गबहादुर राणाकी ३८ औँ उपरानी भनौँ, भित्रेनी ललिता जिना रानीले 'राजधर्म' लेख्ने कुनै तुक पनि थिएन ।

खड्गनरसिंह राणाको अन्तर्लापिकाको खुलको अन्तर्शुद्धि[५]अनुसार– '(ल् + अ)[१] (ल् + इ)[२] (त् + अ)[३] (ति + र्)[४] (पु)[५] (र् + अ)[६] (सु)[७] (न्)[८] (द् + अ)[९] (री)[१०] + रानी (क + ई)[११] (सधर्क)[१२] वचन् ललितत्रिपुरसुन्दरी रानीकी सधर्क १ वचन्' नै लेखिएको छ । साथै यही मान्यतालाई आधार मानेमा आफ्ना प्रधानमन्त्री भीमसेन थापादेखि नाति, पनाति र सन्ततिहरूको राज्य चिरस्थायी होस् भन्ने रानीमा विशेष चिन्तन थियो । अनि आफ्नो नाउँसमेत नराखी आफ्ना सन्ततिलाई पढाउने उद्धेश्यले उनले 'राजधर्म'को निर्माण गरेकी थिइन् ।

नेपाली भाषा र संस्कृत भाषाका पारङ्गतले मात्र यस्तो अद्भुत काम गर्न सक्छ । अनि 'राजधर्म' रानी ललितत्रिपुरसुन्दरीले नै तयार गरिन् भन्ने अर्को एउटा बलियो आधार वाणीविलास पाण्डे रानीका विश्वासपात्र र दरबारका प्रमुख पण्डितसमेत भएकै कारणले हो । 'सिंहकेतु'मा वाणिविलास पाण्डेद्वारा 'बहुत सौंदर्यले युक्त भयाका कैलासविषे विराजमान भयाकी साक्षात् पार्वती जस्ता सुन्दरी' लेखिएको

५. **राजधर्म**, जगदम्बा प्रकाशन (२०१९ : योगी नरहरिनाथको विचार) ।

नै छ । पाण्डेले बराबर 'साक्षात् पार्वती' भनेर रानीलाई रिझाउन हरेक बाटो खोजेको पनि देखिन्छ । त्यसैले 'राजधर्म' रानीले लेखेपछि पाण्डेले सम्पादनचाहिँ गरेनन् भन्न सकिँदैन । एक्काइसौँ शताब्दीमा त धेरै लेखकले भाषासम्पादकको सहयोग लिइरहेका हुन्छन् भने त्यस बखत आफ्नो दरबारकै पुजारी संस्कृत साहित्यका प्रकाण्ड विद्वान् वाणिविलास पाण्डेसँग सल्लाह नै नगरी रानीले संस्कृत भाषाको 'राजधर्म' नेपाली भाषामा लेख्ने हिम्मत गरिन् भन्न पनि सायद मिल्दैन । आफ्ना सन्तान नहुनु र पटकपटक नाबालक राजाका नायबी भएर राज्य सञ्चालन गर्दा पतिका रगतलाई टेको दिनु रानीको हरप्रयास हुन्थ्यो । रानीलाई अप्ठचारो परेको अवस्थामा या राज्यमाथि परेको समस्या फुकाउन मद्धत गर्ने आफन्त भनेकै दरबारभित्र पाण्डे र जनरल भीमसेन थापा नै प्रमुख थिए । एकातिर रानी ललितत्रिपुरसुन्दरीको सम्पूर्ण इतिहास र अर्कातिर पाण्डेले रानीको स्तुति गरेको बेहोरा हेर्दा यिनै पाण्डेका आडमा उनले 'राजधर्म' बनाएकी थिइन् भन्नु नै युक्तिसङ्गत हुन्छ । अर्को कुरा यस्तो ऐतिहासिक कृति लेख्ने स्रष्टा फलानो भनेर अहिलेसम्म पनि कसैले कसैलाई देखाउन सकेका छैनन् । साथै 'राजधर्म' ललितत्रिपुरसुन्दरीले लेखेको होइन भनेर पनि कसैले प्रमाण दिन सकेका छैनन् । यी विविध कारण जोडेरै भन्नुपर्दा पनि यो ग्रन्थका लेखक या अनुवादक नै 'ललितत्रिपुरसुन्दरी' हुन् । हुन त तत्कालीन समयमा उनले आफू लेखक नै बन्नका लागि भनेर 'राजधर्म'को अनुवाद गरेकी पक्कै थिइनन् । तर कालन्तरमा समयले उनलाई यसै कृतिका आधारमा प्रथम नारी स्रष्टाका रूपमा स्थापित गरिदियो ।

•

योगी नरहरिनाथद्वारा 'राजधर्म'की अनुवादक ललितत्रिपुरसुन्दरीबारे प्रस्तुत भएका प्रमाण तर्कसङ्गत हुनाका साथै बलियासमेत छन् । थापाथली वाग्मती पुलका छेउमा अवस्थित सिंहकेतुमा लेखिएको शिलापत्रको भाषामा र 'राजधर्म'को भाषामा धेरै साम्य छ भनेर योगी नरहरिनाथले थप टिप्पणी पनि गरेका छन् ।

खड्गनरसिंह राणाको अन्तर्लापिकाको खुल र योगी नरहरिनाथद्वारा 'राजधर्म'की अनुवादक ललितत्रिपुरसुन्दरीबारे प्रस्तुत भएका प्रमाण तर्कसङ्गत हुनाका साथै बलियासमेत छन् । योगी नरहरिनाथले 'राजधर्म'की अनुवादक ललितत्रिपुरसुन्दरी नै हुन् भन्ने बेहोराको अर्को थप पुष्टि गरेका छन्– '...श्री ५ रणबहादुर, श्री ललितत्रिपुरसुन्दरी, श्री जनरल भीमसेनका ३ रत्नका प्रतिपादक 'त्रिरत्नसौन्दर्यगाथा'का लेखक सुन्दरानन्द वज्राचार्यका छोरा (?) भुवनानन्दले 'राजधर्म'को प्रतिलिपि गरेका छन् ।'[६] भुवनानन्दका सन्दर्भमा कुरा गर्दा चाहिँ त्रिभुवन विश्वविद्यालयबाट गरेको एउटा शोधमा भुवनानन्दलाई सुन्दरानन्द बाँडाका छोरा भनेरै उल्लेख गरिएको छैन ।[७] त्यति बेलाको (धेरै पुरानो) प्रसङ्ग भएकाले अहिलेको शोधअभिलेखमा 'भुवनानन्द'को नाउँ उल्लेख गर्न छुटेको पनि हुन सक्छ ।

योगी नरहरिनाथले ललितत्रिपुरसुन्दरीको लेख्ने रुचिका विषयमा थप प्रकाश पारेका छन्– 'ललितत्रिपुरसुन्दरीको पुस्तकहरू लेख्ने, लेखाउने र दान गर्ने योग्यता र स्वभाव थियो ।'

•

'राजधर्म'मा ललितत्रिपुरसुन्दरीको लेखनको पक्षविपक्षाको मतमतान्तर भइरहेका बेला बालकृष्ण पोखरेलले आफ्नो आलेखमा स्पष्ट धारणा राखेका छन् ।[८] हुन त ललितत्रिपुरसुन्दरीको 'राजधर्म'का बारे धेरै विद्वान्ले लेखेका छन् । तीमध्ये बालकृष्ण पोखरेलले राजधर्मबारे आजसम्म प्रकाशित समीक्षा या मन्तव्यमध्ये सबैभन्दा लामो समीक्षा लेखेका छन् । सो समीक्षाका केही अनुच्छेद यहाँ प्रस्तुत गरिएको छ :

---

६. मञ्जुतारा शाक्य, **अमृतानन्द वन्ध्य : व्यक्ति व कृति** (२०५९), (त्रिभुवन विश्वविद्यालय नेपाल भाषा (नेवारी) एम्. ए. (शोधपत्र) ।

७. **राजधर्म**, जगदम्बा प्रकाशन (२०१९ : खड्गनरसिंह राणाको विचार) ।

८. बालकृष्ण पोखरेल, **पाँच सय वर्ष**, जगदम्बा प्रकाशन (२०२०) ।

'राजधर्म'को अनुवाद ललितत्रिपुरसुन्दरीले गरेकी हुन् भनेर अधिकांश विचारकहरूले मानेका छन् । भुवनानन्दले अन्तर्लापिकामा 'ललिता' र 'इ रानी वचन्' भन्ने लवज प्रयोग गरेकाले नै विचारकहरूले यस्तो मान्नुपरेको हो । तर भीमसेन थापाको जैँ नियन्त्रणपूर्ण शासनमा 'राजधर्म' पढ्ने अनुमति ललिताले पाइहोलिन् भन्ने कुरो इतिहासशिरोमणि बाबुराम आचार्यज्यूले पत्याउनुभएको छैन । तर आफ्ना पतिको मृत्युपछि आफ्नो नाबालख पुत्रको भविष्यनिर्माणमा एउटी राजमाताले सुटुक्क भए पनि चिन्ता गर्नु स्वाभाविकै भएकाले 'राजधर्म'जस्तो राजनैतिक ग्रन्थलाई रानी ललिताले वास्ता गरेकोमा आश्चर्य मान्नुपर्ने केही कारण देखिन्न ।'

'ललिता महारानीमा यति उच्चस्तरको संस्कृत ग्रन्थ नेपालीमा उल्था गर्न सक्ने योग्यता थियो भन्नेमा पनि शिरोमणिज्यूलाई शङ्कै लागेको छ । यसैले उहाँ जङ्गबहादुरकी जिनानामक कुनै भित्र्यानी रानीको नाउँ नै ललिता थियो होला र भुवनानन्दले आफ्ना बाबु सुन्दरानन्दको कृति तिनै जिना अर्थात् ललितालाई टक्र्याउनका लागि प्रतिलिपि गरे होलान् भन्ने मत व्यक्त गर्नुहुन्छ । भुवनानन्दको अन्तर्लापको ललिता भन्ने लवजको समाधान उहाँ यसरी गर्नुहुन्छ :

'तर 'इ रानी वचन'लाई चाहिँ शिरोमणिज्यू 'इरानी वचन' अर्थात् फार्सी वचन मान्नुहुन्छ । यसो गरेर उहाँले आफ्नै अघिल्लो तर्कलाई कम उपयोगी पार्नुभएको छ । यदि रानी वचनलाई इरानी वचन तुल्याउनु थियो भने शिरोमणिज्यूले धुइँधुइँती जिना रानीको अनुसन्धान गरेर के लाभ पाउनुभयो ? यो बुझ्न सकिएन । फेरि आश्चर्य त के कुरामा लाग्छ भने 'राजधर्म'मा अरबेली फार्सेली शब्दहरू त्यति मात्रामा देखिन्नन् जति मात्रामा ती समकालीन अन्य लेखकका कृतिमा पाइन्छन् । उदाहरणार्थ हाम्रो तेस्रो उठान पृष्ठ ४५३–५४ मा झन्डै तीन सय शब्द छन्, तर तिनमा अरबेली

फार्सेली शब्द दुई प्रतिशत मुस्किलले पुग्लान् । यस कारण हामीलाई 'राजधर्म'का निम्ति 'इरानी' शब्द आवश्यक छैन ।

'फेरि जहाँसम्म ललिताको लागि ललितत्रिपुरसुन्दरीलाई हटाएर जिनालाई अङ्गीकार गर्ने प्रश्न छ, यो आवश्यक होला जस्तो लाग्दैन । भएकी ललितालाई त्यागेर नभएकी ललिताको अनुसन्धान गर्नुलाई प्रशंसनीय काम भन्न सकिन्न । भानुदत्तको 'जस मनुष्यले निश्चल भयाको वस्तु छोडीकन अस्थिर वस्तुको इच्छा गरोस् तसको निश्चल वस्तु पनि हात रहँदैन, अस्थिर वस्तु ता गयैको छ' भन्ने वाक्यको यहाँ सम्झना हुन्छ । स्थिर ललितत्रिपुरलाई त्यागेर अस्थिर जिनातर्फ लाग्नु यसैले असल होइन । यस कारण ठोस प्रमाण नपाउन्जेल 'राजधर्म' ललितत्रिपुरसुन्दरीको कृति होइन भन्ने शिरोमणिज्यूको मतमा सहमति देखाउन सकिन्न ।'

•

योगी नरहरिनाथदेखि बालकृष्ण पोखरेलसम्मको 'राजधर्म' विषयक प्रतिक्रियालाई निफनेर भुस र चामल छुट्टयाउनुपर्दा 'राजधर्म' बारेको पोयोले यसका लेखक अनुवादक ललितत्रिपुरसुन्दरी नै हुन् भनेर बिट मारेको छ । त्यस बेलादेखि चल्दै आएको चर्चापरिचर्चालाई न्यायिक रूपमा निष्कर्ष दिँदा ललितत्रिपुरसुन्दरीबाटै 'राजधर्म' संस्कृत भाषाबाट नेपाली भाषामा अनुवाद भएको हो । त्यसैले उनी हाम्री पुरोधा नारीस्रष्टा हुन् । यसै बेहोरालाई जनराष्ट्रकवि ईश्वरवल्लभले पनि सहमति दिए । उनले 'राजधर्म'की स्रष्टा ललितत्रिपुरसुन्दरीलाई घरीघरी 'पुरोधा' नारी स्रष्टा भनेका छन् ।

ललितत्रिपुरसुन्दरीको लेखनयात्राका प्रसङ्गमा नेपाली भाषामा कलम चलाउने उनी नै प्रथम नारीस्रष्टा हुन् भनेर नारी समालोचकहरूले पनि एकै स्वरमा ठोकुवा गरेका छन् । यसै परिवेशमा समीक्षकत्रय डा.रजनी ढकाल, गीता त्रिपाठी र ज्ञानु

अधिकारीले लेखेका छन्– ‘हालसम्म प्राप्त तथ्य र सूचनालाई आधार मानेर अध्ययन गर्दा ललितत्रिपुरसुन्दरी नै नेपाली नारी साहित्यकी प्रथम स्रष्टा हुन् । अनूदित तथा मौलिक दुवैको मिश्रणका रूपमा रहेको ‘राजधर्म’ (१८८१) कृतिलाई नारीस्रष्टाद्वारा लिखित पहिलो कृति मानिन्छ ।’[९]

९. रजनी ढकाल, गीता त्रिपाठी र ज्ञानु अधिकारी, **विश्वनारी नेपाली साहित्य : परम्परा र प्रवृत्ति**, त्रिमूर्ति निकेतन (२०७१)

# ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत

ललितत्रिपुरसुन्दरी बहुआयामिक व्यक्तित्वकी धनी थिइन् । उनी नाचगान गर्ने, लेखनपठनमा इच्छा राख्ने, शासनमा निसाफ दिन सक्ने र समाजसेवामा जागरूक नारी थिइन् । वेद विद्यामा पनि उनको रुचि थियो । वेद विद्यामा सिपालु धेरै विद्वानहरूसँग उनको सम्बन्ध थियो भन्ने बेहोरा 'त्रिरत्न सौन्दर्य गाथा'मा पनि उल्लेख गरिएको छ । पण्डितहरूसँग ज्ञान ग्रहण गर्नका अतिरिक्त धर्मकर्ममा उनी जति समर्पित थिइन् त्यति नै नेपाली भाषा र संस्कृतिउपर पनि उनी आस्था राख्थिन् ।

ललितत्रिपुरसुन्दरी भारतको काशीमा पनि बसिन् । त्यहाँ बसेताक धर्मका प्रकाण्ड विद्वान्हरूसँग उनको सम्पर्क भयो । त्यसैले उनले धर्मसंस्कृति र नेपाली भाषामाथि आफ्नो तर्फबाट योगदान अर्पण गरिन् । भनौँ, त्यसैअनुरूप नेपाली भाषासाहित्यमा नारीस्रष्टाको सृर्जनाका रूपमा 'राजधर्म' प्रथम पटक उदाएको कृति हो ।[१] 'राजधर्म'की सर्जक ललितत्रिपुरसुन्दरी हुन् । ललितत्रिपुरसुन्दरीका विषयमा एक जना व्यक्तिबाहेक जतिले लेखे उनलाई 'राजधर्म'की सर्जक भनेर नै लेखे । योगी नरहरिनाथले आयोजना गरेको बृहद् प्राज्ञसभामा पनि चार दर्जनजति प्राज्ञिक व्यक्तित्वहरूले 'राजधर्म'की सर्जक ललितत्रिपुरसुन्दरी नै हुन् भनेर सहीछाप गरेका थिए । २०१६ साल मङ्सिर २० गते शनिबारको कुरा हो, त्यस बेलाको विचारविमर्शको

१. **राजधर्म**, नइ प्रकाशन (दोस्रो संस्करण : २०६४) ।

सम्बन्धमा 'राजधर्म' महारानी ललितत्रिपुरसुन्दरीको अनुवाद हो भन्नेहरूको सूची कमल दीक्षितले तयार गरे[२] :

'राजधर्म' महारानी ललितत्रिपुरसुन्दरीको अनुवाद हो भन्ने प्राज्ञहरू सर्वश्री योगी नरहरिनाथ, रङ्गनाथ शर्मा, रामशरण थापा, रामप्रसाद लामिछाने, द्वारकाराज उप्रेती, दयानिधि शर्मा, ब्रह्मदेवनाथ, सत्यमोहन जोशी, केशरशमशेर, बुद्धिसागर पराजुली, कृष्णप्रसाद भट्टराई, घनश्याम पौडेल, गङ्गाधर पराजुली, हरिश्चन्द्र न्यौपाने, वज्रानन्द वज्राचार्य, पद्मप्रसाद भट्टराई, ऋषभदेव शर्मा रेग्मी, भैरवप्रसाद शर्मा पौडयाल, चौ. नारायणजङ्ग शाह, भरतमणि आ.दी., खड्गनरसिंह राणा, पशुपति दाहाल, कमल दीक्षित, वासुदेव लुइँटेल, भीमभक्तमानसिंह बस्नेत, दीपकेश्वर शर्मा लोहनी, लक्ष्मीप्रसाद आचार्य, माधवप्रसाद उपाध्याय कणेल, अनङ्गनाथ उपाध्याय पौडयाल, नरेन्द्रमानसिंह बस्न्यात, भैरवबहादुर सिंह, वैकुण्ठनाथ खनाल, कोमलबहादुर पाण्डे, शेषकान्त पौडयाल, सूर्यविक्रम ज्ञवाली, बालकृष्ण सम, चूडानाथ भट्टराय, सिद्धिचरण श्रेष्ठ, जनकलाल शर्मा, केशवचन्द्र शर्मा, गदाधर पाध्या, देवीप्रसाद लम्साल, भीष्मदास वैष्णव, सोमनाथ शर्मा, भीमबहादुर खड्का, गङ्गाप्रसाद दाहाल आदि देखा परे । माथि उल्लिखित विद्वान्हरूका साथै क्रमशः अन्य स्रष्टाहरूले पनि ललितत्रिपुरसुन्दरीका विषयमा आफ्नो सकारात्मक मत जाहेर गर्दै आएको पाइन्छ ।

नेपाली भाषासाहित्यमा ललितत्रिपुरसुन्दरी भन्नु लेखनकी एउटी प्रेरक स्रष्टाको नाउँ हो । उनले नेपाली भाषासाहित्यको नारीलेखनमा गुरुतर भूमिका निर्माण गरिन् । उनको त्यही काम नै लेखनको इतिहासमा सधैँ बाँचिरहने नाउँ बन्यो । यस नाउँको नेपाली साहित्यमा चारैतिरबाट स्वागत गर्ने क्रम भयो । यसै परिवेशमा उनका बारे वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीले स्पष्ट धारणा जनसमक्ष

२. **राजधर्म**, जगदम्बा प्रकाशन (प्रथम संस्करण : २०१९) ।

प्रस्तुत गरे– 'ललितत्रिपुरसुन्दरीद्वारा लिखित 'राजधर्म' नेपाली वाङ्मयको गौरव हो । त्यस समयमा यस्तो ग्रन्थ निर्माण गरिनु केवल नारीहरूको मात्र जीत होइन सम्पूर्ण नेपाली वाङ्मयकै उपलब्धि हो ।'[३]

ललितत्रिपुरसुन्दरीका लेखनबारे डा.मोदनाथ प्रश्रितले उनको महिमा उल्लेख गर्दै भनेका छन्– 'नेपाली साहित्यजगत्मा अहिलेसम्म चर्चामा आएसम्म नेपालको प्रथम नारी साहित्यकारमा ललितत्रिपुरसुन्दरीको नाउँ आएको छ । नेपाली नारी साहित्यकारको सन्दर्भमा ललितत्रिपुरसुन्दरीको भन्दा अर्को नाउँ भेटिएको छैन । साहित्यलेखनको पक्षमा चर्चित नारीको रूपमा उनी आइन् ।'[४] वास्तवमा भन्ने हो भने ललितत्रिपुरसुन्दरीको सृजनात्मक अभिव्यक्तिको नेपाली साहित्यमा एकै स्वरमा स्वागत भएको देखिन्छ । प्रश्रितले जैँ श्यामदास वैष्णवले पनि उनको गरिमालाई आत्मसात् गर्दै मन्तव्य प्रकट गरेका छन्– 'निश्चय नै अग्रणी र गौरवमयी नारीस्रष्टा हुन्– ललितत्रिपुरसुन्दरी ।'[५]

नेपाली भाषासाहित्यमा ललितत्रिपुरसुन्दरीको व्याख्या र विश्लेषण भइरहने सन्दर्भमा उनको लेखनको योगदानको रेखाङ्कन गर्दै प्राध्यापक डा.दयाराम श्रेष्ठले आफ्नो खोजग्रन्थमा लेखेका छन्– 'ललितत्रिपुरसुन्दरीद्वारा 'महाभारत' शान्तिपर्वको नेपाली अनुवाद 'राजधर्म' लेखिबक्स्यो । तत्कालीन राजनैतिक परिस्थितिका निम्ति आवश्यक महसुस गरिएको विषय यसमा छ । नेपाली वाङ्मयको यो एउटा ऐतिहासिक उपहार हो ।'[६]

---

३. सत्यमोहन जोशी, **युगसंवाद** साप्ताहिक (२०६४ असार २६) ।

४. मोदनाथ प्रश्रित, साप्ताहिक **जनसत्ता** (२०६३ माघ २१) ।

५. **नारीचुली**, नइ प्रकाशन (२०६३ : श्यामदास वैष्णवको विचार) ।

६. दयाराम श्रेष्ठ, **नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देन**, श्री ५ को सरकार, सूचना विभाग (२०४४) ।

ललितत्रिपुरसुन्दरीको नेपाली साहित्यमा प्रविष्टिका विषयमा जनराष्ट्रकवि ईश्वरवल्लभले भनेका छन्– 'नेपाली भाषा लेखनमा भानुभक्तभन्दा अघि ललितत्रिपुरसुन्दरी उदाएकी थिइन् । उनी हाम्री आदिस्रष्टा मात्र नभएर नेपाली भाषासाहित्यकी विशिष्ट प्रणेता हुन् ।'[७] यसै गरी 'राजधर्म'कै परिप्रेक्ष्यमा चिरञ्जीवीदत्त पाण्डेले पनि लेखेका छन्– '१९ औँ शताब्दीमा श्री ५ रणबहादुर शाहकी कान्छी रानी ललितत्रिपुरसुन्दरीले 'राजधर्म'लाई संस्कृतबाट नेपालीमा अनुवाद गरेकी छन् ।'[८]

ललितत्रिपुरसुन्दरीका सृजनाले उनलाई झन् विशिष्ट कोटिको बनाइदियो । यसै सन्दर्भमा वर्षौंको अनुसन्धानपछि घटराज भट्टराईले लेखेका छन्– '...ललितत्रिपुरसुन्दरीको 'राजधर्म' नेपाली भाषामा पाइएको महत्त्वपूर्ण ग्रन्थ हो । राजनीतिक, भाषिक र साहित्यिक दृष्टिले पनि यस ग्रन्थले निकै महत्त्व राख्छ ।'[९] ललितत्रिपुरसुन्दरीले 'राजधर्म'को अनुवाद गर्दै जाँदा हरेक अध्यायका अन्त्यमा कविता प्रस्तुत गरेर पनि 'राजधर्म'लाई थप सिँगारेकी छिन्, जसले गर्दा 'राजधर्म' अझ पठनीय कृति बन्न पुगेको देखिन्छ ।

ललितत्रिपुरसुन्दरीको साहित्यिक लेखनबारे गौरव मान्नेमध्ये प्राध्यापक डा.ज्ञानु पाण्डे पनि एक हुन् । उनको लेखनीबारे थप प्रकाश पार्दै डा.पाण्डेले आफ्ना भावना जनमाऊ प्रस्तुत गरिन्– 'आजसम्मका प्राज्ञिक तथ्यहरूलाई केलाएर हेर्दा ललितत्रिपुरसुन्दरी नेपाली वाङ्मयकी आदिस्रष्टा हुन् । नारीहरूको प्रतिभा छोपिने त्यस्तो डरलाग्दो कालखण्डमा पनि उनले नेपाली भाषामा त्यति विशिष्ट कोटिको कृति लेखिन् ।'[१०] उनीबारे शैलेन्द्र साकारले लेखेका

---

७. ईश्वरवल्लभ, **घटना र विचार** साप्ताहिक (२०६४ असार २०) ।
८. चिरञ्जीवीदत्त पाण्डे, **आलोचना**, रत्न पुस्तक भण्डार (२०५२) ।
९. घटराज भट्टराई, **नेपाली लेखककोश**, लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान (२०५५) ।
१०. ज्ञानु पाण्डे, **छलफल** साप्ताहिक (२०६४ असार २४) ।

छन्– 'ललितत्रिपुरसुन्दरीलाई आजसम्म थाहा भएअनुसार प्रथम नारीलेखिका मानिएको छ ।'[११]

ललितत्रिपुरसुन्दरीको साहित्यिक यात्राको परिवेशलाई बुन्दै भारत दार्जिलिङकी मातृका गजमेरले पनि लेखिन्– 'नेपालकी महारानी ललितत्रिपुरसुन्दरीदेवी पहिलो नेपाली विदुषी नारी थिइन् ।'[१२] आफ्नो अनुसन्धानको निचोडमा बालकृष्ण पोखरेलले लेखेका छन्– ''राजधर्म'को अनुवाद ललितत्रिपुरसुन्दरीले गरेकी हुन् भनेर अधिकांश विचारकहरूले मानेका छन् ।'[१३] पोखरेलको यसै भनाइमा 'शाहकालीन कला र वास्तुकला' नामक ग्रन्थमा सूची[१४] तयार गर्दै डा. जगदीशचन्द्र रेग्मीले पनि आफ्नो बूढी औँठा थिचेका छन् ।

'राजधर्म'को विषयमा चारैतिर छलफल भइरहेका सन्दर्भमा जगदीशशमशेर राणाले ललितत्रिपुरसुन्दरीका बारे आफ्नो मत पोखेका छन्– '...'राजधर्म' हेरेपछि मात्र मैले रानी ललितत्रिपुरसुन्दरीबारे जानैं । त्यस बेला यस्तो रोचक भाषामा, यत्रो साहित्यिक, धार्मिक र नैतिक परिवेशमा लेखिएको ग्रन्थ लेख्ने या लेखाउने या लिपिबद्ध गर्ने नारीलाई पुज्नु योग्य कार्य हो ।'[१५]

ललितत्रिपुरसुन्दरी र 'राजधर्म' विषयलाई आधार बनाई नेपाली भाषासाहित्यको प्राज्ञिक मञ्चमा उभिएका प्रायः प्रत्येक स्रष्टाले ललितत्रिपुरसुन्दरीको लेखनको गरिमालाई बोकेर गीत गाएका छन् । यसै सन्दर्भमा डा.देवीप्रसाद सुवेदीले लेखे– 'राजधर्म'को प्रत्येक अध्यायको अन्त्यमा दिएको टुङ्ग्याउनी पद्यश्लोकले 'राजधर्म'की

---

११. शैलेन्द्र साकार, **कथामा नारी हस्ताक्षर**, साझा प्रकाशन (२०३३) ।
१२. मातृका गजमेर, **नारी स्रष्टाहरू : अन्तर्वार्ताहरूमा**, दुर्गा सापकोटा र पुनम श्रेष्ठ, दार्जिलिङ, भारत (सन् २०००) ।
१३. बालकृष्ण पोखरेल, **पाँच सय वर्ष**, जगदम्बा प्रकाशन (२०२०) ।
१४. जगदीशचन्द्र रेग्मी, **शाहकालीन कला र वास्तुकला**, साझा प्रकाशन (२०३३) ।
१५. **नारीचुली**, नइ प्रकाशन (२०६३ : जगदीशशमशेर राणाको विचार) ।

अनुवादक ललितत्रिपुरसुन्दरीको कवित्वशक्तिको परिचय पाइन्छ र उनको गद्यलेखनमा देखिएको परिष्कारले उनमा रहेको विशिष्ट गद्यकारिता पनि झल्कन्छ ।'[१६]

प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यमा सर्वाधिक सुपरिचित नाउँ हो । उनको लेखनका बारे नेपालको प्रथम नारी स्थायी न्यायाधीश इन्दिरा राणाले समेत भनेकी छिन्– 'नेपाली भाषामा त्यस बखत ललितत्रिपुरसुन्दरीले देखाएको बाटो नै आजसम्म हामी हिँडिरहेका छौँ ।'[१७] त्यसै गरी उनका विषयमा स्रष्टाहरूद्वारा सुगन्धित माला उनिइरहेकै पाइन्छ । यसै धरातलमा उभिएर प्रमोद प्रधानले पनि लेखेका छन्– '...ललितत्रिपुरसुन्दरीद्वारा संस्कृतबाट नेपालीमा अनुवाद गरिएको 'राजधर्म'जस्ता कृति पनि नेपाली गद्यमा टेवा दिन आइपुगेका देखिन्छन् ।'[१८]

ललितत्रिपुरसुन्दरीको 'राजधर्म'लाई एकातिर नेपाली भाषाको प्रेरक अभिलेख भनिन्छ भने अर्कातिर नेपाली भाषाको ऐतिहासिक कार्यको थालनी पनि मानिन्छ । यसै परिप्रेक्ष्यमा राष्ट्रगुरु योगी नरहरिनाथ लेख्छन्– 'यो पुस्तक (राजधर्म) प्रकाशित गर्नाले त्यो बेलाको महिला शिक्षा, सामाजिक अवस्था, राजनीतिक स्थिति, भाषाको प्रवाह, कवित्व शैली, राजसत्ताप्रति जनताको आस्था, धर्मपरायणता, संस्कृतिप्रेम इत्यादि ऐतिहासिक कुराको दिग्दर्शन हुनेछ ।'[१९] ललितत्रिपुरसुन्दरीलाई नेपाली भाषासाहित्यमा मूर्धन्य रूपमा ग्रहण गरेर योगी नरहरिनाथले नेपाली भाषाका भक्तहरूको मन जिते । यस विषयमा योगी नरहरिनाथले कदम चालेपछि नै ललितत्रिपुरसुन्दरीको सृजनात्मक अभिलेखका विषयमा थप अनुसन्धान हुँदै गएको पाइन्छ । यसै सिलसिलामा महारानी ललितत्रिपुरसुन्दरीको

१६. देवीप्रसाद सुवेदी, **युगसंवाद** साप्ताहिक (२०६३ माघ २३) ।
१७. इन्दिरा राणा, साप्ताहिक **जनसत्ता** (२०६४ असार ३०) ।
१८. प्रमोद प्रधान, **शारदा** मासिक (२०६३ चैत) ।
१९. **राजधर्म**, जगदम्बा प्रकाशन (२०१९ : योगी नरहरिनाथको विचार) ।

लेखनको स्तुति गर्दै इन्दिरा प्रसाईले पनि आफ्नो निष्कर्ष प्रस्तुत गरेकी छिन्– 'ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यकी प्रथम नारीस्रष्टाका अतिरिक्त समस्त नारीलेखनकी चेतनाबिन्दु पनि हुन् । सृजनाकी विभूतिले लेखेको राजधर्म शान्तिपर्वको पुराण नेपाली वाङ्मयको अनमोल सम्पत्ति भएको छ ।'[२०]

ललितत्रिपुरसुन्दरीको लेखनका बारे सर्वत्र प्रशंसाका थुँगा बर्सिरहेका बेला गोविन्द भट्टले उनीप्रति आफ्नो लामो प्रतिक्रिया प्रस्तुत गरेका छन् । भट्टको भनाइअनुसार 'अऋसम्म प्राप्त सामग्रीहरूका अनुसार ललितत्रिपुरसुन्दरीले 'राजधर्म'को शीर्षक दिएर महाभारतको अनुशासनपर्वको नेपाली भाषामा अनुवाद गरेकी थिइन् ।... त्यस समयका अन्य दिग्गज गद्यकार र कविहरूको पङ्क्तिका बीच एक महिला स्रष्टाका रूपमा ललितत्रिपुरसुन्दरी मात्र देखा पर्दछिन् र उनीभन्दा अघि नेपाली भाषामा अरू कुनै नारीस्रष्टा रहेको कुरा अऋसम्म पत्तो लागेको छैन । त्यसबाहेक अझै गुणात्मक दृष्टिबाट उनको गद्यलेखन र काव्यरचनाका भाषाशैली र प्रस्तुतीकरणमा पाइने सरलता, सहजता र मधुरताको उच्च मूल्याङ्कन गरेर हाम्रा केही सुप्रसिद्ध समीक्षक र अन्वेषकहरूबाट उनको 'राजधर्म'लाई यौटा ऐतिहासिक उपहार र नेपाली वाङ्मयको गौरवका रूपमा स्वीकार गरिसकिएको छ ।'[२१]

ललितत्रिपुरसुन्दरीको लेखनले नेपाली भाषासाहित्यमा मात्र नभएर नेपाली साहित्यको इतिहासलाई नै प्रभावित पारेको छ । उनको अनुवाद र रचनाधाराकै परिप्रेक्ष्यमा इतिहासकार प्रा.डा.सुरेन्द्र केसीले लेखेका छन्– 'महाभारत'को अनुशासनपर्वलाई आजभन्दा फन्डै दुई सय वर्षअघि ललितत्रिपुरसुन्दरीले नेपालीमा अनुवाद गरिन् । रानीले यस्तो कृति अनुवाद गर्नु चानचुने कुरा थिएन ।'[२२] त्यसै

२०. इन्दिरा प्रसाई, **हिन्दू** साप्ताहिक (२०६४ असार २२) ।

२१. नरेन्द्रराज प्रसाई, **गोविन्द भट्ट**बाट प्राप्त पत्र (२०६४ वैशाख २८) ।

२२. सुरेन्द्र केसी, **विश्व परिक्रमा** पाक्षिक (संयुक्त राज्य अमेरिका : सन् २००७ सेप्टेम्बर १–१५) ।

गरी उनको लेखनको सन्दर्भमा प्रशंसाको फूल पर्सँदै राजेश्वर देवकोटा आफ्नो प्रतिक्रिया व्यक्त गर्छन्– 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको 'राजधर्म' एक ऐतिहासिक कार्य हो र हामी नेपालीले यसमा गर्व गर्नुपर्दछ ।'[२३]

नेपाली भाषासाहित्यमा ललितत्रिपुरसुन्दरीको लेखनले ऐतिहासिक अभिलेख स्थापित गरेको छ । स्रष्टा ललितत्रिपुरसुन्दरी इतिहासमा स्वर्णिम छाप राख्ने व्यक्तित्व हुन् । वास्तवमा धर्मको एउटा बृहद् ठेली बोकेर उनी लेखनकलामा साहसका साथ उभिएकी थिइन् । उनी नेपाली र संस्कृत भाषाकी बराबरी ज्ञाता भएकै कारणले नै यस्तो विशिष्ट कार्यमा उनी सफल भएकी थिइन् । उनको यही योगदानले देशदेशान्तर ढाकेको पाइन्छ । यसै प्रसङ्गमा उनको साहित्यप्रवेशबारे बेलायती इतिहासकार जोनथन ग्रेग्सनले पनि लेखेका छन्– 'ललितत्रिपुरसुन्दरी काव्यप्रेमी हुनाका कारण उनले महाभारतको एउटा भाग अनुवाद गरेर राजदरबारको छविलाई नै उच्चस्तरमा पुऱ्याइन् ।'[२४]

ललितत्रिपुरसुन्दरीको सृजनात्मक योगदानलाई धेरैले अद्वितीय मानेका छन् । उनको कामकै मूल्याङ्कन गरेर गणेशबहादुर प्रसाईले आफ्नो मन्तव्य पोखेका छन्– 'ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म' गद्य भाषाको एउटा सुन्दर नमुना हो । अत्यन्तै परिमार्जित भाषाले 'राजधर्म' ओतप्रोत छ । विषयका दृष्टिले पनि राजमाताको स्थानमा बसेर 'राजधर्म' जस्तो गहन कृति लेख्नु त्यस युगको सबभन्दा उच्चतम उपलब्धि हो ।'[२५]

---

२३. नरेन्द्रराज प्रसाई, **राजेश्वर देवकोटा**बाट प्राप्त पत्र (२०६४ साउन १) ।

२४. Jonathan Gregson, **Massacre at the Palace**, Talk Miramax Books, USA (2002).

२५. गणेशबहादुर प्रसाई, **सन्ध्याकालीन** दैनिक (२०६४ कात्तिक २८) ।

ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म' खालि पुराणका रूपमा मात्रै सीमित गरिएर राखिएको देखिन्थ्यो । यस कृतिविषयक विवरण जनसमक्ष आएपछि यस कृतिउपर क्रियाप्रतिक्रिया पनि आउँदै गए । उनीद्वारा प्रस्तुत 'राजधर्म'को वर्णन गर्ने धारामा संस्कृत वाङ्मयका प्राध्यापक डा.विष्णुराज आत्रेयले आफ्नो मत राखेका छन्– 'ललितत्रिपुरसुन्दरी स्वयं संस्कृत भाषाको विदुषी थिइन् । उनी संस्कृतमा काव्यरचनासमेत गर्दथिन् । यसबाहेक यिनले राष्ट्रभाषा नेपालीमा सुन्दर गद्य र पद्य रचना पनि गर्दथिन् । संस्कृतबाट नेपालीमा अनूदित 'राजधर्म'को गद्यलाई त्यस बेलाको प्राञ्जल नेपाली गद्य भन्न मिल्छ । यसको वाक्य गठन, रचना शिल्प र गद्यगत मिठासलाई हेर्दा यो अनूदित कृति नभएर मौलिक कृति नै हो जस्तो लाग्छ ।'[२६]

ललितत्रिपुरसुन्दरीका साहित्यरचनाका बारेमा साहित्यका हरेक विधा, रचनाका अनेक विचार र भाषाका विविध विषयका विज्ञहरूको सकेसम्म एउटै मत कायम रहेको छ । उनीप्रति चासो, जिज्ञासा र रुचि राख्ने प्रायः अन्वेषक, प्राज्ञ, स्रष्टा, चिन्तक र समालोचक आदिले उनलाई नेपाली भाषासाहित्यकी प्रथम नारीस्रष्टाका रूपमा सम्मान गर्दै आएका छन् । ललितत्रिपुरसुन्दरीको लेखनको आदर, सम्मान र अर्चना गर्दै मदनमणि दीक्षितले लेखेका छन्– 'ललितत्रिपुरसुन्दरीले महाभारतको शान्तिपर्व (राजधर्म अनुशासनपर्व)लाई 'राजधर्म'को नाउँले नेपाली भाषामा प्रस्तुत गरेर इतिहासमा नै श्रेष्ठता प्राप्त गरिन् । उनले संवत् १८८१ मा संस्कृत भाषाबाट नेपाली भाषामा 'राजधर्म' अनुवाद गरेकी थिइन् ।'[२७]

ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यमा प्रवेश गरेको सन्दर्भमा प्रकाश ए.राजले लेखेको कृतिमा 'ललितत्रिपुरसुन्दरीले 'महाभारत'को शान्तिपर्व अनुवाद गरेकी हुन्'[२८] भनी उल्लेख

---

२६. विष्णुराज आत्रेय, **राष्ट्रवाणी** साप्ताहिक (२०६४ कात्तिक २१) ।

२७. मदनमणि दीक्षित, **गरिमा** मासिक (२०६४ असोज) ।

२८. Prakash A. Raj, **Queens of The Shah Dynasty in Nepal**, Nabeen Publications, (1997).

गरिएको छ । त्यसै गरी उनी प्रथम नारीस्रष्टासमेत भएको बेहोरामा प्रकाश ए.राजले लेखेका छन्– 'ललितत्रिपुरसुन्दरीले महाभारतको शान्तिपर्व 'राजधर्म'को नेपाली अनुवाद गरेकाले उनी नेपालको प्रथम साहित्यकार बन्न पुगिन् ।'[२९]

ललितत्रिपुसुन्दरीको लेखनका विषयमा विद्वान्विदुषीहरूले सुरुचिपूर्ण अभिव्यक्ति दिने क्रम पनि ऋाङ्गिएको छ । त्यसै परिवेशमा प्राध्यापक डा.गार्गी शर्माले आफ्नो मन्तव्य राखेकी छिन्– 'नेपाली भाषासाहित्यमा पहिलो चोटि कलम चलाउने नारी सृजनाकारको नाउँ हो– ललितत्रिपुरसुन्दरी । उनले संस्कृत वाङ्मयको सर्वमान्य कृति 'महाभारत'को शान्तिपर्वअन्तर्गतको अनुशासनपर्वलाई नेपाली भाषामा लेखेकी थिइन् । त्यतिखेर नेपाली भाषामा लेख्ने त्यति सारो प्रचलन थिएन । तत्कालीन समयमा संस्कृत भाषाकै बोलबाला थियो । त्यसैले उनले संस्कृत साहित्यको अमर कृति महाभारतलाई समाइन् र त्यस कृतिअन्तर्गतको 'राजधर्म'लाई नेपालीमा अनुवाद गरिन् । त्यसपछि मात्र भानुभक्त आचार्यले 'रामायण'लाई नेपाली भाषामा लेखेका थिए ।'[३०] यसै सन्दर्भमा पुरुषोत्तम दाहालले पनि लेखेका छन्– 'नारीस्रष्टाको विवेचनाक्रममा ललितत्रिपुरसुन्दरीको साहित्यिक आद्य उपस्थितिलाई प्रमाणित गरिएको छ ।'[३१]

ललितत्रिपुरसुन्दरीको 'राजधर्म'बारे नेपाली साहित्यका नारी समालोचकहरूले पनि आफ्ना धारणा राखेका छन् । जसअनुसार डा.रजनी ढकाल, गीता त्रिपाठी र ज्ञानु अधिकारीले लेखेका छन्– 'समग्र नेपाली साहित्यको इतिहासमा जस्तै नेपाली नारी साहित्यको इतिहासको प्रारम्भ पनि कविता विधाबाट नै भएको देखिन्छ । अहिलेसम्म प्राप्त तथ्यका दृष्टिले ललितत्रिपुरसुन्दरीको 'राजधर्म' (१८८१, अनुवाद)बाट नेपाली नारी लेखनको प्रारम्भ भएको देखिन्छ ।

२९. प्रकाश ए.राज, **पुनर्जागरण** साप्ताहिक (२०६४ मङ्सिर ११) ।

३०. गार्गी शर्मा, **नेपाल समाचारपत्र** दैनिक (२०६४ कात्तिक २९) ।

३१. पुरुषोत्तम दाहाल, **नयाँपत्रिका** दैनिक (२०६४ कात्तिक २७) ।

उनको राजधर्म अनुवाद भए पनि प्रत्येक अध्यायको अन्त्यमा उनका मौलिक रचनाका रूपमा राजधर्म लेख्नुको औचित्य र आत्मधारणासमेत प्रस्तुत गरिएका पद्यहरूसमेत भएकाले यी मौलिक पद्यका आधारमा ललितत्रिपुरसुन्दरीलाई नै नारी लेखनको प्रस्थानबिन्दु मान्नु उपयुक्त हुन्छ ।' यसका साथै डा.ढकाल, त्रिपाठी र अधिकारीले अनुसन्धानका क्रममा 'नेपाली कवितामा महिला लेखनको पहिलो ऐतिहासिक कृति'को सन्दर्भ उठाएर लेख्छन्– '...ललितत्रिपुरसुन्दरीद्वारा अनुवाद लेखन गरिएको 'राजधर्म'लाई प्रामाणिक रूपमा पहिलो नेपाली महिला लिखित कविताकृति मानिएको छ ।'[३२]

ललितत्रिपुरसुन्दरीका विषयमा लेख्ने प्राज्ञको लहरमा प्राध्यापक डा.कुमारबहादुर जोशी पनि प्रमुख रूपमा देखा परे । यसबारे जोशी लेख्छन्– 'राजधर्म' (आजसम्मको खोजमा पहिलो ठहरिएको नेपाली पुस्तक) तयार पार्ने रानी ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यकी प्रथम ऐतिहासिक नारी लेखिका हुन् र साथै सो 'राजधर्म'मा अध्यायैपिच्छे अध्यायको आरम्भ र अन्त्यमा मौलिक भक्ति पद्य लेखेकीले उनी प्रथम नेपाली कवयित्री पनि ठहरिन्छिन् ।'[३३] 'राजधर्म'बारे प्रा.राजेन्द्र सुवेदी लेख्छन्– "'राजधर्म' नामक विशाल ग्रन्थ र सशक्त चिन्तन प्रक्षेपण गर्ने ग्रन्थ ललितत्रिपुरसुन्दरीबाट सृजना हुनुलाई विशेष चमत्कारीकै विषय मानिन्छ । ...इतिहास, भाषा र साहित्यका विद्वान्हरूले ललितत्रिपुरसुन्दरीको उपस्थितिका विषयमा निकै विश्लेषण र व्याख्या गर्ने काम गरेका छन् । उनको साहित्यसेवा, राजनीतिक तथा सामाजिक र सांस्कृतिक विषयका चिन्तनलाई सहज र संवेद्य ढङ्गले प्रस्तुत गर्दै ललितत्रिपुरसुन्दरीको अस्तित्व र योगदानका विषयमा चर्चा गरेका छन् । यस दृष्टिले नेपाली गद्य साहित्यमा प्राथमिक कालमा भएको उनको योगदानका विषयमा पनि सहज र

३२. रजनी ढकाल, गीता त्रिपाठी र ज्ञानु अधिकारी, **विश्वनारी नेपाली साहित्य : परम्परा र प्रवृत्ति**, त्रिमूर्ति निकेतन (२०७१)

३३. कुमारबहादुर जोशी, **सुगन्ध** मासिक (२०६४ असोज) ।

संवेद्य ढङ्गले चर्चा गरेका छन् । नेपाली साहित्यका विशिष्ट प्रतिभाहरूका बीचमा र नेपालका राजनीतिक चिन्तकहरूका बीचमा आएका ऊहापोह र सामाजिक सद्भाव कायम गर्ने विषयमा समर्पित बनेको ललितत्रिपुरसुन्दरीको व्यक्तित्वलाई सहज र सरल ढङ्गले प्रतिपादन गर्ने काम भएको छ ।'[३४]

ललितत्रिपुरसुन्दरीको साहित्य प्रवेश नेपाली भाषासाहित्यको एउटा स्वर्णिम बिहानी मानिन्छ । उनको 'राजधर्म' राजकाजका लागि समेत एउटा बलियो दिशानिर्देश पनि मानिन्थ्यो । यस ग्रन्थको विशेषताबारे 'विश्वनारी नेपाली समालोचना'नामक ग्रन्थमा प्रा.डा.उषा ठाकुर लेख्छिन्– 'अपूर्व सौन्दर्यकी खानी कवयित्री ललितत्रिपुरसुन्दरीको रूप सौन्दर्य जति आह्लादक र मोहक थियो; राष्ट्र, राष्ट्रियता र नेपालीका लागि उनले गरेका साहित्यिक, सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक कार्यहरू पनि त्यत्तिकै महत्त्वपूर्ण, प्रशंसनीय र प्रेरणास्पद छन् ।'

डा.उषा ठाकुर थप लेख्छिन्– 'एकतर्फ 'राजधर्म'को अनुवाद गरेर तथा ललितत्रिपुरसुन्दरीले एउटा सफल नायबीको कर्तव्य निर्वाह गरी आफ्नो धार्मिक, आध्यात्मिक चेतनालाई सुदृढ बनाउने कार्य मात्रै नभएर देश र देशवासीलाई आध्यात्मिक चेतना दिँदै नेपाली माटोलाई शक्ति र सामर्थ्य प्रदानसमेत गरिन् । साथै यस महान् कार्य गरेर उनले नेपाली भाषासाहित्यको समृद्धिका निम्ति अमूल्य योगदान प्रदान गरिन् । उनले जनकल्याणका लागि स्तोत्र पनि लेखिन् र नेपाली भाषामा कविता पनि लेखिन् । हामी उनका कविता 'राजधर्म'को प्रारम्भमा नै पढ्न सक्छौँ । साथै प्रत्येक अध्यायका अन्त्यमा पनि प्रभावशाली कविताहरू पढ्न सक्छौँ । उनले संस्कृत भाषामा लिखित 'राजधर्म'को महिमा र सन्देशलाई अनुवादको माध्यमबाट नेपाली जनमनमा पुऱ्याउने महत्त्वपूर्ण कार्य सफलतापूर्वक गरेकी

३४. राजेन्द्र सुवेदी, **नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण** नइ प्रकाशन (२०७३) ।

छन् । नेपाली भाषामा उनले नै प्रथमपल्ट कविता लेखेर उनी एक प्रतिभासम्पन्न साहित्यकारको रूपमा उभिइन् ।'

प्राज्ञ डा.उषा ठाकुरका विचारमा 'राजधर्म'मा प्रयुक्त अनुवादिकाको अनुवादकला उच्चस्तरको देखिन्छ । एकातिर नेपाली समाजमा प्रचलित शब्दहरूका प्रयोगले भाषालाई सजीवता प्रदान गरेको छ भने अर्कातर्फ सबैको हृदयमा गम्भीर प्रभाव पार्न सघाउ पुऱ्याएको छ ।'

विश्लेषणात्मक अभिमत दिने समालोचकहरूका पङ्क्तिमा प्रा.डा.उषा ठाकुर पनि अघिल्लो हारमा आउँछिन् । उनले 'राजधर्म'का विषयमा थप प्रकाश पार्दै लेखेकी छिन्– 'निश्चय नै अनुवादकार्य आफू आफैँमा एउटा कठिन कार्य हो । त्यसैले यो सुखद संयोग नै हो, किनभने अनुवादकार्यको कठिनतालाई आफ्नो सक्षम साहित्यिक व्यक्तित्व र दुवै भाषाको ज्ञातव्यका कारण कुशलतापूर्वक सहज स्वाभाविक रूपमा ललितत्रिपुरसुन्दरीले प्रस्तुत गरिन् । साथै उनले शान्तिपर्वको मौलिकताको पूर्ण रूपमा रक्षा गर्दै नेपाली साहित्यानुरागी पाठकसमक्ष सफल अनुवादकार्यको एक ज्वलन्त उदाहरण प्रस्तुत गरेकी छिन् । मूल कृतिमा व्याप्त भावनात्मक मर्महरूको गम्भीरता र सजीवता अनुवादमा पनि यथावत् कायम रहेको छ । मूलभाव सर्वत्र अक्षुण्ण रूपमा प्रकट भएको छ । यसरी नै पूर्ण इमानदारीका साथ उनी अनुवाद कार्यमा संलग्न भएर सफलतापूर्वक पूर्ण प्रवाहमयता र स्वाभाविकताका साथ उनले यसलाई सफल पारिन् । विषयानुकूल शब्दहरूका चयनमा 'राजधर्म' उत्तिकै सफल रहेको छ । वाक्यगठन, रचनाशिल्प, भाषिक सौन्दर्यको दृष्टिले पनि यो कृति अपूर्व देखिन्छ ।'[३५]

ललितत्रिपुरसुन्दरीको गरिमाशाली, ऐतिहासिक र ओजपूर्ण कृतित्वले उनी नेपाली भाषासाहित्यकी विभूतिमा नै दरिइन् । उनका बारेमा आजसम्म लेख्ने र बोल्ने सबैको स्वरलाई एउटै डिकोमा राखेर पढ्ने हो भने नेपाली भाषासाहित्यमा कलम चलाउने प्रथम

३५. उषा ठाकुर, **विश्वनारी नेपाली समालोचना**, त्रिमूर्ति निकेतन (२०७१) ।

नारीस्रष्टाको उपस्थिति भन्नु नै ललितत्रिपुरसुन्दरी हुन् । उनी नेपाली भाषासाहित्यकी श्रद्धेय नारीचुली हुन् । अनि उनी नेपाली भाषासाहित्यकी प्रथम नारी गुरुआमा पनि हुन् ।

'राजधर्म'बारे महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको भनाइ छ– 'विगत झन्डै साठी वर्षका बीच इतिहास शिरोमणि बाबुराम आचार्यबाहेक अरूले 'राजधर्म' नेपाली गद्यानुवाद ललितत्रिपुरसुन्दरीले रचेकामा विमति देखाएको देखिएन । ...'राजधर्म' नाउँको निकै पुरानो (सवा सय शताब्दीभन्दा पनि) नेपाली गद्यानुवाद २०१९ सालमा प्रकाशित भएपछिका समयमा नेपाली भाषा र साहित्यका पुराना क्रमिक गद्यपाठका सङ्कलनअन्तर्गत नमुनाको रूपमा यस अनूदित 'राजधर्म'को सानो अंश सङ्कलित गर्ने र नेपाली साहित्यमा प्राथमिक कालका गद्यसाहित्यका आकलनका क्रममा ललितत्रिपुरसुन्दरीको नामोल्लेख गर्ने या छोटो चिनारी दिने प्रवृत्ति बिस्तारै देखा पर्‍यो । ...वास्तवमा महर्षि महाकवि कृष्णद्वैपायन व्यासकृत महाभारतीय राजधर्मोपदेशी वा राजशास्त्रको दिग्दर्शक यो पुरानो नेपालीकृत पौराणिक गद्याख्यानस्वरूप बृहत् कृति नेपाली गद्यभाषामा अनूदित नै भएर पनि त्यो प्राथमिक कालीन नेपाली साहित्ययात्रामा वि.सं.१८८१–१८८८ सालतिरैका नेपाली भाषामा गद्यानुवादग्रन्थका रूपमा रचिई लेखोट तयार हुनु अति विशिष्ट लेखनकार्य हुँदै हो भने त्यो ग्रन्थ तयार पारी नेपाली वाग्देवी र आम नेपाली भावक तथा पाठकका सेवामा चढाउन सफल भई पुण्यवती र दिव्यांशी ठानिएकी रानी ललितत्रिपुरसुन्दरी आफ्ना तीनपुस्ते राजकीय हैसियतभन्दा माथि नै उठ्न पुगेकी छन् भन्न सकिन्छ । यो 'राजधर्म' भाषा नेपाली गद्यानुवाद अनूदित भएर पनि मौलिकतुल्य आस्वादित हुने नेपाली प्राथमिककालीन गद्यसाहित्यका क्षेत्रको एक विशिष्ट ग्रन्थ हो । वास्तवमा यो तद्युगीन नेपाली समाज र पाठकसमुदायको विशिष्ट वाङ्मयिक प्राप्ति र एक चिरस्मरणीय ग्रन्थनिधिसमेत हुँदै हो ।'[३६]

---

३६. नरेन्द्रराज प्रसाई, वासुदेव त्रिपाठीबाट प्राप्त टिपोट (२०७८ चैत २१) ।

# ललितत्रिपुरसुन्दरीको राजकाज

श्री ५ रणबहादुर शाहको पहिलो विवाह गुल्मीकी राजकन्या विद्यालक्ष्मीसँग भएको थियो । बिहेपछि यिनको नाउँ राजराजेश्वरी कायम गरियो । उनीबाट सन्तानचाहिँ भएनन् । तर बाबुराम आचार्यले 'महारानी राजराजेश्वरीका तर्फबाट श्री ५ रणबहादुर शाहकी एउटी छोरी मात्र जन्मेकी थिइन्'[१] भन्ने दाबी गरेका छन् । राजराजेश्वरी 'व्यक्तित्वशाली र राजनैतिक सुझबुझ र समझदारी भएकी स्त्री थिइन् ।'[२] रणबहादुर शाहको दोस्रो विवाह सुवर्णप्रभासँग सम्पन्न भयो । यी दम्पतीले चाहिँ एउटा छोरा जन्माए । उनको नाउँ रणोद्यत शाह राखियो । यस विषयमा पनि बाबुराम आचार्यले 'अब यस्तो कहिल्यै नहोस्'नामक कृतिमा रणबहादुर शाहकी रानी सुवर्णप्रभाबाट दुई छोरा रणोद्यत र शमशेर जन्मेको बेहोरा उल्लेख गरेका छन् ।

रणबहादुर शाहलाई स्त्रीमोह प्रबल थियो । उनी राम्री नारीसँग लुटुपुटु हुन्थे । त्यही क्रममा उनको कान्तवती झा नाउँकी सुन्दरीसँग पशुपतिनाथको दर्शनका क्रममा भेट भएको थियो । उनीसँग रणबहादुर शाहले अपहत्ते गरेर एकतर्फी प्रेम गरे । गोपाल झाका अनुसार कान्तवती भारत बिहारको दरभङ्गाका मैथिली ब्राह्मण मिश्रकी छोरी थिइन् ।[३] साथै कान्तवती जनकपुरधामदेखि तीन किलोमिटर

---

१. बाबुराम आचार्य, **अब यस्तो कहिल्यै नहोस्,** श्रीकृष्ण आचार्य (२०५८) ।

२. सुरेन्द्र केसी, **आधुनिक नेपालको राजनैतिक इतिहास**, सरिता प्रकाशन (२०४८) ।

३. गोपाल झाबाट नरेन्द्रराज प्रसाईलाई प्राप्त जानकारी (२०७६) ।

दक्षिण विन्धी गाउँका मिथिला ब्राह्मणकी बुहारी[४] भएको बेहोरा डा.राजेन्द्र विमलबाट ज्ञात हुन्छ । उनी बालविधवा थिइन् । कान्तवतीबारे बाबुराम आचार्य लेख्छन्– '... मिथिलातिरबाट आएकी कान्तवती नामकी एक नवयौवना तिरहुत सुन्दरी विधवा ब्राह्मणसँग सायद पशुपतिमा नै रणबहादुर शाहको आकस्मिक भेट भयो । युवतीको रूप, यौवन र सौन्दर्यलाई देखेर यिनी अत्यन्त नै मुग्ध भए ।' कान्तवती सुन्दरी थिइन् र उनको त्यस सुन्दरताले रणबहादुर शाहलाई एकोहोऱ्याएको थियो । त्यही परिणतिका कारण उनीहरूको वैवाहिक सम्बन्ध कायम हुने एउटा कबुलमा निश्चित भयो । कान्तवतीले आफूले छोरा पाएका खण्डमा राजा बनाउने सर्तमा रणबहादुर शाहसँग बिहे गरिन् ।

बिहेपछि कान्तवती शक्तिशाली रानीका रूपमा प्रतिष्ठापित भइन् । साथै बिहे भएपछि गीर्वाणयुद्धको जन्म भयो । कान्तवतीले छोरो जन्माएपछि रणबहादुर शाहले सुवर्णप्रभालाई भित्रेनीमा घोषणा गरेर उनबाट जन्मेका छोरा रणोद्यत शाहलाई राजगद्दीको उत्तराधिकारीबाट पर सारे ।[५] अनि उनले आफू २३ वर्षको हुँदा कान्तवतीका कोखबाट जन्मेका छोरा गीर्वाणयुद्धविक्रमलाई नै राजगद्दीमा राखे ।

रणबहादुर शाहको नारीमोहबारेको औपचारिक प्रसङ्ग कोट्ट्याउने हो भने उनले आफ्नी साली अथवा कान्तवतीकी बहिनी चन्द्रावतीसँग पनि राजकीय पारामा नै लगनगाँठो कसेका थिए । चन्द्रावतीसँग बिहे गरेको एक वर्ष नपुग्दै उनले ललितत्रिपुरसुन्दरीसँग पनि धूमधामका साथ बाजा बजाएर बिहे गरेका थिए । यो बिहे भने भीमसेन थापाको अग्रसरतामा भएको थियो ।

---

४. राजेन्द्र विमलबाट नरेन्द्रराज प्रसाईलाई प्राप्त जानकारी (२०७६) ।

५. बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा**, कृष्णकुमारीदेवी (षष्ठ संस्करण : २०३९) ।

श्री ५ रणबहादुर शाहले आफ्ना छोरालाई राजा घोषित गरेर सन्न्यास लिएका थिए । त्यसपछि उनी निर्वाणानन्द स्वामी भए । उनको सन्न्यासी जीवनमा पनि उनले कान्तवतीलाई भने छाड्न सकेनन् । अनि कान्तवती पनि स्वामिनी भइन् । त्यसै फेरोमा उनी बिफर या भनौँ, शीतलामाईका कारणबाट बिरामी परिन् । त्यसै रोगका कारण कान्तवती स्वर्गीय भइन् ।[६] त्यसपछि रणबहादुर शाह अत्यन्तै चिन्तित, दु:खित, पीडित र झन्नैझन्नै विक्षिप्त नै बने । त्यसैको परिणामले रणबहादुर शाहको मन बिग्र्यो । त्यस वियोगले उनको भावनामा तुवाँलो पऱ्यो र मस्तिष्कमा ताप बढ्न थाल्यो । त्यसैबीचमा उनैका कारणले नेपालको राजनैतिक अवस्था पनि निक्कै तहसनहस भयो ।

•

१८६३ साल वैशाख १६ गते शनिबार भाइभारदारको सभामा श्री ५ रणबहादुर शाहको हत्या गरिएको थियो । रणबहादुर शाहलाई उनका सौतेनी भाइ चौतरिया शेरबहादुर शाहले आफूले कम्मरमा भिरेको तरबार झिकेर काटेका थिए । शेरबहादुर शाहले 'लगातार तीन प्रहार छोडेपछि रणबहादुरको घटनास्थलमै मृत्यु भयो ।'[७] 'यसबाट उनीप्रति आस्था र भक्ति राख्नेहरूलाई दु:ख हुनु स्वाभाविकै थियो । श्री ५ रणबहादुर शाहको वधले दु:खी हुनेहरूमा कपरदार भोटु पाँडे प्रमुख थिए' भनी धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठबाट 'शाहकालका अभिलेख'[८]मा उल्लेख भएको छ । पाँडेले पशुपतिनाथको दक्षिण ढोकाछेउ रणबहादुर शाहको सालिकको पनि स्थापना गरेका थिए ।

---

६. चित्तरञ्जन नेपाली, **श्री ५ रणबहादुर शाह**, रत्न पुस्तक भण्डार (२०२०) ।

७. सुन्दरानन्द बाँडा, **त्रिरत्न सौन्दर्य गाथा**, सं.धनवज्र वज्राचार्य, नेपाल सांस्कृतिक परिषद् (२०१९) ।

८. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, **शाहकालका अभिलेख**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, (पहिलो भाग : २०३७) ।

साथै उनको मुक्तिका लागि उनी काटिएको ठाउँ पोखल्ड्याङ (धरहराछेउ पश्चिम)मा प्रधानमन्त्री माथवरसिंह थापाले पनि रणमुक्तेश्वर मन्दिर स्थापना गरेका थिए ।

बालक राजा श्री ५ गीर्वाणयुद्धविक्रम शाहको नजिक रहेका मध्ये रानी ललितत्रिपुरसुन्दरी थिइन् । गीर्वाणयुद्धविक्रमको लालनपालन र पोषण गर्ने काम यिनै रानीबाट हुन गयो । उनी राजसंस्थाप्रति अत्यन्तै आस्थावान् थिइन् । साथै उनी राष्ट्रवादी पनि थिइन् । उनको जनप्रियता पनि साह्रै लोभलाग्दो थियो । त्यसैले ललितत्रिपुरसुन्दरीको जीवनको महत्त्वपूर्ण पक्ष राजकाज जोगाउनु नै रह्यो । त्यस बखत सरकार प्रमुख भीमसेन थापा थिए । थापा देशभक्त, राजभक्त र जनप्रेमी राजनीतिज्ञ थिए । त्यस बेला भीमसेन थापाले राष्ट्र जोगाउन हरेक उपाय रचेका थिए । थापा कति देशभक्त थिए भने उनीबारे प्रा.डा.सुरेन्द्र केसीले रणबहादुर शाहले भनेकै बेहोरा लेखेका छन् – 'म मरी मुलुक डुब्न्या छैन, भीमसेन मर्‍यो भने मुलुक डुब्न्या छ ।' थापाबारे जङ्गबहादुर राणाले भनेका थिए– 'नेपालका प्रधानमन्त्रीहरूमा भीमसेनजत्तिको बुद्धिमान् प्रधानमन्त्री कोही थिएन ।' त्यसै गरी चन्द्रशमशेरले भनेका थिए– 'नेपालको अस्तित्व कायम रहनुमा भीमसेनकै योगदान थियो ।'[९]

ललितत्रिपुरसुन्दरी रणबहादुर शाहकी पाँचौं अथवा कान्छी रानी थिइन् । बिहे गरेको अर्को वर्ष यिनका पतिको निधन भएको थियो । जनरल भीमसेन थापाको सहयोग, सद्भावना र सहृदयताले यिनले पतिसँगै चितामा बलेर सती जानु परेन ।

ललितत्रिपुरसुन्दरीले छोरा (कान्तवतीबाट जन्मेका छोरा) गीर्वाणयुद्धविक्रम शाहलाई आफ्नै छोरोसरह हेरविचार गरेकी थिइन् । उनले सधैँ गीर्वाणयुद्धविक्रमलाई खोकिलामा नै राखेर राजकाज चलाइन् । यसै प्रसङ्गमा पण्डित सुन्दरानन्द बाँडाको 'त्रिरत्नसौन्दर्य

९. सुरेन्द्र केसी, **आधुनिक नेपालको राजनैतिक इतिहास**, सरिता प्रकाशन (२०४८) ।

गाथा'मा लेखिएको छ– 'जस्ता प्रकारले द्वैमातुर दुई आमाका छोरा श्रीगणेशकन काखमा राषि विराजमान हुँदा श्रीमहादेवको शोभा भयथ्यो. त्यस्तै प्रकारले पार्वतीसरुप श्रीललितत्रिपुरसुन्दरीदेवीका संनिधानमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहदेवकन काषमा ली विराजमान हुंदा श्री रणबहादुर शाह स्वामीज्यूका शोभा हुँदा भयो ।' (**श्लोक १६७ बाट अनुकृत**)

ललितत्रिपुरसुन्दरीले राजकाजमा बसेर छोरानातिको संरक्षण गरेको बेहोरालाई धेरैले स्तुति गरे । त्यही प्रसङ्गमा सर्जक तथा पण्डित सुन्दरानन्द बाँडाकृत कृतिमा चाहिँ यथेष्ठ वर्णन गरिएको छ– 'राजमण्डलका हिरा भयाका श्री ५ राजेन्द्रविक्रम शाह महाराजाकन श्री ५ ललितत्रिपुरसुन्दरी महारानीबाट यशोदाले श्रीकृष्णकन रक्षा गऱ्या कैं गरि रक्षा गर्थिन्. तीन पुस्ताका महाराजा श्री ५ रणबहादुर साह १ श्रीगीर्वाणयुद्धविक्रम साह २ श्रीराजेन्द्रविक्रम साह ३ तिन पुस्ताका वर्गप्रकृति राज्यका लक्ष्मी भयाका श्रीमहारानी सदा सौभाग्यवती धन्य २ रह्याछन् ।' (**श्लोक २०६ बाट अनुकृत**)

•

१८७३ सालमा १९ वर्षका उमेरमा राजा गीर्वाणयुद्धविक्रमको मृत्यु भयो । त्यस मृत्युका कारण उनकी जेठी महारानी श्रीसिद्धिलक्ष्मी सती गइन् । कान्छी महारानी गोरक्षराजलक्ष्मीको पनि आफ्ना पतिको मृत्यु भएको चौध दिनमा मृत्यु भयो । यिनै गोरक्षराजलक्ष्मी नै राजेन्द्रविक्रमकी आमा थिइन् ।

श्री ५ गीर्वाणयुद्धका बालक छोरा राजेन्द्रविक्रम राजा भएकाले श्री ५ महारानी ललितत्रिपुरसुन्दरी नै त्यस कालमा पनि नायबी भइन् । उनले श्री ५ राजेन्द्रवीरविक्रम शाहलाई पनि खुबै माया गरेर हुर्काइन् । उनले राजेन्द्रवीरविक्रम शाहलाई अत्यन्तै स्नेहले पढाएकी र बढाएकी थिइन् । उनले खास गरेर राजेन्द्रवीरविक्रम शाहको बाल्यकालमा चारैतिरको आँधी बेरी रोकी रक्षा गरेकी थिइन् ।

वास्तवमा उनी विमातृ भएर पनि मायाकी खानी थिइन्, सेवाकी मुहान थिइन् र रक्षाकी मूल थिइन् । रानीका त्यही बेहोरालाई बोक्तै सुन्दरानन्द बाँडाकृत पुस्तकमा ललितत्रिपुरसुन्दरीलाई 'लक्ष्मी स्वरूप भयाका जगत्माता' भनिएको छ । वाणीविलास पाण्डेले त उनलाई साक्षात् देवी नै माने ।

•

नेपाल राष्ट्रको इतिहासमा सबैभन्दा धेरै समयसम्म नायबी भएर राज्य सञ्चालन गर्ने श्री ५ महारानी ललितत्रिपुरसुन्दरी नै थिइन् । उनको नायबीकालमा यिनका नाउँमा दुईवटा मुद्रा[१०] (सुनको सुकी र चाँदीको सुकी) चल्तीमा आएका थिए । त्यस बेहोरालाई वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीद्वारा लिखित 'नेपाली राष्ट्रिय मुद्रा' नामक ग्रन्थमा पनि उल्लेख गरिएको छ । साथै यसबारेको थप जानकारी बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली र प्रकाश ए.राजले पनि दिएका छन् ।

आफ्नो जीवनकालमा रानी ललितत्रिपुरसुन्दरीले विभिन्न सामाजिक, धार्मिक र साहित्यिक कामहरू नै यथेष्ठ गरिन् । यिनका नायबीकालमा मुलुकभित्र र मुलुकबाहिर अनेक ठाउँमा बनाइएका स्तम्भ, मन्दिर र देवलहरूमा नेपाली भाषामा खोपिएका शिलालेखहरू स्थापित भए । यिनका लागि अक्षर प्रिय थियो । त्यसैले शिलापत्र राख्ने कार्यमा समेत यिनी जागरूक थिइन् । यसै पृष्ठभूमिमा यिनको गुन गाएर सुन्दरानन्दले 'त्रिरत्नसौन्दर्य गाथा'मा यिनलाई एक रत्नका रूपमा जयजयकार गरे ।

ललितत्रिपुरसुन्दरीले आफ्नो छोटो जीवनकालमा जेजे गरिन् अमर हुने काम गरिन् । देश र समाजमा समर्पित भएकै कारण नेपाली भूगोलमा उनको नाउँले अक्षय हुने मौका पायो । उनी नेपाली धरतीमा राजमाताका रूपमा सम्मानित मात्र होइन स्थायी नाउँमा

१०.**नेपाली मुद्राको सूची**, श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग (२०१७) ।

अभिलिखितसमेत भइन् । उनका कार्यले उनलाई अत्यन्तै मर्यादित बनाएको बारे इतिहासका पानाहरू पनि खुलेर बोल्ने गरेका छन् ।

•

राजमाता ललितत्रिपुरसुन्दरीको जीवनकालभरि नै नेपाल अधिराज्यमा भीमसेन थापाको अत्यन्तै ठूलो शक्ति बढेको थियो । यसैबारे 'पाञ्चाली शासनपद्धतिको विवेचनामा लेखिएको छ– '...चतुर भीमसेन थापा नायब ललितत्रिपुरसुन्दरीलाई पनि आफ्नो अनुकूल बनाउन समर्थ भए । अनि १८६८ सालमा मुख्यमन्त्री भीमसेन थापा जनरल भए ।'[११] जनरल थापाको शासनशक्तिका बारे 'नेपालको महाभारत'मा लेखिएको छ 'ललितत्रिपुरसुन्दरी बाँचुन्जेल भीमसेन थापाको विरोधमा चाइँचुइँ कसैको कुरा दरबारमा लाग्दैनथ्यो । ...ललितत्रिपुरसुन्दरी दरबारमा उनको ढाल बनेर बसिदिएकीले पनि भीमसेन थापा निर्धक्क थिए ।'[१२]

ललितत्रिपुरसुन्दरीको चोला उठेपछि भीमसेन थापाको सम्पूर्ण राजनैतिक जीवनपद्धति नै स्वाहा भयो ।

---

११. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, **पाञ्चाली शासनपद्धतिको ऐतिहासिक विवेचना**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय (२०३५) ।

१२. ज्ञानमणि नेपाल, **नेपालको महाभारत**, साझा प्रकाशन (२०५०) ।

# ललितत्रिपुरसुन्दरीको समाजसेवा

ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यमा जुन स्थानमा नापिइन्, समाजसेवा र धर्मकर्ममा पनि उनको नाउँ उति नै प्रचलित भइरह्यो । उनी जसरी सृजनामा समर्पित थिइन्, जनसेवामा पनि त्यतिकै लागिपरेकी थिइन् । वाणीविलास पाण्डेकृत शिलापत्रमा पनि अक्षराङ्कित गरिएको छ– '... सधैं धर्मकर्म गर्ने गरीब गुरुवा दुःखी टुहुरामाथि दया राख्ने, पतिव्रताहरूमा श्रेष्ठ भएका उहाँ (ललितत्रिपुरसुन्दरी) कान्छा महारानी हुनुहुन्छ ।' उनका विषयमा तत्कालीन समयमा जति स्तुति भयो त्यस बेहोराले सदैव उनको स्वर्णिम गाथा चम्किरह्यो । उनका जीवनकालमा उनले गरेका विविध कार्यहरूमध्ये प्रमुख कार्य यस प्रकार छन् :

### १. त्रिपुरेश्वर मन्दिर

रानी ललितत्रिपुरसुन्दरीले काठमाडौंमा त्रिपुरेश्वर महादेव मन्दिरको स्थापना गरिन् । त्यही मन्दिरको नाउँ जोडिएर नै त्यस ठाउँको नाउँ त्रिपुरेश्वर रहन गयो । ललितत्रिपुरसुन्दरीले सो मन्दिर १८७४ सालदेखि बनाउन लगाएकी थिइन् र १८७७ सालमा सो मन्दिरको निर्माण भइसकेको थियो । यसै शिवको मन्दिरलाई 'शाहकालको पूर्वार्धकालमा बनेको'[1] मन्दिर भनिएको छ । त्यस


---

१. मनवज्र वज्राचार्य, **नेपालको मध्यकालीन कला**, श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय (मिति नखुलेको) ।

बखत त्रिपुरेश्वर मन्दिर निर्माणार्थ भीमसेन थापा र रङ्गनाथ खटिएका थिए ।

ललितत्रिपुरसुन्दरीबाट त्यस मन्दिरको छानामा १८७९ सालमा सुनको जलप लगाइएको थियो । वास्तवमा उनी त्यस समयकी धर्मपरायण नारीकी प्रतीक नै थिइन् । उनको यही योगदानका बारे 'त्रिरत्नसौन्दर्य गाथा'मा समेत लेखिएको छ– '...साक्षात् भगवती जगदम्बा श्रीमल्लललितत्रिपुरसुन्दरी देवी जो छन् श्रीमत्‌त्रिपुरेश्वर शिवजीकन अर्पण गर्दि भइन् ।'

ललितत्रिपुरसुन्दरीसमेतको जयगानका रूपमा सुन्दरानन्द बाँडाले 'त्रिरत्नसौन्दर्य गाथा' तयार गरेका हुन् । त्यस ग्रन्थमा ललितत्रिपुरसुन्दरीलाई देवी अथवा भगवतीका रूपमा प्रस्तुत गरिएको छ । साथै ललितत्रिपुरसुन्दरीले संस्कृत भाषामा पनि लेख रचना गर्ने गरेको बेहोरा 'त्रिरत्नसौन्दर्य गाथा'मा उल्लेख गरिएको पाइन्छ– 'श्रीललितत्रिपुरसुन्दरी जगन्माता देवीबाट रचना गऱ्याका श्री ३ त्रिपुरेश्वरका संक्षिप्त स्तोत्रकन स्तुति गर्न्याको सुन्न्याको श्रद्धा गर्न्याको नित्य भजन गर्न्याको क्षुद्र रोग आदि छेरुवा रोगको अपमृत्युको भय राजाको भय अग्नीको भय जंगल बनमा डाकु इत्यादिको भय हुन्या छैनन् ।' **(श्लोक २१७ बाट अनुकृत)**



**(ललितत्रिपुरसुन्दरीद्वारा निर्मित त्रिपुरेश्वर महादेवको मन्दिर)**

त्रिपुरेश्वर महादेव मन्दिरको प्रसङ्ग राजा रणबहादुर शाहसँग गाँसिएको छ । रानी ललितत्रिपुरसुन्दरीले आफ्ना पतिका स्मृतिमा त्रिपुरेश्वर महादेव मन्दिर बनाएकी थिइन् । त्रिपुरेश्वर महादेव मन्दिरका बारे प्रा.डा.जगदीशचन्द्र रेग्मीले 'शाहकालीन कला र वास्तुकला'नामक

ग्रन्थमा लेख्छन्– '...महारानी ललितत्रिपुरसुन्दरीले थापेको त्रिपुरेश्वरको मन्दिरमा काष्ठकलाका अनुपम र विविध उदाहरण देखिन्छन् । यस मन्दिरका चार विशालविशाल ढोकामा काष्ठकलाको समग्र उपयोग गरिएको छ । साथै शिखरमा साठी टुँडालहरूको प्रयोग पनि गरिएको छ ।'[२]



(त्रिपुरेश्वर महादेव मन्दिरअगाडि ललितत्रिपुरसुन्दरीको सुनौलो सालिक)

त्रिपुरेश्वर मन्दिर पनि हिन्दू संस्कृतिको एउटा भव्य मन्दिर मानिन्छ । त्यस मन्दिरमा रहेका भव्यताले सजिएका कतिपय वस्तुहरू ठाउँठाउँ सारिएको पनि ज्ञात हुन्छ । उदाहरणका लागि भन्ने हो भने राणाकालीन समयमै त्रिपुरेश्वर मन्दिरबाट ठूलो दैलो लगेर सिंहदरबारस्थित संसद् भवन, ग्यालरी बैठकमा राखियो र हालसम्म पनि त्यहाँको प्रवेशद्वारमा त्यही दैलो रहेको छ । त्रिपुरेश्वर महादेवका पुस्तैनी पुजारी विश्वनाथ भट्टका अनुसार महारानी ललितत्रिपुरसुन्दरीले मन्दिरपरिसरमा राखेका दुईवटा सिंहका ढुङ्गेमूर्ति पनि श्री ३ चन्द्रशमशेरकै निर्देशनमा सो भवनमा पुऱ्याइएको थियो । ती मूर्तिहरू अझै संसद् भवनकै द्वारमा छन् ।

त्रिपुरेश्वर महादेवको मन्दिरअगाडि ललितत्रिपुरसुन्दरीका नाति राजेन्द्रवीरविक्रम शाहले आफ्नी हजुरआमाको धातुको सालिक थापेका थिए भन्ने बेहोरा 'शाहकालीन कला र वास्तुकला'नामक ग्रन्थमा जगदीशचन्द्र रेग्मीले उल्लेख गरेका छन् । साथै महारानी ललितत्रिपुरसुन्दरीको एउटा अर्को आकर्षक सालिक राष्ट्रिय सङ्ग्रहालयमा पनि राखिएको छ ।

२. जगदीशचन्द्र रेग्मी, **शाहकालीन कला र वास्तुकला**, साझा प्रकाशन (२०३३) ।



(ललितत्रिपुरसुन्दरीद्वारा निर्मित वाग्मतीको पुल)

## २. वाग्मतीको पुल

काठमाडौँ र पाटन आवतजावत गर्ने कुनै साधन थिएन । त्यसैले यी ठाउँहरू एकअर्कामा दुर्गमजस्ता देखिन्थे । जनताको दुक्खकष्ट हरण गर्ने एउटा उपायका रूपमा त्यहाँ पुलको निर्माण गरिनुपर्ने थियो । त्यसैले ललितत्रिपुरसुन्दरीले आफ्ना पतिको मोक्ष प्राप्तिका लागि वाग्मती नदीमा फलामको पक्की पुल बनाउने योजना बनाइन् । त्यस पुलको १८६७ साल मार्ग शुक्ल एकादशी बिहीबार रानी आफैँले शिलान्यास गरेकी थिइन् । यस पुलको निर्माण सम्पन्नचाहिँ १८६८ साल चैत कृष्ण सप्तमीको बिहीबार भएको थियो । यस पुलका बारेको प्रशस्ति वाणीविलास पाण्डेले लेखेका छन्– ‘श्रीललितत्रिपुरसुन्दरी महारानीले श्रीजगदीश्वरप्रीतिपूर्वक श्रीस्वामीज्यूका उद्धार निमित्त वारीपारी धर्मशाला गुठी खेतले संग भयाको यस पुलको उत्सर्ग गर्नुभयो ।’[३] वाग्मती पुल १३५३ हात लम्बाइको थियो ।



(वाग्मती पुलको सिंहकेतु)

वाग्मती पुलका विषयमा वाणीविलास पाण्डेले लेखेको शिलालेख ‘त्रिरत्नसौन्दर्य गाथा’ले पनि समेटेको छ । यस पुलका बारे वाणीविलास पाण्डेको भनाइ छ– ‘वारपारमा बस्ने प्राणीहरूले यस खोलालाई सजिलैसँग तरेर जान सकून् तथा मातृकुल पितृकुल र पतिका कुलका जो जो पितृहरू छन्,

---
३. **शाहकालका अभिलेख**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय (२०३७) ।

तिनीहरूले पनि तर्न गाह्रो संसाररूपी समुद्रलाई खुशीसाथ तरेर जानसकून् भन्ने इच्छाले महारानी ललितत्रिपुरसुन्दरीले यो असल पुल बनाउनुभयो ।'

ललितत्रिपुरसुन्दरीले बनाएको यस पुलको सर्वत्र प्रशंसा भएको थियो । उनले त्यहाँ पुल मात्र बनाइनन् पुलको वारि र पारि बस्ती पनि बसाइन् । पुलको सौन्दर्य बढाउन उनले पुलदेखि मुन्तिर अर्थात् पश्चिम उत्तरतर्फ ढुङ्गा छापी घाट पनि बनाइदिइन् ।

उपत्यकाअन्तर्गत कान्तिपुर र ललितपुर राज्यमा आउने, जाने क्रममा काठमाडौँ पाटन जाने, आउने वाग्मतीमा पुल थिएन । त्यस बेलाका यी राज्यहरू प्राय: प्रतिद्वन्द्वितामा पनि आइरहन्थे । पृथ्वीनारायण शाहले एकीकरण गरेको नेपालमा पनि काठमाडौँ ललितपुर जोड्ने पुल बन्न सकेको थिएन । एकअर्काका लागि दुर्गमजस्तो भएका ती दुवै ठाउँलाई उक्त पुलले अत्यन्तै सुगम बनाइदिएको थियो । एक शताब्दीपछि सो पुल जीर्ण भयो र राणा सरकारले त्यही ठाउँमा अर्को पुल थप्यो । त्यही क्रमको जोड्ती नै अहिलेको आधुनिक वाग्मतीको पुल हो ।

वाग्मती पुलको थापाथलीपट्टि सिंहकेतुको मूर्ति रहेको छ । यसबारे 'शाहकालीन कला र वास्तुकला'नामक ग्रन्थमा जगदीशचन्द्र रेग्मीले लेखेका छन्– 'थापाथलीमा जुन पुल थापिएको थियो त्यसै अवसरको संस्मरणमा राखिएको स्तम्भभिलेखमाथि खुट्टा उजाएको ढलोटको विशाल सिंहमूर्ति थापिएको छ । मूर्ति ज्यादै प्रभावशाली र आलङ्कारिक बनेको छ ।'


**३. धरहरा**

१८८१ सालमा जनरल भीमसेन थापाले आफ्नै दरबारछेउ धरहरा बनाएका थिए ।[४] अनि तात्तातै अर्थात् १८८२ सालमा रानी

४. राजाराम सुवेदी : **प्राचीन नेपाल** (२०४० फागुन चैत) ।

ललितत्रिपुरसुन्दरीले त्यहीँनेरि अर्को धरहरा बनाएर थापाले बनाएको एकल धरहरालाई जोडी बाँधिदिएकी थिइन् । यी दुई धरहरालाई रानी ललितत्रिपुरसुन्दरी र प्रधानमन्त्री भीमसेन थापाको एक अर्काप्रतिको सम्मान, स्नेह र विश्वासको प्रतीक पनि मानिन्थ्यो ।

ललितत्रिपुरसुन्दरीले गजुरसहितको धरहरा बनाएकी थिइन् । तर जनरल थापाले बनाएको धरहरामा चाहिँ गजुर थिएन । तत्कालीन नेपालमा जोरधरहराका कारण त्यो ठाउँ प्रसिद्ध थियो । ललितत्रिपुरसुन्दरीले बनाएको धरहराको चाहिँ अभिलेख यस प्रकार छ– 'स्वस्तिश्री सम्वत् १८८२ साल मिति चैत्र सुदि १२ रोज ४ वैशाख महिनाका दिन ९ जांदा श्रीमन्महाराजाधिराज पट्टराज्ञी श्री श्री श्रीमल्ललित त्रिपुरसुन्दरी देवीले यो धरहरा बनाउनु भै तैयार गरी गजुर चढाउनुभयाको हो ॥ शुभम्'[५]।


(ललितत्रिपुरसुन्दरीद्वारा निर्मित धरहरा)

ललितत्रिपुरसुन्दरी र भीमसेन थापाका दुवै धरहरालाई १८९० सालको भूकम्पले क्षति पुऱ्याएको थियो । साथै १९१३ सालको बज्रले यी दुवै धरहरालाई थप क्षति पुगेको थियो । यी दुवै धरहराको १९२६ सालमा जीर्णोद्धार गरिएको थियो । साथै १९९० सालको महाभूकम्पबाट फेरि यी दुवै धरहरा भत्किएका थिए । त्यस घडी भीमसेन थापाले बनाएको धरहरा जगैबाट गर्ल्यामगुर्लुम भत्केको थियो । साथै ललितत्रिपुरसुन्दरीले बनाएको धरहराचाहिँ साढे चार तला सग्लो रहेको तथ्य त्यति बेला

५. **राजधर्म**, जगदम्बा प्रकाशन (२०१९)।

खिचेको तस्बिरमा देखिन्छ ।[६] उक्त तस्बिरमा एकातिरको मात्रै दृश्य देखिने भएकाले धरहराको चर्केको अरू भाग नदेखिएको पनि हुन सक्छ; किनभने धरहराको मूल ढोकाको सिरानमा राखिएको धातुको अभिलेखमा चाहिँ त्यो धरहरा 'दुई तलासम्म पुरानो बाँकी भएको' लेखिएको छ । त्यस अभिलेखको पूर्ण पाठ यस प्रकारको छ– 'संवत् १८८२ साल चैत सुदी १२ रोज ४ मा श्रीश्रीश्रीमल्ललित त्रिपुरसुन्दरीदेवीबाट बनाइबक्सेको यो धरहरा वि.सं.१९९० साल माघ २ गते (माघ कृष्ण ३०) सोमबारको भीषण भूकम्पले भत्कि विग्री दुई तलासम्म पुरानो बाँकी भएकोमा अरु तला उठाई बनाई श्री ३ महाराज जुद्धशमशेर जङ्गबहादुर राणाबाट वि.सं.१९९२ सालमा जीर्णोद्धार गरिबक्सिएको ॥ शुभम् ॥'

नौतले धरहराको सातौँ तलामा बार्दली रहेको थियो । जमिनदेखि नवौँ तलासम्म २३८ वटा खुड्किला रहेको धरहराको माथिल्लो तलामा शिवलिङ्गको स्थापना गरिएको थियो । धरहराको उचाइ २०३ फिट थियो । तर जगदीशचन्द्र रेग्मीले धरहराको उचाइलाई 'यो २५० फीटजति अग्लो छ भनिन्छ'[७] लेखेका छन् भने गौतमवज्र वज्राचार्यले '९० हात'[८] उल्लेख गरेका छन् ।

त्यति बेलाका काठमाडौँका जनतालाई महत्त्वपूर्ण सूचना सम्प्रेषण गर्नुपर्दा भने धरहराका टुप्पाबाट बिगुल बजाइने अथवा कराइने गरिन्थ्यो । पछिपछि यो ठाउँ सैनिकका लागि पनि उपयोगी हुन थाल्यो । साथै धरहराबाटै काठमाडौँ उपत्यकाको दृश्यावलोकनको परिपाटि पनि रहँदै आयो । जनश्रुतिअनुसार धरहरा जोस, जाँगर र जितको प्रतीक मानिन्छ । धरहराको आकार, प्रकार र ढाँचाका

---


६. **Images of a Century**, GTZ (1995).

७. जगदीशचन्द्र रेग्मी, **शाहकालीन कला र वास्तुकला**, साझा प्रकाशन, २०३३ ।

८. गौतमवज्र वज्राचार्य, **हनुमानढोका राजदरबार**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय (२०३३) ।

कारण यसलाई हिन्दू, इसाई र मुसलमान धर्मको मिश्रित स्वरूप हो पनि भनिन्छ ।

२०७२ साल वैशाख १२ गते शनिबार आएको महाभूकम्पबाट ललितत्रिपुरसुन्दरीले बनाएको धरहरा सानो ठुटो मात्र बाँकी रही गर्ल्यामगुर्लुम भत्केको थियो । त्यति बेला सो भूकम्प ७.७ रेक्टरको मापन गरिएको थियो । त्यसपछि त्यसैको छेवैमा त्यही रूप, त्यही ढाँचा र त्यही शैलीको नयाँ धरहरा ठडचाइएको छ ।


(ललितत्रिपुरसुन्दरीद्वारा निर्मित सुनधारा)

## ४. सुनधारा

रानी ललितत्रिपुरसुन्दरीले सुनधाराको निर्माण गरेकी थिइन् । उनले आफूले बनाएको धरहरानजिकै सर्वसाधारण जनतालाई पवित्र जल प्रदान गर्नेहेतु सुनधारा बनाएकी थिइन् । नेपालमा ढुङ्गेधाराको इतिहास केलाउँदा लिच्छविकालीन राजा मानदेव प्रथमले काठमाडौँको भाटभटेनीमा पहिलो चोटि ढुङ्गेधारा बनाएका थिए । ढुङ्गेधारा विशेषज्ञ प्रयाग जोशीका अनुसार 'सबैभन्दा पछि बनाइएका ढुङ्गेधारा नै सुनधाराका ढुङ्गेधारा हुन् । त्यसपछि सार्वजनिक स्थलमा कतै पनि ढुङ्गेधारा बनाइएको छैन ।'

सुनधारावरिपरि ढुङ्गाका छप्पट बिछ्याइएका छन् । धरहरादेखि झन्नै अठार फुटजति तल सवा दुई रोपनी जग्गाको हातामा सुनधारा अवस्थित छ । सुनधाराबाट ढुङ्गाका बाइसवटा खुड्किला उक्लेपछि धरहरापरिसरमा पुगिन्छ । सुनधारामा रहेका ढुङ्गेधारामध्ये मूल धारामा धातुको मकरमुखाकृति (गोहीको मुखअनुकृत टुटी) लाई सुनको जलप लगाइएको छ । यहाँको मूल धारासमेत उत्तरतिरका

तीन धारालाई गङ्गा, यमुना र सरस्वती नदीको प्रतीक मानिन्छ । एउटा ठूलो मूल धारो र दायाँबायाँ दुईदुईवटा धारा गरी यहाँ जम्मा पाँचवटा ढुङ्गेधारा रहेका छन् । सुनधाराको धातुको मकरमुखाकृतिमा लेखिएको छ– 'स्वस्तीश्री सम्वत् १८८५ साल मिति फाल्गुण वदि ७ रोज ५ का दिन श्री ५ महारानी ललितत्रिपुरसुन्दरी देवीले यो धारो बनाई श्रीकृष्णार्पण गर्नुभयो शुभम् ।'

सुनधारामा निर्माणकालदेखि नै सधैँ पानी आउने गर्थ्यो । वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीका अनुसार 'सुनधारामा भगीरथको प्रतीकात्मक आकृति रहेको छ । धारामा अविच्छिन्न पानी आइरहोस् भन्ने यसको मान्यता हो ।' तर सुनधाराजस्तो ऐतिहासिक, धार्मिक र सामाजिक महत्त्वको ठाउँमा अहिले पानीको थोपा पनि चुहिँदैन । सुनधारास्थित कर्मचारी सञ्चय कोषको भवन निर्माणका क्रममा जग खनेलगत्तै यहाँको पानी बन्द भएको थियो । डेढ शताब्दीसम्म गड्गडाएर अविरल बगेको सुनधारा २०४३ सालदेखि एक्कासि मरुभूमिझैँ उराठलाग्दो भएको छ ।

**५. मठमन्दिरको सेवा**

ललितत्रिपुरसुन्दरीले आफ्नो जीवनकालमा प्राय: धर्मकर्म नै गरिरहिन् । उनले साहित्य, कला र संस्कृतिका फाँटमा विशेष किसिमले आफ्नो मन, वचन र कर्म रोपेकी थिइन् । त्यसै क्रममा उनले विभिन्न मठमन्दिरमा चढाएका वस्तुहरू यस प्रकार छन् :

(१) ललितत्रिपुरसुन्दरीले गोरखनाथलाई खुसी तुल्याउन १८६९ सालमा गोरखास्थित गोरखनाथलाई घण्टा चढाएकी थिइन् । (२) ललितत्रिपुरसुन्दरीले गोरखामा गोरखकाली गुठीको स्थापना गरेकी थिइन् । (३) १८८० सालमा गुह्येश्वरीको सिंहस्तम्भमा ललितत्रिपुरसुन्दरीको स्तम्भाभिलेख भएको बेहोराअनुसार उनले गुह्येश्वरी मन्दिरमा 'सिंह' चढाएकी थिइन् । (४) ललितत्रिपुरसुन्दरीले

पशुपतिनाथको देवल गुठी बनाएकी थिइन् । (५) ललितत्रिपुरसुन्दरीले पशुपतिनाथको मन्दिरमा सुन र चाँदीको ढोका राख्न लगाएकी थिइन् । (६) ललितत्रिपुरसुन्दरीले रिडीघाटमा 'सत्येश्वर महादेव'को मन्दिर बनाउन लगाएकी थिइन् । 'सत्येश्वर महादेव' भएको रिडीघाट पाल्पा जिल्लामा पर्दछ । नेपाली साहित्य नारीरत्न भागीरथी श्रेष्ठका अनुसार पछिल्ला दिनमा 'सत्येश्वर महादेव'को मन्दिर सिन्धुपाल्चोकका थापाहरूले गुठी राखेर चलाउँदै आए । (७) ललितत्रिपुरसुन्दरीले १८८८ सालमा श्रीपशुपति प्रीतिनिमित्त भनेर तीन सय धार्नीको धातुको घण्टा चढाएकी थिइन् ।

# ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ

भारतको काशीमा जम्मा तेइस हजारजति मन्दिर छन् । यहीँबाट बग्ने गङ्गा नदी काशीको महत्त्वपूर्ण आकर्षण मानिन्छ । भागीरथी गङ्गा नदीको माऊ अथवा भनौं, केन्द्रीय भाग धनुजस्तै भएर गुलेलीको आकारमा रहेको छ । त्यसैले त्यो काशीकै एउटा आकर्षक, लोभिलो र मनमुग्धकारी ठाउँ मानिन्छ । साथै त्यो भाग विश्वनाथ मन्दिको पनि छेउ पर्दछ । त्यसैले यसै क्षेत्रको केही भाग नेपालका राजा रणबहादुर शाहले काशी नरेशबाट प्राप्त गरेका थिए । त्यो ठाउँ लिएपछि शाहले त्यहाँ नेपालीघाट निर्माण गर्नुका साथै मठ, मन्दिर र धर्मशाला बनाएका थिए । पछि नेपालीघाटलाई उनकी रानी ललितत्रिपुरसुन्दरीले जीर्णोद्धारद्वारा अऊ परिष्कृत गर्नका साथै मठ, मन्दिर र धर्मशाला बनाएकी थिइन् । त्यसपछि त्यही नेपालीघाटलाई ललिताघाट[१] भन्न थालियो । बनारस हिन्दु

---

१. ललिताघाटबारेको शिलालेख :

**ललिताघाट**

मां गंगा के पावन तट पर मीरघाट एवं जलाओ नी घाट के मध्य ललिता तीर्थ तथा घाट के ऊपर गली मे ललितादेवीका मन्दिर (डी 1/66) होने से इस घाट का नाम लातिताघाट हुआ । बीसवी सदी ई के आरम्भ तक यह घाट तीन भागों में क्रमश: नेपाली घाट ललिता घाट एवं राजराजेश्वरी घाटके नाम से जाना जाता था । कालान्तर में नेपाली एवं राजराजेश्वरी घाटों का स्वतंत्र अस्तित्व समाप्त होगया । घाट पर स्थित प्रमुख भवनों में सिद्धिगिरि मठ (डी 1/58) उमराबगिरि मत (सीके 10/35) मोक्ष भवन तथा नेपाल के राजा द्वारा निर्मित नेपाली काठी (काष्ठ निर्मित) मुरव्य है एव प्रमुख मन्दिरों में ललिता देवी तथा राजराजेश्वरी (पौगोडा शैली) मन्दिर है । काशी में स्थित नेपाली मंदिर पशुपति नाथ मंदिर (काठमांडू नेपाल) का प्रतीक है ।
सौजन्य से : उ.प्र.पर्यटन, वाराणसी ।

विश्वविद्यालयको सङ्ग्रहालयमा टाँगिएको विशाल तैलचित्रमा समेत ललिताघाटको नाउँ र स्थान कोरिएको छ । रणबहादुर शाहले काशी नरेशबाट यो ठाउँ प्राप्त गरेपछि ललिताघाट क्षेत्र नेपाल राष्ट्रकै अधिनमा रहिआएको छ ।

काशी भन्नु एउटा प्राचीन, पौराणिक र पुण्य स्थल मानिन्छ । स्कन्ध पुराणमा समेत 'काशी खण्ड' भनेर विशेष पाठ खोलिएको छ । काशीमा दैवको विशेष कृपा पनि रहेको भनिन्छ । किनभने काशीमा अहिलेसम्म भूकम्प गएको छैन । यस ठाउँलाई भूकम्प निरोधक मानिन्छ । 'महादेवको त्रिशूलमाथि यो सहर अडिएकाले यसलाई भूकम्पको असर नपरेको किंवदन्ती छ ।'[२]

काशी मठमन्दिरको सहरका रूपमा नै प्रसिद्ध छ । काशीको ललिताघाट क्षेत्रअन्तर्गत रणबहादुर शाह, उनका रानीहरू र छोरानातिद्वारा धर्मशालालगायत मठमन्दिरहरू निर्माण गरिएका थिए । त्यहाँ प्रमुख रूपमा रहेका मन्दिरहरू हुन्– १. ललितागौरी मन्दिर, २. विष्णुलक्ष्मी मन्दिर, ३. रणमुक्तेश्वर मन्दिर, ४. साम्राज्येश्वर पशुपतिनाथ मन्दिर, ५. राजराजेश्वरी मन्दिर, ६. गङ्गाआदित्य महादेव मन्दिर, ७. गङ्गादेवी मन्दिर । साथै त्यसै ठाउँमा एउटा 'नेपाली धर्मशाला' पनि बनाइयो । नेपाली शैलीको कलात्मक त्यो धर्मशाला काशीकै एउटा विशेष आकर्षण पनि मानिन्छ ।

ललिताघाटदेखि सीधै माथि सुप्रसिद्ध काशी विश्वनाथ मन्दिर विराजमान छन् । सोही मन्दिरमा अनवरत रूपमा चढाइएको दूध, जल र महलगायत सम्पूर्ण पञ्चामृतजन्य पवित्र तरल पदार्थ बगेर ललिताघाट हुँदै भागीरथी गङ्गामा समाहित हुन्छ । त्यसैले ललिताघाटलाई पवित्र घाट मानिएको छ । साथै यस घाटमा चाहिँ शव दाह पनि गरिँदैन ।

ललितत्रिपुरसुन्दरी धर्मकर्ममा खुबै रुचि राख्थिन् । सनातन हिन्दूधर्मप्रति उनको प्रगाढ श्रद्धा थियो । श्री ५ रणबहादुर शाहको

२. गोपाल झा **प्राचीन नेपाल**, पुरातत्त्व विभाग (असार २०६५) ।

हत्यापछि उनको मोक्षका लागि धर्मकर्म गर्न ललितत्रिपुरसुन्दरी संवत् १८६९ मा काशी गएकी थिइन् । उनले काशीको ललिताघाटको मर्मत, सम्भार र विकासका अतिरिक्त त्यस क्षेत्रमा केही मन्दिर, देवदेवल र धर्मशाला आदिको स्थापना गरेकी थिइन् । त्यही ठाउँमा उनले रणमुक्तेश्वर महादेव, विष्णुलक्ष्मी र गौरीको पनि प्रतिमा थापिन् । उनैले ती प्रतिमाको पनि प्राणप्रतिष्ठा गराएकी थिइन् । पछि गौरीसँग उनको समेत नाउँ जोडेर मन्दिरका पुजारी र भक्तहरूले 'ललितागौरी'का नाउँमा पूजा गर्न थाले र त्यो रीत अझै कायमै छ । विष्णुलक्ष्मीका प्रतिमाको स्वरूपचाहिँ विष्णु आराम गर्न ढल्केका र लक्ष्मीले विष्णुको पाउ समाएकी छिन् ।


विष्णुलक्ष्मी

साउन, भदौ महिनामा गङ्गामा आउने बाढीले देवीदेउता छोपिने भएकाले नित्य पूजाका लागि ललितागौरी मन्दिरकै छतमा रणमुक्तेश्वर (शिवलिङ्ग) र गौरीको पाउको पादुका स्थापना गरियो । विशेष गरेर रणबहादुर शाहको मुक्तिका लागि नै उनकी कान्छी रानीबाट रणमुक्तेश्वर महादेवको स्थापना गरिएको थियो ।


ललितागौरी मन्दिर

ललितत्रिपुरसुन्दरी झन्नै दुई वर्ष काशीमा नै बसिन् । त्यहाँ बस्ता उनले धार्मिक ज्ञान, अलौकिक शक्ति र शास्त्रका कुरा ग्रहण गरेकी थिइन् । विविध धार्मिक कृत्य गर्नुका साथै विद्वत् समुदायको अर्ती, ज्ञान र उपदेश लिएर उनी नेपाल फिरिन् । त्यस बखत उनी बाइस वर्षकी थिइन् । काशीबाट नेपाल आएर उनले 'राजधर्म'को अनुवाद गर्न थालिन् । त्यो कार्य पूरा गर्न उनलाई दस वर्ष लागेको थियो । अनि त्यही ग्रन्थ नै नेपाली नारी स्रष्टाकृत प्रथम कृति हुन गयो ।

ललितत्रिपुरसुन्दरीसँगै नेपालबाट काशी गएका रामकृष्ण दास नाउँ गरेका पुजारी थिए । ती पुजारीलाई चाहिँ त्यहींका देवीदेवलको पूजा गर्न र ललिताघाट क्षेत्रको रेखदेख गर्न रानीले काशीमै छाडेकी थिइन् । उनी त्यहाँ ३२ वर्षजति बसे । त्यसपछि त्यस कार्यका लागि हीरालाल झा, श्रीराम परशुराम वैद्य, प्रयागराज कपरदार खटिएका थिए । नेपाल सरकारले उनीहरूलाई काशीमै तलबी पुजारी र कारिन्दाको काम दिएको थियो । साथै त्यसपछि पनि ललिताघाटका नेपाली पुजारी र सेवकलाई नेपाल सरकारले तलबभत्ता प्रदान गर्दै आएको छ ।

ललितागौरी मन्दिरको छतमा रणमुक्तेश्वर महादेव अथवा तीनओटा शिवलिङ्ग र ललितागौरी माताको चरणको शिला रहेको ठाउँको अतिक्रमण हुन थाल्यो । त्यस ठाउँमा सिमेन्टको छाना लगाई उक्त मन्दिरलाई अनाधिकृत रूपमा आवासमा परिणत गरिएको पाइयो । अन्वेषक गोपाल झाका अनुसार 'ललितादेवी मन्दिरमाथि मौनीबाबाको मठ निर्माण भयो ।'[३] त्यस ठाउँमा सिद्धबाबा भनिने तिनै मौनीबाबाले आफ्नो आसन जमाउन थाले । यति हुँदाहुँदै पनि रणमुक्तेश्वर महादेव र गौरी माताको चरणको पूजा यथावतै हुँदै आएको थियो ।



ललितागौरीको पाउ

उमेरकै कारण मौनीबाबा अशक्त हुँदै गए । त्यसै कालखण्डमा उनी बिरामी भए । अनि उनको सेवार्थ स्थानीय थानाचोकवरिपरि बालुवा बोकेर जीविका गर्दै आएका ज्यामी गुलाब यादव भित्रिएका थिए । यादव भित्रिएको केही दिनमा नै मौनीबाबाले निर्वाण प्राप्त गरे । त्यसपछि यादव त्यस ठाउँको हर्ताकर्ता बने । श्री साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)का प्रबन्धक रोहित ढकालका

३. गोपाल झा **प्राचीन नेपाल**, पुरातत्त्व विभाग (असार २०६५) ।

अनुसार 'संवत् २०४० देखि यादवले त्यस ठाउँलाई पूर्ण रूपमा आफ्नै अधिनमा राखे ।' साथै त्यहाँ उनले जनसाधरणलाई जान र पूजा गर्नसमेत रोक लगाइदिए । त्यति मात्र होइन, त्यस ठाउँलाई आफ्नो स्वामित्व देखाउन गुलाब यादव युद्धस्तरमा लागे ।[४] यस युद्धको विजयका लागि उनले ललिताघाटका पुराना पुजारी श्रीरामपरशुराम वैद्यलाई जालझेल र प्रपञ्च गरेर आफ्नो बुबा बनाए । उत्तरप्रदेश सरकार, वाराणसीस्थित कार्यालयका कर्मचारीलाई लोभानीपापानी गरेर त्यही अड्डाबाट आफ्नो बुबा श्रीरामपरशुराम वैद्य भारतीय हुन् र २०५८ साल माघ १७ गते बनारसमा नै उनको निधन भएको हो भनेर उनले प्रमाणपत्र पनि लिए ।[५] त्यसपछि बुबाको जेथा भनेर उनले ललिताघाटस्थित ललितागौरीको चरण मन्दिर र रणमुक्तेश्वर मन्दिरको धनीपूर्जा आफ्ना नाउँमा लिए । कर्मचारीसँग मिलीभगत गरेर उनले अनैतिक काम नै गरे । वास्तवमा उनले आफ्नै बुबा भनेर हकदाबी गरेका वैद्यचाहिँ नेपालको ललितपुर सानेपामा संवत् १९१५ वैशाख १४ गते जन्मी २००४ असोज ११ गते आफ्नै घरमा स्वर्गीय भएका थिए ।[६]

नेपाल राष्ट्रकै अधीनमा रहेको ललिताघाटको ललितादेवी मन्दिरमाथिको भागलाई अनधिकृत रूपमा गुलाब यादवले कब्जा

४. साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)ले सन् २०१७ मई २९ मा भारतीय नेपाली दूतावासलाई लेखेको पत्रअनुसार ललितागौरीको मन्दिर मात्र नभएर त्यो क्षेत्र नै कब्जा गर्ने गुलाब यादवको ध्येय रहेको पाइन्छ । पत्रमा उल्लेख भएअनुसार– '...श्री गुलाब यादव ... विस्तारै मन्दिर, धर्मशाला एवम् वृद्धाश्रम कब्जा गर्ने तरखरमा छन् । ... यहाँको अवस्था भयावह छ ... ।'

५. उत्तरप्रदेश सरकारबाट ३० जनवरी २००२ (२०५८ माघ १७ गते) श्रीरामपरशुराम वैद्यको भारतमा मृत्यु भएको प्रमाणपत्र ।

६. नेपाल सरकार, पुरातत्त्व विभाग, हनुमानढोका दरबार हेरचाह अड्डा र गुठी संस्थान, केन्द्रीय लगत तथा अभिलेख शाखा कार्यालयबाट २७-९-१९४७ (२००४ असोज ११ गते) श्रीरामपरशुराम वैद्यको नेपालमा मृत्यु भएको अभिलेख ।

गरेपछि यसै बेहोरालाई खामेर यादवलाई त्यहाँबाट धपाउन ललिताघाट क्षेत्रका क्षेत्राधीश स्वामी ओमकारानन्द गिरीले बनारसको रजिस्ट्रार कार्यालयसमक्ष पनि अनुरोध गरे ।[७]

गुलाब यादवले लामालामा दारी, जुँगा पाले । अनि उनले ललिताघाटमा गजानन्द सरस्वती भनेर आफूलाई परिचित गराउन थाले । पूर्ण रूपमा आसन जमाएपछि तिनले ऐतिहासिक र सांस्कृतिक शिवलिङ्ग वा रणमुक्तेश्वर महादेव र ललितागौरीको चरणको शिला कसैलाई चियाउनसम्म पनि दिएनन् । यदि कसैले त्यस ठाउँमा गएर 'के छ, हेर्छु' भन्यो भने यादवले एउटा बडेमाको त्रिशूल देखाउँदै त्यसैले ऊटारो हान्ने झैँ गरेर तर्साएर खेदाउने गर्छन् । यादवको त्यस्तो डरमर्दो कृत्य सुनेरै पनि त्यहाँ रहेको पुरातात्त्विक शिला हेर्न नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई (नइ) त्यस मन्दिरमा पुगे । त्यति बेला बिहानको समय थियो र यादव मन्दिर प्राङ्गणमा व्यायाम गरिरहेका थिए । त्यसै बखत यादवसमक्ष नइ बोले– 'हामी बाबाको दर्शन गर्न नेपालबाट आएका हौँ ।' तिनले जङ्गेर नइलाई भनेका थिए– 'यहाँ किन आइस् ? तुरुन्त भाग् ! भाग् !! नत्र तिमीहरूलाई मारिदिन्छु ।'

रणमुक्तेश्वर महादेव र ललितागौरी माताको चरणको शिलाको तस्बिर खिच्न नइले बनारस बसाइमा अनेक प्रकारका जुक्ति ख्याइरह्यो । प्रयास गरेको पाँचौँ दिनमा उनीहरूले सो

---

७. वाराणसीको रजिस्ट्रार कार्यालयमा सन् २०१८ जनवरी १९ मा 'साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)बाट प्रदत्त निवेदनमा लेखिएको छ– 'ललिता घाट, दशाश्वमेध, शहर वाराणसी मित्रराष्ट्र, नेपाल की सम्पत्ति है व भारत तथा नेपाल देश के बीच साझा सांस्कृतिक पुरातात्त्विक विरासत है । जिस पर गजानन्द सरस्वती उर्फ गुलाब यादव ने नगर निगम, वाराणसी के कर्मचारियों से मिली भगत करते हुए मृतक नेपाली नागरिक श्रीरामपरशुराम वैद्य को अपना पिता बताते हुए फर्जी, जाली दस्तावेजो की कूटरचना करते हुए अवैध रूप से श्रीरामपरशुराम वैद्य का मृत्यु प्रमाणपत्र बनवा लिया है ... ।'

कार्यमा सफलता प्राप्त गरे । गुलाब यादवका कारिन्दा शेखरनाथउपर साम, दाम र भेदको नीतिअनुरूप लक्षित कार्य गर्न नइ सफल



रणमुक्तेश्वर महादेव

भए । भनौँ, शेखर आर्थिक प्रलोभनमा परे । तसर्थ यादव ध्यानमा बसेको समय पारेर नइ ती दुवै कोठाको साँचो खोलेर मन्दिरभित्र पसे । यादवले ललितागौरीको चरण रहेको मन्दिरलाई सुत्ने कोठा बनाएका रहेछन् । साथै खाटले त्यो शिला पूरै छोपेको रहेछ । अनि रणमुक्तेश्वर महादेवको मन्दिरलाई चाहिँ उनले भान्सा कोठा बनाएका रहेछन् । रणमुक्तेश्वर महादेवका एकै स्थानमा रहेका तीनओटा शिवलिङ्गमध्ये एउटा लिङ्ग उखेलिएको डाम देखिन्छ । त्यो शिला कहिले कसले उखेलेर कता पुऱ्याइएको हो त्यसबारेको कुनै सूक्ष्म जानकारी पनि पाइँदैन । त्यहाँ भित्रको अवलोकनपछि नइले गौरीको चरण भएको र रणमुक्तेश्वर महादेवको फोटो खिचे ।[८]

नइले खिचेका सबै फोटो 'साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)'लाई पनि हस्तान्तरण गरिएको थियो । समितिबाट ती फोटोहरू सम्बन्धित ठाउँहरूमा पुऱ्याइएको थियो । अनि तिनै फोटोको आधारमा गुलाब यादवबाट लुकाइएका सबै मूर्तिहरू स्थानीय प्रशासनको सहयोगबाट समितिमा

---

८. नइले खिचेको रणमुक्तेश्वर शिवलिङ्ग र ललितागौरीको पाउको चरणको फोटो हेरेपछि ललिताघाट क्षेत्रका क्षेत्राधीश तथा साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)का अध्यक्ष स्वामी ओमकारानन्द गिरी, महासचिव प्रा.डा.गोपालप्रसाद अधिकारी र प्रबन्धक रोहित ढकालले आश्चर्य मान्दै एकै स्वरमा भनेका थिए– 'यो मन्दिर सधैँ बन्द गरेर राखिएको थियो । तपाईंहरूको मन्दिर प्रवेश र तस्बिर यसरी बाहिर आउनु आश्चर्य र गौरवकै विषय रह्यो । यतिका वर्षसम्म प्रयास गर्दा पनि हामी त्यहाँ छिर्न सफल भएका थिएनौँ । साथै त्यहाँ भएका देउताको हामीसँग फोटो नै पनि थिएन । यस अर्थमा यहाँहरू काशी आउनु ठूलै उपलब्धि भएको छ । यो उपलब्धि नेपाली धर्म र संस्कृतिको अभिलेखमा अक्षुण्ण रहनेछ ।'

फिर्ता गराइएको थियो । मूर्तिहरू फिर्ता गराइएपछि गुलाब यादवलाई पनि त्यस ठाउँबाट हटाइएको थियो । त्यसपछि समितिले नरेन्द्रराज प्रसाईलाई ८ जुलाई २०२१ मा 'सम्मानित कृतज्ञता पत्र' उल्लेख गरेर सो बेहोराको जानकारी गराएको थियो ।[९]

नेपाल राष्ट्रको पुरातात्त्विक सम्पदामाथि ललिताघाट क्षेत्रमा विविध तरिकाले अतिक्रमण भइरहेको अवस्थामा यससँग निकट सम्बन्ध रहेको गुठी संस्थानले पनि यसलाई जोगाउन उचित पहल गरेको देखिएन । खास गरेर नेपाल सरकारले सनातनी सांस्कृतिक तथा धार्मिक सम्पदाको रक्षाका लागि गतिलो पहल गर्न नसक्नु नेपालका लागि दुक्ख, बिस्मात, ग्लानिको विषय हुँदै हो । ललिताघाट क्षेत्र नेपाल सरकार, संस्कृति मन्त्रालयको प्रत्यक्ष संरक्षणमा रहेको छ । नेपाल सरकारले ललिताघाट क्षेत्रको विकास, संवर्धन र सुरक्षाका लागि 'श्री साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)'को स्थापना गरेको छ । साथै त्यस संस्थालाई सरकारले नियमित रूपमा बजेट पनि पठाइरहेको छ । नेपाल सरकारले संवत् २०५६ मा उक्त समितिको अध्यक्षमा ललिताघाट क्षेत्रका क्षेत्राधीश श्री १००८ स्वामी ओमकारानन्द गिरीलाई मनोनीत गरेको थियो । त्यस संस्थाले त्यहाँको सुरक्षाका लागि नेपाल

९. ...वि.सं.२०७२ चैत २१ गते हजुर एवम् हजुरकी श्रीमती इन्दिरा प्रसाईको काशी भ्रमणबाट अतुलनीय उपलब्धि भएको छ । हजुरले गुलाब यादवले कब्जा गरेको परिसरमा देवीदेउताको फोटो खिच्नुभएको आधारमा पुलिस केस गरी त्यहाँबाट मूर्तिहरू प्राप्त गर्न समिति सफल भयो । ...यथार्थमा प्रसाई दम्पतीको काशी भ्रमण अति नै महत्त्वपूर्ण सिद्ध भयो । यदि प्रसाईज्यूद्वारा खिचेका फोटोहरू हामीलाई उपलब्ध भएका थिएनन् भने गुलाब यादवलाई मन्दिरको अंश परिसरबाट हटाउन सकिँदैन थियो । यहाँले गरेको यो पुनीत कार्य यस मन्दिरको इतिहासमा सदैव रहने छ । प्रसाई दम्पतीको आयु, आरोग्य, ऐश्वर्य, यश एवम् कीर्तिको कामनाका साथ भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दै 'श्री साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)' ललिताघाट वाराणसी कृतज्ञता ज्ञापन गर्दछ ।

सरकारलाई जति नै गुहारे पनि सरकारी पक्ष त्यति दरिलो र भरपर्दो देखिएको आधार भेटिएन ।[10]

राजा रणबहादुर शाहको परिकल्पनामा निर्मित ललिताघाट क्षेत्र हिन्दूधर्म र संस्कृतिका लागि गौरवपूर्णको स्थल हो । साथै यो ठाउँ तीर्थयात्रीका लागि थप प्रेरक र सुविधा धामसमेत बनेको छ । राजाले राखेको बीउलाई सुरक्षित उमार्न निजकी कान्छी रानीले आफ्नै कला, सीप र सौन्दर्यको एउटा ब्याड बनाएकी थिइन् । सोही ब्याडमार्फत ललिताघाट क्षेत्र थप उज्यालो हुन गयो । त्यति मात्र नभएर प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको धार्मिक तथा सांस्कृतिक योगदानको कृतिस्तम्भ नेपाल राष्ट्रमा मात्र सीमित नभएर छिमेकी मित्रराष्ट्र भारतमा समेत जनप्रिय हुनका साथै सम्मानित रूपमा परिचालित भयो ।

१०. नेपाल सरकारको पुरातत्त्व विभागले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखी साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट) ललिताघाट, वाराणसी, भारतलाई बोधार्थ दिएको बेहोराअनुसार गुलाब यादवले त्यहाँ दुक्ख दिइरहेको पाइन्थ्यो । पत्रमा 'मन्दिरपरिसरमा अवैध रूपले बस्तै आएका गजानन्द नाम गरेका व्यक्तिले मन्दिर तथा धर्मशालाका व्यवस्थापनमा अनेक प्रकारका व्यवधान खडा गर्दै धर्मशालाको व्यवस्थापनमा संलग्न व्यक्तिहरूलाई डर, धम्की देखाउँदै आएको गुनासो खुलाइएको छ । ...धर्मशाला सञ्चालक समितिका पदाधिकारीहरुलाई सुरक्षापूर्ण अनुभूति र मार्गदर्शन हुनसमेत अत्यावश्यक हुने देखिएको' लेखिएको छ । तर यसउपर सरकारी पक्षबाट केही कदम चालेको पाइएको थिएन ।

# सन्दर्भस्रोत


- **उषा ठाकुर** : विश्वनारी नेपाली समालोचना (२०७१)
- **गौतमवज्र वज्राचार्य** : हनुमानढोका राजदरबार (२०३३)
- **घटराज भट्टराई** : नेपाली लेखककोश (२०५६)
- **चित्तरञ्जन नेपाली** : श्री ५ रणबहादुर शाह (२०२०)
- **चिरञ्जीवीदत्त पाण्डे** : आलोचना (२०५२)
- **जगदीशचन्द्र रेग्मी** : शाहकालीन कला र वास्तुकला (२०३३)
- **ज्ञानमणि नेपाल** : नेपालको महाभारत (२०५०)
- **ढुण्डीराज भण्डारी** : नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास (२०४६)
- **तुलसीराम वैद्य** : नेपालको सैनिक इतिहास (२०४९)
- **दयाराम श्रेष्ठ** : नेपाली भाषासाहित्यको विकासमा शाहवंशीय देन (२०४४)
- **धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ** : पाञ्चाली शासनपद्धतिको ऐतिहासिक विवेचना (२०३५)
  : शाहकालका अभिलेख (२०३७)
- **नरेन्द्रराज प्रसाई** : नारीचुली (२०६३)
- **प्रकाश ए.राज** : कोतपर्वकी महारानी राजलक्ष्मी (२०५९)
- **बाबुराम आचार्य** : अब यस्तो कहिल्यै नहोस् (२०५८)
- **बालकृष्ण पोखरेल** : पाँच सय वर्ष (२०२०)
- **बालचन्द्र शर्मा** : नेपालको ऐतिहासिक रूपरेखा (२०३९)

- **मञ्जुतारा शाक्य** : अमृतानन्द वन्धय : व्यक्ति व कृति (२०५९) (त्रिभुवन विश्वविद्यालय, नेपाल भाषा एम्.ए. शोधपत्र)
- **मनवज्र वज्राचार्य** : नेपालको मध्यकालीन कला (२०२७)
- **मातृका गजमेर** : नारीस्रष्टाहरू : अन्तर्वार्ताहरूमा (सन् २०००)
- **रजनी ढकाल, गीता त्रिपाठी र ज्ञानु अधिकारी** : विश्वनारी नेपाली साहित्य : परम्परा र प्रवृत्ति (२०७१)
- **राजाराम सुवेदी** : प्राचीन नेपाल (२०४० फागुन चैत)
- **राजेन्द्र सुवेदी** : नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)
- **राजेश्वर थापा** : नायब महारानी ललितत्रिपुरसुन्दरीदेवी शाह (२०६०)
- **ललितत्रिपुरसुन्दरी** : राजधर्म (२०१९)
- **वाणीविलास पाण्डे** : वाग्मतीपुल (सिंहकेतु) स्तम्भ अभिलेख (१८६८)
- **शमशेरबहादुर थापा** : रणवीरसिंह थापा (२०२३)
- **शैलेन्द्र साकार** : कथामा नारी हस्ताक्षर (२०३३)
- **सुन्दरानन्द बाँडा** : त्रिरत्नसौन्दर्य गाथा (सं.धनवज्र वज्राचार्य : २०१९)
- **सुरेन्द्र केसी** : आधुनिक नेपालको राजनैतिक इतिहास (२०४८)
- **Andreas Proksch** : Images of a Century (1995)
- **Jonathan Gregson** : Massacre at the Palace (2002)
- **Prakash A. Raj** : Queens of The Shah Dynasty in Nepal (1997)

## लेखक परिचय

### नरेन्द्रराज प्रसाई

**बुबा** : जयप्रसाद प्रसाई (१९७५–२०२०)
**आमा** : भागीरथा प्रसाई (१९७६–२०६८)

**जन्म** : २०११ साल चैत २९ गते (हाङपाङ आठराई, ताप्लेजुङ)

**शिक्षा**
बीए– त्रिचन्द्र क्याम्पस

**कृति**
८६ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, लेखनसम्पादन)

**विभूषण**
- गद्दीआरोहण रजतपदक (२०५३)
- प्रबल गोरखादक्षिणबाहु (२०५७)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)

**पुरस्कार**
- जेसिस साहित्य स्वर्णपदक (२०४४)
- युवावर्ष मोती पुरस्कार (२०४९)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- उत्तमशान्ति पुरस्कार (२०६०)
- भद्र घले पुरस्कार (२०६४)

- दीपज्योति पुरस्कार (२०६७)
- देरुनीख पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (२०७१)
- भानुभक्त स्वर्णपदक (२०७१)
- भारती खरेल पुरस्कार (२०७३)

**बडापत्र**

- चाँदनी शाह (२०४३)
- चाँदनी शाह (२०४४)

**भ्रमण**

- १४ अञ्चलका ६१ जिल्ला
- भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका;

**परिकल्पना तथा प्रबन्धन**

- बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
- डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०)
- देवकोटा शताब्दी महोत्सव (२०६५)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
- विश्व नारी नेपाली साहित्य सम्मेलन (२०७१)
- भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
- डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि (२०७१)
- डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४)
- प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि (२०७७) आदि;

**संस्थापक तथा सदस्यसचिव**

- नइ प्रकाशन (२०५२)
- त्रिमूर्ति निकेतन (२०५९)
- वानीरा फाउन्डेसन (२०७६)

## कृति

### जीवनी

१. अठतीस अनौठा अनुहारहरू (२०४१)
२. केही चर्चित अनुहारहरू (२०४२)
३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. आदिगायक सेतुराम (२०६०)
९. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१०. कोइलीदेवीको जिन्दगानी (२०६१)
११. नारीचुली (२०६३)
१२. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१३. कीर्तिबाबु (२०६६)
१४. देवकोटाको जीवनशैली (२०६६)
१५. महाकवि देवकोटा (२०६६)
१६. त्रिमूर्ति (२०६९)
१७. रोहितको आकृति (२०६९)
१८. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी (२०७०)
१९. त्रिनारी रत्न (२०७१)
२०. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२१. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२२. सूधपा (२०७३)
२३. मेरी आमा भागीरथा प्रसाई (२०७६)
२४. शताब्दी पुरुषको सय वर्ष (२०७६)
२५. ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान (२०७८)
२६. झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी (२०७८)

**निबन्ध**

१. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)
२. मेरो मोती पुरस्कार (२०४९)
३. जनप्रियताको नाप (२०५३)
४. अक्षरको प्रदर्शनी (२०५५)
५. नमस्कार (२०५८)
६. ठाँगे उक्लेपछि (२०६०)
७. रेलको रमाइलो (२०६१)
८. सहोदरी ठुङ (२०६२)
९. प्रिय इन्दिरा (२०६२)

**प्रबन्ध र समीक्षा**

१. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
२. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)
३. श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४. राजसंस्था र नेपाली जनता (२०५९)
५. देवकोटाका कृति (२०६६)

**गीत**

१. मेरो मनको देउराली (२०४६)
२. पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

१. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
२. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

१. सामाजिक सेवाको नालीबेली (२०४५)
२. नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

१. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)

२. चाँदनी शाहका रचना (२०४३)

३. ज्ञानज्योति (२०४९)

४. अरुणा लामा : कथा र व्यथा (२०५०)

५. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)

**इन्दिरा प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**इन्दिरा प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सृजना र समीक्षा (२०५२)

२. पौरखी पुरुष (२०५२)

३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)

४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)

५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)

६. भूपाल अर्चना (२०५५)

७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)

८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)

९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)

१०. सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८)

११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)

१२. कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)

१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)

१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)

१५. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)

१६. विश्व नारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)

१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)

१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)

१९. कवितामा वानीरा (२०७१)
२०. विश्व नारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. कवितामा घटराज (२०७४)
२२. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष  (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानु विमर्श (२०७२)

**अङ्ग्रेजी भाषा**

1. A biography of Parijat (Translation by Shampo Lama : 2003)
2. A biography of Bangdel (Translation by Shampo Lama : 2003)
3. The Summit of Women Writers (Faces with Introduction : Drawings by Indra Khatri : 2007)
4. Scaling Thange (Travelogue, Translation by Namita Singh : 2017)
5. A biography of Devkota (Translation by Anukritika : 2017)
6. A biography of Dr.Satya Mohan Joshi (Translation by Anu Raj Joshi : 2017)
7. A biography of Bhagiratha Prasai (Translation by Dr. Kanchanjunga Prasai : 2021)
8. A biography of Dr.Banira Giri (Translation by Durga Banwasi : 2021)
9. A biography of Century Person (Translation by Anu Raj Joshi : 2021)

**नेवारी भाषा**

१. वाङ्मय शताब्दी पुरुष (अनुवादक– अणुराज जोशी : २०७८)

**पत्रिका सम्पादन**

१. कुटुम्ब साप्ताहिक (२०३९–२०४३)
२. उपकार त्रैमासिक (२०४३–२०४७)

३. प्रज्ञापत्र मासिक (२०५३–२०५५)
४. भानुमोती वार्षिक (२०५६–२०६३)

**श्रव्य सिडी**

१. मिर्मिरेमा तिमीलाई (गीतिक्यासेट : २०४७)
२. यो मनले रोजेको छ (गीतिसिडी : २०५०)
३. हाँसीहाँसी जलिरहें (गीतिक्यासेट : २०५५)
४. कस्तो गरी माया बस्यो (गीतिक्यासेट : २०५६)
५. शिखा (गीतिक्यासेट : २०५७)
६. जुनी (गीतिसीडी : २०५८)
७. देवकोटाको जीवनशैली (जीवनी : २०६६)

**फुटकर**

८०० जति फुटकर लेखरचना प्रकाशित

**नरेन्द्रराज प्रसाईबारे लेखिएका मुख्य कृति**

- प्रा.डा.वासुदेव त्रिपाठी

१. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)
२. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

- प्रा.राजेन्द्र सुवेदी

१. नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

- इन्दिरा प्रसाई

१. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (सम्पादन : २०७२)

**• नरेन्द्रराज प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

१. गीता बारकोटी : नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०६५)
२. सन्तोष खरेल : नरेन्द्रराज प्रसाईका गीतिप्रवृत्ति (२०७८)